# तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्ति पीठ क्षेत्रको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको
प्रयोजनका निमित्त प्रस्तुत

## शोधपत्र

प्रस्तोता
सरिता पाठक (खड्का)

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
२०६४

# शोधनिर्देशकको सिफारिस पत्र

श्री सरिता पाठक (खड्का) ले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आँशिक परिपूर्तिका निम्ति "तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको सांस्कृतिक अध्ययन" शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको हो । म नीजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र परीक्षण मूल्याङ्कनको निमित्त सिफारिश गर्दछु ।

डा.धन बहादुर कुँवर
सह-प्राध्यापक
शोध निर्देशक

मिति :

# कृतज्ञता ज्ञापन

प्रस्तुत "तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको सांस्कृतिक अध्ययन" शीर्षक शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग पाठ्यक्रम अन्तर्गत प्रस्तुत गरी दशौं पत्रको आंशिक परिपूर्तिको लागि तयार पारेकी छु ।

शोधपत्रको क्रममा स्वीकृतिदेखि अन्तसम्म शोधनिर्देशकले जिम्मेवारीसहित हरहमेसा उचित सल्लाह सुझाव दिई मेरो कमी कमजोरीलाई सच्च्चाई आफ्नो व्यस्तताको वाबजुत पनि समय उपलव्ध गराई निर्देशकको भूमिका निभाई दिनु भएकोमा आदरणीय गुरुवर डा. धनवहादुर कुँवर प्रति कृतज्ञता प्रकट गर्दछु । यो शोधपत्र तयारी पार्ने क्रममा विभिन्न महानुभावहरुबाट आवश्यक सल्लाह, सुझाव, सन्देश र प्रेरणा प्राप्त गरेकी छु । त्यसैले उहाँहरुप्रति कृतज्ञताज्ञापन गर्नु मेरो पहिलो कर्तव्य ठानेकी छु । प्रस्तुत शोधपत्र नीति नियम निर्देशनको साथै अनुसन्धान गर्न स्वीकृति दिनेहुने श्रद्धेय गुरु विभागीय प्रमुख प्रा.डा.पेशल दाहालज्यू, प्रा.डा. दिनेशचन्द रेग्मी, प्रा. डा. प्रेमकुमार खत्रीज्यू र डा. वीणा पौड्यालज्यू प्रति म आभार व्यक्त गर्दछु । साथै सँस्कृति विषय पढाई मलाई शिक्षा दिनुहुने विभागका सम्पूर्ण गुरुज्यू र कर्मचारीहरुप्रति म कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा सहयोग, सल्लाह र जानकारी गा.वि.स. का स्थानीय वासिन्दा र सतुंगलका धर्मरत्न श्रेष्ठप्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्र तयार गर्न मद्दत गर्ने मेरो श्रीमान राजकुमार पाठक प्रति म निकै आभारी छु । मेरो यस शोधपत्र अध्ययनको क्रममा सहयोग गर्ने रमेश खड्का र साथीहरु प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो शोधपत्र सिकारु अध्ययनकर्ताको सिकारु प्रयास भएकोले यसमा थुप्रै कमीकमजोरी हुन सक्ला तर यो मेरो अध्ययन क्रमको पहिलो खुड्किलो भएको हुनाले त्यसलाई आफ्नो कमजोरी स्वीकार गर्दै म यस शोधपत्रलाई मूल्याङ्कनसहित स्वीकृतिका लागि नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

सरिता पाठक (खड्का)

# विषय–सूची


| | | पृष्ठसंख्या |
|---|---|---|
| **पहिलो अध्यायः अनुसन्धान परिचय** | | **१-७** |
| १.१ | प्रस्तावना | १ |
| १.२. | परिचय | ३ |
| १.३ | अनुसन्धानको उद्देश्य | ३ |
| १.४ | अध्ययनको महत्व | ३ |
| १.५ | अध्ययनको सीमा | ४ |
| १.६ | अध्ययन विधि | ३-४ |
| १.७ | पूर्वकार्य समीक्षा | ४-६ |
| १.८ | अध्ययनको रुपरेखा | ७ |
| **दोस्रो अध्याय : तीनथाना क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय** | | **८-२०** |
| २.१ | तीनथाना गा.वि.स. को उपस्थिति | ९-१० |
| २.२ | तीनथाना गा.वि.स. को ऐतिहासिकता | ११-१९ |
| २.३ | तीनथाना गा.वि.स. मा बसोवास गर्ने जातजातीको सामान्य परिचय | १८-२० |
| **तेस्रो अध्यायः सामाजिक तथा आर्थिक जन-जीवन** | | **२१-२६** |
| ३.१ | जात जातिहरु | २१ |
| ३.२ | शिक्षा–पेशा | २३ |
| ३.३ | भाषा धर्म | २४ |
| ३.४ | प्रचलित चाडपर्वहरु | २५-२६ |
| **चौथो अध्यायः शाक्त धर्मको प्राचिनता र श्री विष्णुदेवी मन्दिर** | | **२७-५८** |
| ४.१ | शाक्त धर्मको प्राचीनता | २७-२८ |
| ४.१.१ | नेपालमा शाक्त धर्म | २९-३४ |
| ४.२ | श्री विष्णुदेवी मन्दिरको उत्भव | ३४-३७ |
| ४.३ | श्री विष्णुदेवी मन्दिरसँग सम्बन्धित चाडपर्व र जात्राहरु | ३७-३९ |
| ४.४ | श्री विष्णुदेवी मन्दिरको कला र वास्तुकला | ३९-४२ |
| ४.५ | श्री विष्णुदेवीमा मनाइने जात्रा | ४२-५३ |

४.६. श्री विष्णुदेवी मन्दिरको धार्मिक महत्व ५३-५५
४.७ श्री विष्णुदेवी मन्दिरमा गरिने पूजा विधि ५५-५७

**पाँचौ अध्याय: श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा रहेका प्राचीन मूर्ति र जात्राहरु ५९-७९**

५.१ सप्तमातृकाहरु ५९-६४
५.२ पञ्चमुखी शिवलिङ्ग ६४-६७
५.३ सरस्वती ६७-७१
५.४ उमा महेश्वर मूर्ति ७१-६४
५.४ पार्वती मूर्ति ७४-७६
५.५ पाप धर्मको द्वार ७६-७७
५.६ उत्तर गया नदी ७७
५.७ नारद गुफा ७८-७९

**छैठौं अध्याय: उपसंहार, सन्दर्भग्रन्थ ८०-८३**

६.१ उपसंहार ८१–८३

सन्दर्भग्रन्थ सूची

**परिशिष्ट**

अनुसन्धानात्मक नमूना प्रश्नहरु
अन्तवार्ता लिएका व्यक्तिको नामावली

# चित्रफलक सूची

१)   श्री विष्णुदेवी मूर्ति

२)   श्री विष्णुदेवी मन्दिर

३)   सातगाउँ जात्रामा रथ वोक्दै

४)   श्री विष्णुदेवीको गरगहना मुकुट र सरसामान वोक्दै पूजारी

५)   वल्खुका सप्तमातृकाहरु

६)   पञ्चमुखी शिवलिङ्ग

७)   सरस्वती

८)   उमामहेश्वर

९)   पार्वती

१०)   पापधर्मको द्वार

११)   उत्तरगया नदी

१२)   सरस्वती भोजमा रमाइलो गर्दै

# सन्दर्भग्रन्थ सूची

**अप्रकाशित शोधपत्रहरू**

थापा, लिल्ली, **सतुंगल गा.वि.स. को सांस्कृतिक र पुरातात्विक अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र** कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि., वि.सं.२०६१ ।

न्यौपाने, कल्पना, **भक्तपुरको तुलजा भवानीको ऐतिहासिक र सांस्कृतिक अध्ययनको महत्व, अप्रकाशित स्नाकोत्तर शोधपत्र,** कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि., वि.सं. २०६३ ।

श्रेष्ठ, सुनिता, **टेकु पचली भैरव क्षेत्रको सांस्कृतिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुरः, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि. वि.सं. २०४९ ।

**प्रकाशित कृतिहरू**

के.सी, सुरेन्द्र, **प्राचीन तथा मध्यकालिन इतिहास**, काठमाण्डौंः पौरखी प्रकाशन, वि.सं. २०५५ ।

केन्द्रिय तथ्याङ्क विभाग, **जनगणना २०५८,** काठमाडौ.ः थापाथली, वि.सं. २०५८ ।

खत्री, प्रेमकुमार, **नेपालको धार्मिक मत र सामाजिक संरचना,** काठमाडौः एम के पब्लिशर्स एण्ड डिष्ट्रिवुटर्स, वि.सं. २०५६ ।

खनाल, मोहन, **नेपाली कला,** काठमाडौंः साझा प्रकाशन, वि.सं.२०५२ ।

जोशी, हरिराम, **नेपालको प्राचीन अभिलेख,** काठमाडौंः राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३१ ।

जोशी, हरिराम, **हिन्दू देवीदेवता**, काठमाडौंः श्री ५ को सरकार संञ्चार मन्त्रालय, वि.सं. २०४० ।

दवाडी, गौरीप्रसाद, **काठमाडौंको पश्चिमी सेरोफेरोमा रहेका अतिप्राचीन स्थलहरु** काठमाडौंः श्री विष्णुदेवी क्षेत्र संरक्षण तथा सुधार समाज, वि.सं. २०६० ।

दाहाल, पेशल, **नेपालको इतिहास**, विराटनगरः, श्रीमती कमला दाहाल, वि.सं.

२०४३ ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, **नेपालको कला वास्तुकला,** काठमाडौं : एम के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स, वि.सं.२०५८ ।

देव, एस.पि., **आर्कोलोजिकल इनभेस्टिगेशन ईन नेपाल, तराई, डेभलपमेन्ट अफ आर्कोलोजी**, काठमाडौंः यच, यम, लि ई.सं.१९६४ ।

प्रधान, रुक्मिणी, **काठमाडौं उपत्यकाका सरस्वती मूर्तिहरु र पूजा परम्परा,** कीर्तिपुरः नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि., वि.सं. २०६१ ।

पृश्च, कार्ल, **काठमाडौं भ्याली, भाग २** अष्ट्रेलियाः ई. सं. १९७५ ।

पोद्दार, हनुमान प्रसाद, **कल्याण (शक्ति अङ्क)** गोरखपुरः गीताप्रेस ई. सं. १९९१ ।

पौड्याल, वीणा, **नेपाली मूर्तिकला र चित्रकला,** कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि., वि.सं. २०५७ ।

योगी, नरहरिनाथ, **हिमवत खण्ड,** काशीः योग प्रचारिणी, वि.सं. २०१३ ।

राष्ट्रिय श्रम प्रतिष्ठान, **जिल्लाको गा.वि.स. स्तरीय तथ्याङ्क र नक्साहरु,** ललितपुरः वि.सं. २०६१ ।

रिजाल, वाबुकृष्ण, **आर्कोलोजिकल रिमेन्स अफ कपिलवस्तु, लुम्बिनी एण्ड देवदह,** काठमाडौंः काठमाडौं एजुकेशन इन्टरनेशनल लि., ई.सं.१९७९ ।

रेग्मी, जगदीशचन्द्र, **नेपालको धार्मिक इतिहास,** काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं. २०३९ ।

रेग्मी, जगदीशचन्द्र, **लिच्छवि संस्कृति,** कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. वि.सं. २०३० ।

वाङ्देल, लैनसिंह, **नेपालको प्राचीन मूर्तिकलाको इतिहास,** काठमाडौंः नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३९ ।

वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख,** कीर्तिपुरः ने.एः अः केन्द्र त्रि.वि. वि.सं.

२०३० ।

वनर्जी, जे. एन, **डेभलपमेन्ट अफ हिन्दु आइकोनोग्राफी,** भारतः ई. सं. १९७४ ।

**विष्णुदेवी स्मारिका**, काठमाडौंः श्री विष्णुदेवी क्षेत्र संरक्षण सुधार समाज, वि.सं. २०६३ ।

शर्मा, डिल्लीराज, **पश्चिमी नेपालको मूर्ति तथा वास्तुकला,** काठमाडौंः ने.ए.अ.केन्द्र त्रि.वि., २०५८ ।

क्षेत्री, गणेश, खतिवडा, सोमप्रसाद, **हिन्दु समाज र धर्म,** विराटनगरः शिव प्रकाशन, वि.सं. २०५४ ।

श्रीवास्तव वज्रभूषण, **प्राचीन भारतीय प्रतिमा चित्र एवं मूर्तिकला,** भारतः वाराणसी विश्वविद्यालय, वि.सं. १९६० ।

**श्री ५ को सरकार मेचीदेखि महाकाली भाग १ र २** काठमाडौंः सूचना विभाग, वि.सं. २०३१ ।

श्रेष्ठ, पुरुषोतमलोचन, **प्राचीन नेपाल,** काठमाडौंः पुरातत्व विभाग, वि.सं.२०६१ ।

श्रेष्ठ, पुरुषोतमलोचन, **भक्तपुरको नवदुर्गा गण,** भक्तपुरः बविता श्रेष्ठ, वि.सं. २०६० ।

श्रेष्ठ, रेवतीनन्द, **भगवान शंकर,** काठमाडौंः राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०४५ ।

श्रेष्ठ, शुक्रसागर, **कीर्तिपुरको पुरातात्विक इतिहास,** कीर्तिपुरः ने.एःअ. केन्द्र, त्रि.वि. वि.सं.२०५७ ।

सुवेदी, राजाराम, **नेपालको तथ्य इतिहास,** काठमाडौंः साझा प्रकाशन, वि.सं.२०६१ ।

# परिशिष्ट 'क'

## अन्तवार्तामा सोधिएका केही अनुसन्धानात्मक नमूना प्रश्नहरु

१) यहाँको नाम, वर्ष र ठेगाना वताई दिनु हुन्छ कि ?

२) तीनथाना क्षेत्रको नामाकरण तथा ऐतिहासिकता वारे जानेबुझेको र सुनेका कुराहरु बताई दिनुहुन्छ कि ?

३) पुरातात्विक स्थल तथा वस्तुहरु भन्नाले के बुझ्नु हुन्छ वताईदिनु हुन्छ कि ?

४) श्री विष्णुदेवी क्षेत्रमा रहेका सांस्कृतिक र पुरातात्विक महत्व वोकेका अवशेषवारे वताई दिनुहुन्छ कि ?

५) विष्णुदेवीको शिला, मन्दिरको उत्पत्ती र नामाकरण सम्बन्धी जानकारी दिनु हुन्छ  कि ?

६) यस श्री विष्णुदेवी मन्दिरको जिर्णोद्वार र पुनः निर्माणको सम्वन्धमा जानकारी दिनु हुन्छ कि ?

७) यस क्षेत्रमा मनाइने चाडपर्व मेला र जात्राबारे वताईदिनु हुन्छ कि ?

८) यस श्री विष्णुदेवी मन्दिरको धार्मिक महत्व र विश्वासबारे वताइदिनु हुन्छ कि ?

९) मन्दिरको कला–वास्तुकला वारे केही थाहा छ कि वनाईदिन हुन्छ कि ?

१०) सातगाउँको जात्रावारे केही वताई दिनुहुन्छ कि  ?

११) सातगाउँको जात्रावारे केही थाहा छ कि बताईदिनु हुन्छ कि ?

१२) यस क्षेत्रका प्राचीन समयदेखि नै प्रख्यात तीर्थस्थल थियो भन्ने कुरामा केही थाहा छ कि ?

१३) यस क्षेत्रमा रहेका प्राकृतिक स्थलहरुको वारेमा केही कुरा वताइदिनु हुन्छ कि ?

१४) यहाँको अन्य मूर्तिहरुको वारेमा वताईदिनु हुन्छ कि ?

१५) यहाँको पवित्र नदीको वारेमा वताइदिनु हुन्छ कि ?

१६) यस क्षेत्रलाई पुरातात्विक एवं सांस्कृतिक क्षेत्रको रुपमा विकास गर्न के गर्नुपर्ने देखिन्छ वताइदिनु हुन्छ कि ?

१७) यो मन्दिर कति वडा नम्बरमा पर्दछ वताईदिनु हुन्छ कि ?

१८) जीर्ण अवस्थामा रहेका अति प्राचीन मूर्तिहरुको संरक्षण गर्न के कस्ता उपायहरु अपनाउनु पर्ला वताईदिनु हुन्छ कि ?

१९) यो मन्दिर कहिले जिर्णोद्वार भएको हो ? यसको प्राचीन स्वरुप वारे वताईदिनु हुन्छ कि?

२०) यहाँ रहेका अन्य सांस्कृतिक महत्व रहेको मूर्ति चोरी भएको छ छैन वताइदिनु हुन्छ कि ?

२१) यहाँको श्री विष्णुदेवी संरक्षण समितिले के कस्तो कार्य गर्दै आएको छ वताईदिनु हुन्छ कि ?

२२) यहाँका प्राचीन मूर्ति वारे वताई दिनु हुन्छ कि ?

२३) तीनथानाको नामांकरण वारे केही वताईदिनु हुन्छ कि ?

# परिशिष्ट ख

अन्तवार्ता लिएका व्यक्तिहरुको नामावली

| | |
|---|---|
| १) हरिशरण कार्की | तीनथाना |
| २) कम्लेश खड्का | तीनथाना |
| ३) कृष्ण बहादुर थापा | तीनथाना |
| ४) रत्न कुमारी थापा | तीनथाना |
| ५) बाबुकृष्ण देसार | बोसीगाउँ |
| ६) भोलानाथ न्यौपाने | तीनथाना |
| ७) कान्छा पोडे | कीर्तिपुर |
| ८) भरत भण्डारी | तीनथाना |
| ९) कृष्ण महर्जन | नयाँ नैकाप |
| १०) सन्तलाल प्रधान | सतुंगल |
| ११) न्हुँच्छेबहादुर श्रेष्ठ | सतुंगल |
| १२) आसाराम श्रेष्ठ | मातातीर्थ |
| १३) महेश्वर लुइटेल | तीनथाना |
| १४) उमा दाहाल | तीनथाना |
| १५) राजाराम खड्का | तीनथाना |
| १६) कपिल थापा | तीनथाना |
| १७)जितवहादुर महर्जन | तीनथाना |
| १८) वसन्त थापा | तीनथाना |

# पहिलो -अध्याय

## अनुसन्धान परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

काठमाडौं उपत्यकामा प्राचीनकालदेखि नै विभिन्न धर्म, रितिरिवाज, चाडपर्व, जात्रा सँस्कृति आ-आफ्नै तरिकाले अपनाउँदै आएको देखिन्छ । प्राचीनकालदेखि नै विभिन्न धर्मको महत्त्व  समय अनुसार परिवर्तनहुँदै आएको भए तापनि शाक्त धर्मको पनि आफ्नै महत्त्व  रहँदै आएको छ । यस धर्ममा विभिन्न देवी देवताहरुको पुजा उपासना पर्ने क्रममा देवीको बेग्लै महत्त्व  रहेको छ । यसै क्रममा प्राचीनकालदेखि नै महत्त्वमा रहेको श्री विष्णुदेवीको अध्ययन गर्ने उद्देश्यले शोधपत्र तयार गरिएको हो । काठमाडौंको निकै नजिक रहेको यो मन्दिरको अहिलेसम्म पनि अध्ययन अनुसन्धान नभएकोले जनसमक्ष जानकारी दिने उद्देश्यले यस श्री विष्णुदेवीमाइको अध्ययन गर्न अगाडि बढ्न आवश्यक परेको छ ।

सनातन धर्म अन्तर्गत रहेका देवीहरु मध्ये श्री विष्णुदेवी एक प्रमुख देवी हुन यो काठमाडौंको तीनथाना गा.वि.स. वडा नं. १ मा अवस्थित छ । यो मन्दिर शहिद गेटबाट करिब ७ कि.मि. दक्षिण पश्चिममा पर्दछ ।

श्री विष्णुदेवी मन्दिर क्षेत्रमा रहदै आएको विभिन्न रितिरिवाज, चाडपर्व, जात्रा, राम्ररी हेर्ने हो भने यहाँको संस्कृति उपत्यकाको इतिहासमा नै उल्लेखनीय स्थानमा राख्न सकिन्छ । यस क्षेत्रको परिसरमा निकै प्राचीन मूर्तिहरु पाइएका छन् । यस मन्दिरको चार दिशामा पूर्वमा कीर्तिपुर न.पा, पश्चिममा सतुंगल गा.वि.स. र दक्षिणमा मच्छेगाउँ गा.वि.स. र उत्तरमा नयाँ नैकाप गा.वि.स रहेको छ ।

यो मन्दिरक्षेत्रको आफ्नै ऐतिहासिकता झल्किएको छ । त्यसैकारण श्री विष्णुदेवी क्षेत्रको बढी जानकारी दिने उद्देश्यले यस मन्दिरको सांस्कृतिको बारेमा प्रकाश पार्ने उद्देश्यले साथै हालसम्म पनि यस मन्दिर क्षेत्रको अध्ययन नभएकोले यस मन्दिर अनुसन्धानको लागि छनोट गरिएको हो । प्रस्तुत शोधपत्र सांस्कृतिक महत्त्व  र देखे सुनेका सम्पूर्ण कुराहरुलाई समावेश गरिएको छ ।

### १.२ समस्या कथन

काठमाडौं उपत्यकाको प्राचीनता र इतिहासमा यस मन्दिरक्षेत्रको के कस्तो सांस्कृतिक

योगदान छ ?

(क) विष्णुदेवी क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय कस्तो रहेको छ ?

(ख) यस मन्दिरमा हुने विभिन्न पर्व र जात्राहरुको के कस्तो प्रक्रिया देख्न सकिन्छ ?

(ग) मन्दिर वरपर रहेका सांस्कृतिक सम्पदाहरुको कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

(घ) श्री विष्णुदेवी मन्दिरमा गरिने मौलिक पुजा पद्धति कसरी देख्न सकिन्छ ?

निम्न चार बुँदामा केन्द्रीत भई समस्या समाधान गर्ने प्रयास गरिने छ ।

## १.३. अनुसन्धानको उद्देश्य

श्री विष्णुदेवीको हालसम्म कसैबाट पनि अध्ययन अनुसन्धान नभएकोले यस मन्दिर क्षेत्रमा रहेका सांस्कृतिक महत्त्वका स्थल तथा मूर्तिहरुको परिचयात्मक प्रस्तुतीको साथसाथै समस्या रहेर समाधानको उपाय निकाली संरक्षण र सम्बर्धनमा विशेष जोड दिनु र सांस्कृतिक इतिहास तयार पार्न सघाउ पुऱ्याउनु यस अनुसन्धानको मुख्य उद्देश्य हो । उपरोक्त उद्देश्य पुरा गर्नका लागि यस अध्ययनले निम्न लिखित अन्य उद्देश्यहरु लिएको छ ।

(क) श्री विष्णुदेवीको क्षेत्रको भौगोलिक अवस्थिति प्रष्ट पार्नु ।

(ख) यस मन्दिर क्षेत्रको धार्मिक र सांस्कृतिक पक्षको अन्वेषण गर्नु ।

(ग) यस मन्दिरको ऐतिहासिकता प्रष्ट पार्नु ।

(घ) यहाँ गरिने परम्परागत चाड, पर्व, जात्रा, धर्म, रितिरिवाज, पुजा विधि, आदि को बारेमा अध्ययन गरी, यसको परम्परागत पक्षलाई समेत यसमा प्रष्ट पार्नु ।

## १.४. अध्ययनको महत्व

यस अध्ययनबाट यस श्री विष्णुदेवी क्षेत्रको ऐतिहासिक धार्मिक महत्त्व प्रस्तुत गर्नुको साथै यस मन्दिरको सांस्कृतिको बारेमा जानकारी लिन खोज्नेहरुका लागि केही हदसम्म सहयोग पुग्नेछ । साथै यस मन्दिर क्षेत्रमा हुने गरेको जात्रा, चाडपर्व, रितिरिवाज र परम्पराबारे प्रकाश पार्ने भएकोले यसबारे जानकारी प्राप्त गर्न सहयोग पुग्नेछ ।

त्यस कारण अनुसन्धानको विषय छानिएको श्री विष्णुदेवीको सांस्कृतिको बारेमा यथार्थता प्रकाशमा ल्याउनु नै यस अध्ययनको महत्त्व बनेको छ । अर्को महत्वपूर्ण पक्ष भनेको एम.ए. दोस्रो वर्षको आंशिक परिपूर्ति गर्नु पनि रहेको छ ।

## १.५. अध्ययनको सीमा

यस अध्ययनको सीमा र क्षेत्र निम्न लिखित रहको छ :-

(क) अध्ययन सीमा र क्षेत्र विशेष गरी श्री विष्णुदेवीक्षेत्र परिसरमा मात्र सीमित रहको छ ।

(ख) श्री विष्णुदेवी क्षेत्रका सांस्कृतिक ऐतिहासिक एवं धार्मिक महत्त्वका पक्षलाई प्रकासमा ल्याउने कोशिस गरिएको छ ।

(ग) यस अनुसन्धानमा श्री विष्णुदेवी क्षेत्रको सँस्कृतिमाथि प्रकाश पारिएको छ ।

(घ) यस मन्दिरको पुजा विधि, परम्परागत जात्रा, धर्म, चाडपर्व, रीतिरिवाज आदि बारेमा अनुसन्धान गरिएको छ । यस मध्ये महत्त्वपूर्ण जात्रा र चाडपर्वलाई विस्तृतरुपमा चर्चा गरिएको छ ।

## १.६. अध्ययन विधि

शोधपत्र लेख्ने क्रममा अध्ययनको लागि चाहिने आवश्यक सामग्रीहरु सूचनाको स्रोत संकलनको लागि प्राथमिक स्रोत र द्धितय स्रोतलाई नै मूख्य स्रोतको रुपमा लिएको छ ।

(क) प्राथमिक अध्ययनको स्रोत मूख्य रुपमा स्थलगत भएको हुँदा अध्ययनको लागि चाहिने सूचनाहरु संकलनको लागि अवलोकन विधि अपनाइएको छ ।

(ख) अवलोकनको साथै स्थानीय बासिन्दाहहरुसँग अन्तर्वार्ता पनि लिइएको

छ ।

(ग) यस मन्दिर क्षेत्रसँग सम्बन्धित विभिन्न पुस्तक र पत्रपत्रिकालाई पनि द्धितीय श्रोतको रुपमा लिइएको छ ।

(घ) विभिन्न सँस्कृति र चाडपर्व, जात्राहरुको प्रमाणको लागि विभिन्न फोटोग्राफ तथा नक्साहरु, पनि संकलन गरिएको छ ।

## १.७. पूर्वकार्यको समीक्षाः

यस श्री विष्णुदेवी मन्दिरमा हुने गरेको विभिन्न चाडपर्व जात्रा,रितिरिवाज र संस्कृतिको हालसम्म पनि कुनै अनुसन्धान गरेको देखिदैन तर यस मन्दिर क्षेत्रको प्राचीनता र संस्कृति बारे विद्धानहरुले विभिन्न पुस्तकमा वर्णन गरेको पाइन्छ , जुन निम्न प्रकार छ :

- मोहन प्रसाद खनाल ***'नेपाली कला*** ललितपुरः' साझा प्रकाशन, (२०५२) पृ. सं. १७०-१७३

यस 'नेपाली कला' नामक पुस्तकमा मोहनप्रसाद खनालले बल्खुका मातृकाहरुको बारेमा वर्णन गर्नुभएको छ , जुन श्री विष्णुदेवी मन्दिरको परिसरभित्र अहिले पनि रहेको छ । यस पुस्तकमा बल्खु शक्ति पीठमा रहेको कौमारी वैष्णवी र वाराही आदि मातृकाहरुको बारेमा वर्णन गरेको पाइन्छ । तर यहाँको संस्कृतिको बारेमा यथेष्ठ मात्रामा वर्णन गरेको पाइदैन त्यसैले अन्य प्राचीन मूर्तिहरुको बारेमा केही हद सम्म उल्लेख गर्ने उद्देश्यले यस क्षेत्रको बारेमा शोधपत्र गरेको हो ।

- लैनसिंह वाङदेल **'प्राचीन नेपाली मूर्तिकलाको इतिहास'** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०३९) पेज. नं. ४९-५१)

यस पुस्तकमा अध्यायको नाम नै बल्खुका सप्तमातृका भनेर छुट्टयाइएको छ । यस पुस्तकमा वर्णन गरे अनुसार श्री विष्णुदेवी मन्दिरको नजिकको खोलामा बर्षाको समय बाढी आएको बेला लिच्छविकालीन मुद्राहरु पाइएका थिए जुन मुद्राबाट यस मन्दिर लिच्छविकालदेखि नै रहेको प्रष्ट हुन्छ । यति मात्र नभइ विष्णुदेवी परिसरमा पञ्चमुखी शिवलिङ्ग, सप्तमातृका बारेमा पनि यथार्थ वर्णन यस पुस्तकमा गर्नु भएको छ । तर यस पुस्तकमा अन्य प्राचीन मूर्तिको बारेमा वर्णन गरेको पाइदैन । त्यसैले अन्यमूर्तिको वारेमा उल्लेख गर्ने उद्देश्यले यस

शोधपत्र तयार गरेको  छ ।

- शुक्रसागर श्रेष्ठ **'कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास'** किर्तिपुरः नेपाल, एसियाली  अनुसन्धान केन्द्र, त्रि.वि.( २०५७) पेज.नं.५५

यस पुस्तकमा कीर्तिपुरको इन्द्रायणीको वर्णन गर्दा इन्द्रायणी जात्राको शुरुको होम होमादी गर्दा श्री विष्णुदेवीमा गरिन्छ । यो स्थानको प्राचीनता लिच्छविकालिन सप्त-मातृका, शिवलिङ्ग,र अन्य स्त्री मूर्तिहरुसमेत वनाइएको कुरा उक्त पुस्तकमा वर्णन गरेको पाइन्छ । तर यहाँको संस्कृतिको बारेमा वर्णन गरेको पाइदैन । त्यसैले यहाँको  संस्कृति बारे केही अंशभएपनि वर्णन गर्ने उद्देश्यले यस शोधपत्र तयार गरिएको हो ।

- तीनथाना गा.वि.स. परिवार, **'तीनथानाको एक परिचय'** (२०५५) पेज.नं. ३-४

यस पुस्तकमा श्री विष्णुदेवीको  परिसरमा रहेको ऐतिहासिक पक्ष बारेमा वर्णन गरेको पाइन्छ । यस पुस्तकमा रहेका यहाँको विभिन्न प्राचीन मूर्तिहरु चोरी भएको छ भनी लेखिएको छ । तर प्रष्ट भने पारिएको छैन। त्यसैले चोरी भएका बाहेक अन्य मूर्तिको बारेमा विस्तृत जानकारी दिने उद्देश्यले लेखिएको छ ।

यसरी  श्री विष्णुदेवीको बारेमा उल्लेखित ग्रन्थ र पुस्तक उपलव्ध भए सम्म यीनै हुन उपरोक्त ग्रन्थएवंम पुस्तकहरुको समीक्षा गर्दा यस मन्दिरको संस्कृतिको बारेमा अध्ययन गरिएको पाइदैन । त्यसैले यत्रतत्र छरिएर लुकेर बसेको अवस्थामा रहेका ऐतिहासिक धार्मिकस्थलको अध्ययन गरी तिनलाई समेट्दै यस श्री विष्णुदेवी क्षेत्रको विविध जानकारी प्रकाश पार्नु नै यस शोधपत्रको विशेषता रहेको छ ।

## १.८. अध्ययनको रुपरेखा

यस शोधपत्रलाई सुव्यवस्थित र तयारी रुपमा प्रस्तुत गर्नका लागि विभिन्न अध्यायहहरुमा छुट्टयाइएको छ , जुन निम्न प्रकारको छ :-

१) पहिलो अध्यायमा अनुसन्धानको परिचय दिएको छ ।

२)	दोस्रो अध्यायमा तीनथाना क्षेत्रको भौगोलिक तथा ऐतिहासिक महत्त्वबारे प्रकाश पारिएको छ ।

३)	तेस्रो अध्यायमा तीनथाना गा.वि.स.को सामाजिक तथा आर्थिक जनजीवन बारे प्रकाश पारिएको छ ।

४)	चौथो अध्यायमा शाक्त धर्मको प्राचीनता र श्री विष्णुदेवी मन्दिरसम्वन्धी सम्पूर्ण कुराको जानकारी दिइएको छ ।

५)	पाँचौ अध्यायमा श्री विष्णुदेवी क्षेत्रको भौतिक सम्पदाहरुको विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

६. छैटौ अध्यायमा उपसंहारको रुपमा समग्र अध्यायको उपसंहार एवं सुझाव प्रस्तुत गरिएको छ ।

अन्तमा परिशिष्टअन्तर्गत  धार्मिक र सांस्कृतिक महत्त्वको सूची तथा अन्तवार्ता लिएका व्यक्तिहरुको नामावली र अप्रकाशित साम्राग्री र अन्तमा सर्न्दभग्रन्थ सूची प्रस्तुत गरिएको छ ।

# दोस्रो - अध्याय

## तीनथाना  क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय

## २.१. भौगोलिक तथा ऐतिहासिक परिचय

नेपाल, एशिया महाद्वीपको दक्षिण पूर्वी भागमा विशाल हिमालय पर्वतको दक्षिण काखमा अवस्थित छ । यो देश २६°२२" देखि ३०°२७" उत्तरी देशान्तर भित्र रहेको छ । नेपालको पूर्व पश्चिम लम्वाई करिब ८८० कि.मि. र चौडाई सरदर १९३ कि.मि छ । नक्साको आकारदेखि नेपालको भु-भाग जति पश्चिम गयो उति फराकिलो हुदै गएको देखिन्छ । नेपालको विस्तृत भाग पश्चिमाञ्चल क्षेत्रको हुम्ला जिल्लाको उत्तरी सीमादेखी बाँके जिल्लाको दक्षिण सीमासम्म करिब २४८ कि.मि फैलिएको छ । यसै गरी चौडाई चितवन जल्लाको दक्षिण सिमादेखि रसुवा घाटीको उत्तरी सीमासम्म पर्दछ ।[1] सीमांकन गर्दा नेपाललाई उत्तरमा चीनको स्वशासित तिब्बत प्रदेश क्रमश पूर्वीमा मेची नदीले र पश्चिममा महाकाली नदीले छुट्याएको छ । प्रमुख रुपमा उत्तर र दक्षिणका दुई ठूला देश चीन र भारतको विचमा रहेकोले नेपाललाई "बफर राज्य" र करिब १,१२७ कि.मि. टाढा पर्ने हुनाले नेपाललाई भू-परिवेष्ठित देश पनि भनिन्छ ।[2]

नेपाल अधिराज्यलाई धरातलको आधारमा उत्तरी हिमाल प्रदेश, मध्य पहाडी प्रदेश र दक्षिण तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । वर्तमान अधिराज्यलाई प्रशासनिक दृष्टिकोणबाट २०२८ सालमा ५ विकास क्षेत्र र १४ अंञ्चल र ७५ जिल्लाहरुमा विभाजन गरिएको छ । यो तीनथाना क्षेत्र पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वाग्मती अञ्चल काठमाडौं जिल्लाको मध्य पहाडी प्रदेशमा पर्दछ । तीनथाना गा.वि.स काठमाडौंको शहीदगेटबाट करिब ५ कि.मि दक्षिण पश्चिमतर्फ कलंकी चक्रपथ देखी ५०० मी. दक्षिणतर्फ पर्दछ । यस गा.वि.स को वडा नं. ३. र ७ को केही भाग र वडा नं ८ र ९को मध्ये हुँदै कालीमाटी, थानकोट सडक (त्रिभुवन राजपथ) रहेको छ । पूर्वतर्फ बल्खुखोला र कीर्तिपुर नगरपालिकाको २,५,६ र १९ नम्वर वडा पर्दछन् । पश्चिममा नयाँ नैकाप गा.वि.स र उतरतर्फ काठमाडौं महानगर पालिका वडा नं १४ र दक्षिणतर्फ कीर्तिपुर न.पा को वडा नं १९ पर्दछ । मच्छेगाउँ गा.वि.स र सतुगंल गा.वि.स सँग यस तीनथाना गा. वि. स. को

---

[1] सूचना विभाग , **मेची देखि महाकाली, भाग २** ,(काठमाडौं : संचार मन्त्रालय वि.सं. २०३१), पृ.८०।

सीमा जोडिएको छ । यस गा.वि.स मा नापी विभाग २०२२ सालको फिल्डबुक अनुसार आवादीलायक जग्गाको जम्मा क्षेत्रफल करिब २००० दुई हजार रोपनि रहेको छ । प्राकृतिक दृष्टिले यस गा.वि.सको भू-बनोट समथल नभई उल्टो पारेर राखिएको अर्घ जस्तो रहेको छ । [३] यस गा.वि.सको आकार उत्तर दक्षिण लम्बाई र पूर्व पश्चिम चौडा परेको छ । बल्खुखोला इन्द्रामती यस गा.वि.स को पश्चिम दक्षिण पूर्व हुँदै उतर तर्फ सीमानाको रुपमा बगिरहेको छ । तीनथानाको गा.वि.स को सबैभन्दा अग्लो भाग ऐतिहासिक ‘गढी डाँडा ’ नै हो । हाल उक्त स्थानलाई मदन आश्रित वाटिकाको नामले चिनिन्छ । यस स्थानमा भएको अग्ला सल्लाको रुख र हरियालीले यस क्षेत्रलाई वेग्लै शोभा वढाएको छ ।

नेपाल अधिराज्यको राजधानी मध्यमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र र काठमाडौ जिल्लाको सरदरमुकाम काठमाडौं सहर काठमाडौ. उपत्यकाको दक्षिण पश्चिम भेकमा , अक्षांश २७ ° ४२ ’ उतर देशान्तर ८५° २०’ पूर्वमा समुन्द्र सतहदेखि १,३५० मि ( ४४५० फिट) उचाई रहेको छ [४] भने यस तीनथाना गा.वि.स चाँहि समुन्द्री सतहदेखि ४३७८ फिट उचाईमा अवस्थित छ । यस गा.वि.स.को प्रमुख बजार ढुङ्गाअड्डा भने ४२०० फिटको उचाइमा रहेको छ । [५]यस गा.वि.स बाट काठमाडौं शहर कीर्तिपुरको डाँडो, फूलचोकी डाँडा, चन्दागिरी डाँडा, तथा अन्य प्राकृतिक दृश्यहरु देख्न सकिन्छ । यस गा.वि.समा गुफाहरु पनि देखा परेका छन् । तीमध्ये विष्णुदेवी परिसरमा रहेको नारदगुफाको छुट्टै चर्चा गर्न सकिन्छ । तीनथाना गा.वि.स को अर्को प्राकृतिक स्थल वडा नं ५, ६ र ७ नं.वडाको पूर्व पट्टी कीर्तिपुर नं.पा को पशिचमतर्फ रहेको बल्खुखोलाको चट्टानको गल्छी हो, जुन ५०० ( पाँचसय) मिटर लम्वाई र २० मिटर गहिरो चट्टानको खोचबाट बल्खुखोला बगेको छ । ढुङ्गाको पहरो काटेर वनेको बल्खुखोला विभिन्न आकृतिमा देखिन अर्को प्राकृतिक दृश्य मान्न सकिन्छ ।

---

[२] **ऐजन**

[३] गोपीचन्द्र कार्की , **विष्णु देवी स्मारिका तीनथाना एक परिचय**, (काठमाडौं :संरक्षण तथा सुधार समाज, वि.सं. २०६४), पृ. ११

[द्ध] सुचना विभाग पूर्ववत, (पादटिप्पणी संख्या १ ), पृ ७२८ ।

[छ] कार्की , **पूर्ववत**, ( पादटिप्णी सं ३), पृ .१० ।

तीनथाना गा.वि.स को क्षेत्रफल करिब २,००० रोपनी रहेको छ । यहाँ २०५८ को तथ्याङ्क अनुसार जम्मा जनसंख्या ५,९९२ छ, जसमा पुरुष संख्या ३,१२० र महिला संख्या २,८७२ रहेको छ ।[६] तीनथाना गा.वि.स. को जम्मा घर धुरी संख्या १३ ७५ रहेको छ ।[७] यहाँ एउटै घरमा तीन चार परिवार पनि बसेको देखिन्छ । भने ४-५ देखि २०-३० जनासमेत बसेको देखिन्छ ।

यहाँको हावापानी न्यानो शीतोष्ण प्रकारको छ । यस गा.वि.स.को हावापानी काठमाडौंको हावापानीसँग समानता छ । यहाँ जाडोमा धेरै जाडो नहुने र गर्मीमा पनि धेरै गर्मी नहुने हुँदा यहाँको हावापानी बसोबासको लागि ज्यादै राम्रो मानिन्छ । काठमाडौं भन्दा चाँडो सुर्योदय हुने हुनाले यहाँ जाडोमा त्यति कुइरो पनि लाग्दैन ।

यहाँ गर्मीमा अधिकतम तापक्रम २८-२९ डिग्री सेन्टिग्रेटसम्म पुग्दछ । त्यस्तै जाडोमा अधिकतम १७-१८ सेन्टिग्रेटदेखि न्युनतम २-३ डिग्री सेन्टिग्रेटसम्म हुन्छ । त्यस्तै प्रति महिना औसत वर्षलाई हेर्ने हो भने यहाँ बर्षा नहुने महिना देखि लिएर मनसुनमा ६२१.७ मि.मि सम्म वर्षा हुने गर्दछ । [८]यस गा.वि.स. का प्राकृतिक स्रोत अन्तर्गत खोला पोखरी खानी, पशुपक्षी ढुङ्गा कालीमाटी हुन तर अन्वेषण र अनुसन्धानको अभावले यहाँका बासिन्दाहरुले यस्ता प्राकृतिक स्रोतको उपभोग गर्न सकेका छैनन् ।

## २.२ तीनथाना गा.वि.स को ऐतिहासिकता

कुनै पनि ठाउँको नामाकरण विभिन्न आधारमा राखिएको पाइन्छ । कतिपय ठाउँको अर्थ र त्यसको प्रमाणित वस्तुहरुको आधारमा राखिन्छ भने कतिपय विना आधारमा नै राखिएको पाइन्छ । त्यस्तै गरी तीनथाना गाउँको नाम पनि प्रमाणित अर्थमा राखिएको भन्ने भनाई रहेको छ । तीनथानाको नामाकरणको बारेमा **स्थानीय**बासिन्दाहरुको कथन विधिन्न प्रकारको रहेको छ । यस बारे छोटो चर्चा यस प्रकार छ ।

---

[ट] “केन्द्रिय तथ्याङ्क विभाग’, **जनगणना २०५८,**(काठमाडौं: थापाथली वि.सं २०५८),पृ ७० ।

[ठ] राष्ट्रिय श्रम प्रतिष्ठान **जिल्लाको गा.वि.स.को स्तरीय तथ्याङ्क र नक्साहरु,** ललितपुरः वि.स. २०६१) पृ .७ ।

[ड] लिल्ली थापा, **सतुंगल गा.वि..सको साँस्कृतिक अध्ययन** अप्रकाशित स्नाकोत्तर शोधपत्र (कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग, त्रि.वि. वि.सं २०६१,) पृ .९ ।

यस गाउँको नाम तीनथाना राख्नु भन्दा पहिला हालको गा.वि.स लाई धेरैले नैकाप डुप्पाको नामले चिन्दथे । कीर्तिपुरका बुढापाका नेवारहरुले अहिले पनि डुप्पा भनेर मात्र चिन्ने गर्दछन् ।[९] डुप्पा नाम कसरी रहन गयो भन्ने खोज गर्दा यस तीनथाना गा.वि.स को पूर्व तथा दक्षिणातर्फ बल्खु खोलाको किनारमा ऐतिहासिक चिहान रहेको पाइन्छ । उक्त चिहानलाई नेपाल भाषामा दिप भनिन्छ । दिप अर्थात चिहान भनिन्छ । चिहान नजिकैको गाउँ भएकोले दिपबाट अपभ्रंश भै दिप पछि डुप्पा भनिएको हुनु पर्छ । शुरुमा डुप्पा नामले चिनिने यो गा.वि.स को नाम तीनथाना रहनुको कारण खोज गर्दा केही ऐतिहासिक कारण भएको पाइन्छ । स्थानीय बासिन्दाहरुको भनाई अनुसार राष्ट्र निर्माता पृथ्वीनारायण शाहले नेपाल राज्य एकीकरण गर्ने क्रममा कीर्तिपुर राज्यमाथि आक्रमण गर्नु भन्दा पहिला यस गा.वि.सको वडा नं. २ स्थित अग्लो भू- भाग गढी डाँडो र आसपासको क्षेत्रमा सैनिकहरु बस्नको लागि उक्त स्थानहरुमा थाना निर्माण गरी आक्रमण गरेको भने जनश्रुती रहेको छ । यस्तो थाना यस गढी डाँडामा तीनवटा रहेकोले यस गा.वि.स को नाम नै तीनथाना रहेको हो भन्ने भनाई प्रष्टै देखिन्छ ।

उक्त ऐतिहासिक गढी डाँडामा खाने पानीको लागि ट्याङ्की निर्माण गर्न खन्दा उक्त स्थानमा जमिनको सतहभन्दा करिब छ फिट तल माटोको जडान गरी करिब १ मिटर चौडा भएकै ढुङ्गाको गाह्रो लगाई बनाएको ठू-ठूला तीनवटा कोठाहरु भेटिएको थियो । भने माटाका तीनवटा घ्याम्पाहरु पनि भेटिएको थियो । साथै पाकेको पानी ईट्टा र चारकुने तेलिया इट्टाहरु पनि भेटिएका थिए तर ती सामानहरुलाई अज्ञानतावस सुरक्षित गर्न नसकेको कुरा यहाँका स्थानीय बुढापाकाहरुको भनाई छ ।[१०] यसरी तीनथानाको भनाई नामाकरण तीनवटा थानाको नामबाट नै भएको हो भन्ने भनाई रहेको छ ।

तीनथाना गा.वि.स क्षेत्र प्राचीनकालदेखि नै चर्चा परिचर्चामा आएको देखिन्छ । शाहकालमा थाना बनाएको आधारमा यस ठाउँको नाम तीनथाना राखिए तापनि यस भेगको ऐतिहासिकता हेर्दा यस भेग प्राचीनकाल वा किराँत र

---

[९] कार्की, **पूर्ववत**, (पादटिप्णी सं ५), पृ.११ ।

[१०] कृष्ण बहादुर थापा, बर्ष ८४, तीनथाना वडा नं .४ ।

गोपालकालमा नै यहाँ वस्ती भएको कुरा यहाँका प्रचलित विभिन्न स्थानका नाम जस्तै भेल्वु, किसिपिडी पासिहंय, सतुंग शब्दहरु संस्कृत भाषाका नभई किराँती भाषाका शब्द मानिन्छ । किराँतकाल भन्दा अगाडिदेखिनै पारिवारिक तथा राज्यसत्ता मातृसतात्मक भएको मानिन्छ । यही भेगमा मातातीर्थको स्थापना भएको पाइनुले यस भेगको बस्ती विकास पुरातात्विक दृष्ट्रिले पुष्टि भइसके पनि गोपाल वंशदेखि नै बस्ती भइसकेको तर्कमा बढी विश्वास गर्न सकिन्छ ।

वर्तमान थानकोट, कीर्तिपुर, वलम्बु, टिष्टुङ्ग, साँखु, मणिचुड , चाँगु आदि क्षेत्र गोपालका प्रमुख बस्ती क्षेत्र रहेको थियो । [११]यसै आधारमा तीनथानामा पनि गोपालवंशको बस्ती भएको कुरा प्रष्ट हुन्छ ।

लिच्छविकालीन अभिलेखको आधारमा यो क्षेत्र प्राचीनकालदेखि नै अस्तित्त्व मा रहदै आएको प्रष्ट हुन्छ । वलम्बु खाँधाको अभिलेखमा राजा, दुतक वा कुनै नाम प्रसारितसमेत लेखेर ब्राह्मी लिपीमा अक्षर कुँदेको देखिन्छ । ती अक्षरहरु मेटिएर अपूर्ण भएकोले राम्रो अर्थ खुल्न सकेको छैन तरपनि यसको वचेको अक्षरहरुबाट महाराज श्री वसन्तदेवले दुनियाँको कल्याणको निमित केही गरेको भन्ने कुरा झल्कनुबाट यस क्षेत्रमा लिच्छवि शासकको प्रत्यक्ष दृष्टि रहेको कुरा प्रष्ट हुन्छ । [१२] त्यस्तै गरी वलम्वु हिटिगाको (शक सम्वत ४८२) इ.सं ५६० को अभिलेख र वलम्बुको चौकटिारको अभिलेखहरुमा भट्टरकमहाराज श्री गणदेवले ग्राममा सरकारी अधिकरणहरुले प्रवेश गर्न निषेध गरेको कुरा प्रस्तुत शिलालेखमा वर्णित छ । ।[१३] यसबाट यस क्षेत्रमा दिएको विशेष सुविधाबाट यो क्षेत्रको महत्त्व बढी भएको प्रष्टै देखिन्छ ।

किसिपिडीको अंशुवर्माको अभिलेख (सम्वत् ५१९) इ:स. ५९७ को सतुंगलमा पाइएको अभिलेखमा यस भेगका जनतालाई राज्यबाट दिइएको कर मिनाहा गरेर सहुलियत दिएको थाहा पाउन सकिन्छ ।[१४] यस्तै सतुगंलको देउननी

---

ज्ञज्ञ सुरेन्द्र केसी, **प्राचीन तथा मध्यकालीन नेपाल** , (काठमाडौं : पौरखी प्रकाशन वि.सं २०५५), पृ.४५ ।

ज्ञद्द हरीराम जोशी, **नेपालको प्राचीन अभिलेख**, (काठमाडौं : रा. प्र प्र.( वि.स.२०३०), पृ. ११६ ।

ज्ञघ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख,** (कीर्तिपुर : नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं.२०५३), पृ १९३ ।

[१४] जोशी, **पूवर्वत**, (पादटिप्पणी सं. १२), पृ. ११६ ।

अभिलेख (सम्वत ४८२) इ.सं. ५६० अभिलेखमा भट्टारकमहाराज श्री गणदेवले शीताटीका ग्रामतलस्थित कादुङग्रामका बासिन्दाहरुसँग कुशल मंगल सोधरे तिनीहरुलाई ग्राम, लिङग्वल, माप्चोक अधिकरणहरु प्रवेश गर्न नपाउने गरी दिएको प्रस्तुत अभिलेखमा वर्णन गरिएको छ ।[१५] यस प्रकार यस तीनथाना क्षेत्र लिच्छविकीकालमा मात्र नभई धेरै अगाडि देखि नै बस्ती भएको कुरा दुईमत छैन । यस तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्तिपीठ परीसरमा प्राप्त प्राचीन मूर्ति र सिक्काहरुको आधारमा यो क्षेत्र प्राचीन मानिन्छ पहिला पहिला बल्खुनदीमा लिच्छविकालिन विभिन्न सिक्काहरु भेटिएका थिए त्यसैले अहिले पनि उक्त खोलामा पैसा पाइन्छ भनेर खोज्ने चलन रहेको छ । यस प्रकार तीनथाना गा.वि.स. क्षेत्र लिच्छविकाल भन्दा अगाडि यस क्षेत्रको महत्त्व भएको कुरा स्पष्ट हुन्छ । यसै गा.वि.स.मा सप्तमातृकाको मूर्ति पाइएको छ । नेपाल राज्यमा पनि ३ तहको सप्तमातृकाको आवरण स्थापना भएको पाइन्छ । प्रथम अवरणले शहरको बसोबास क्षेत्र, दोस्रो अवरणले कृषी क्षेत्र र तेस्रो आवरणल सीमाक्षेत्र जंगल क्षेत्र निर्धारण गरेको हुन्छ ।[१६] यस मूर्तिले गर्दा यो गा.वि.स. लिच्छविकालमा निकै चर्चामा भएको क्षेत्र मानिन्छ । यस्तै गरी नेपालको सर्व प्राचीन पञ्चमुखी शिवलिङ्ग पनि यस स्थानमा पाइएकोले यस गविसको अस्तित्त्व अग्र भागमा भएको थाहा पाउन सकिन्छ ।

प्राचीनसमयदेखि नै नेपाल व्यापारिक दृष्टिकोणले महत्वपूर्ण रहदै आएको छ । लिच्छविकालमा सार्थवाह (व्यापारिक समूहको नाइके) को विभिन्न स्थानमा उल्लेख हुनु तथा उत्तर दक्षिण व्यापारको मार्ग हुनु । यस क्षेत्रको विकासको महत्वपूर्ण कडी मानिन्छ । चन्द्रागिरीबाट तराई जोड्ने बाटो क्रमश मातातीर्थ हुदै विष्णुदेवी क्षेत्रबाट तीनथाना वडा नं. ५ को फाँट हुदै कीर्तिपुर पुगी एउटा बाटो काठमाडौं र अर्को वाटो पाटनतर्फ लागेको पाइन्छ । यसको प्रमाणको रुपमा तीनथाना वडा नं ५ मा बल्खुखोलाको पुलसँगै रहेको पाटीको भग्नावशेष पुरानो मार्ग हो । त्यस्तै कीर्तिपुरबाट सल्यानस्थान लाग्दा भेटिने गः हिटीसँगै पाइएको जलद्रोणी र सोह्र खुट्टे पार्टी (भन्सार उठाउने पार्टी) को अवशेष अहिले

---

[१५] वज्राचार्य **पूर्ववत**, (पादपिठ टिप्पणी सं १३), पृ. १९४ ।

[१६] उतमवहादुर राउत, **विष्णुदेवी सभ्यता/वर्तमान दृष्टिकोण,** (काठमाडौंः संरक्षण तथा सुधार समाज, वि.सं. २०६४) पृ. ८ ।

पनि यो व्यापारिक मार्गको अवस्थितिको पुष्टी हुन्छ[१७] । त्यसैले यो स्थान ऐतिहासिक मार्ग पनि मान्न सकिन्छ ।

यो गा.वि.स. मध्यकालीन समयमा कान्तिपुर राज्यअर्न्तगत थियो । "चोभारको पानीबाट सिचाई गर्ने सम्बन्धमा कीर्तिपुर र पाटनका मल्लराजाले चोभारको गल्छी थुनी कान्तिपुर र पाटनका राजावीच भएको सम्झौता अनुसार यस क्षेत्रको सात गाउँ कीर्तिपुर नैकाप, पाँगा थानकोट बलम्बु सतुंगल भिमढुंगा) लगायतका' गाउँ ललितपुरको अधिनस्थ भएको थियो । तीनथाना गा.वि.स. पनि मध्यकालमा ललितपुर इलाका नै रहेको थियो पछि नेपाल अधिराज्यलाई ७५ जिल्लामा विभाजन गर्नुअघि २०१७ सालसम्म यो गा.वि.स .ललितपुरअन्तर्गत नै थियो । २०१८ सालपछी मात्र यो गा.वि.स. काठमाडौं जिल्ला अन्तर्गत रहेको हो ।[१८]

मल्लकालमा देवमाला वंशावलीमा उल्लेख भए अनुसार कान्तिपुरका मल्ल राजा रत्न मल्लले कुःकु नामक भोटेहरुको आक्रमणबाट बच्न नेः स ३२९ (इ १५०८) सतुगंलमा कुल देवताको रुपमा वैष्णवीको मूर्ति स्थापना गरेका पाइन्छ ।[१९] यस आधारमा एकै क्षेत्रमा रहेकाले तीनथाना र सतुंगल एकै समयमा वैष्णवीको मूर्ति स्थापना भएको हुनु पर्छ । त्यस्तै मल्लकालमा कार्ल पृश्चका अनुसार कान्तिपुरका मल्लराजा रत्न मल्लले ने. स. ३२९ (इ.सं. १५०८) आवद्ध गरि आक्रमणबाट बच्न यो क्षेत्रलाई किल्लाको रुपमा परिणत गरेका थिए ।[२०] तीनथाना गा.वि.स. शाहकालमा आएर निकै महत्त्वपुर्ण क्षेत्र अर्न्तगत रहेको थियो । पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्ने क्रममा यहाँ आई थाना बनाएर कीर्तिपुर विजय गरेको कुरा प्रमाणित भैसकेको पाईन्छ । दहचोकमा कान्तिपुरका राजाको सेनाको एउटा टुकडीले गढी बनाई बसेको थियो । त्यहाँबाट ती सिपाही धपाउदा थानकोट र वलम्बुका वस्तीमा असुरक्षाको वातावरण बढ्ने सम्भावना भयो । त्यसलाई अनुकूल पार्न पृथ्वीनारायण शाहले आफ्नो पुजारीलाई पठाई गोर्खाली राजाप्रति मायालु भावको प्रचार गर्न लगाए । त्यसपछि मात्र दहचोकमा

---

[१७] **ऐजन**, पृ. ८-९ ।

[१८] कार्की, **पूर्ववत**, (पादटिप्पणी, सं ३ ), पृ. १० ।

[१९] नरहरीनाथ योगी, **हिमवत खण्ड पुराण,** ( काशी : योग प्रचारिणी वि.सं.२०१३, ), पृ : ५-६ ।

[२०] कार्ल पृश्च, **काठमाडौ भ्याली भाग २,** (अष्ट्रेलिया : इ. स. १९७५), पृ. १२१ ।

गोर्खालीले गढीलाई दखल गर्न सामर्थ भए । दहचोकबाट झरेको भागलाई बल्खुखोलाले काटेपछी कीर्तिपुरको बस्ती शुरु भयो । सतुगंल र तीनथाना हुदै पुगिने कीर्तिपुर त्यो बेलादेखि रहिआएको थियो ।[२१] नेपालको एकीकरण गर्ने क्रममा प्रथम चरणमा गोर्खाका राजा पृथ्वीनारायण शाहले वि.सं. १७९८ मा नेपाल उपत्यकाको भ्रमण गरेको थिए । उनी सिद्धिनरसिह मल्लको पालामा खुलेको वाटो लामिडाँडा, कोल्पुदहचोक, तीनथाना र कीर्तिपुर हुँदै ललितपुर पुगे । त्यहाँबाट ठिमीको बाटो हुँदै भक्तपुर पुगी भक्तपुरका राजा राणजित मल्लसँग मित लगाए, यसबाट सम्पूर्ण कुरा अध्ययन गरे ।[२२] यसरी तीनथानाको बाटो भई उपत्यकाको स्थिति बुझ्न सकेको थिए ।

**ढुङ्गा अड्डा**

यस गा.वि.स. को वडा नं ८ वजारको रुपमा रहेको स्थानलाई ढुङ्गा अड्डा नामले चिनिन्छ । राणाकालमा राणाहरुको दरवार चोक शहरको विभिन्न भागमा र देवस्थलहरुमा ढुङ्गा विछ्याइन्थ्यो । यसका लागि मच्छेगाउँबाट तत्कालीन समयमा सिहनाथ पल्टन र गोरखनाथ पल्टनका जवानहरुले बोकेर त्यस स्थानमा भण्डारन गरी विभिन्न स्थानमा लाने गर्दथे । पछि तीनथाना गा.वि.स. को बासिन्दाले उक्त स्थानमाम ढुङ्गाको भण्डार गरी बिक्री वितरण गरिने काम भएकोले त्यसै समय देखि उक्त स्थानलाई ढुङ्गा अड्डा नामले चिनिएको थियो ।

यस ठाउँका कतिपय नामहरु वर्तमान समयमा लोप हुन लागेका देखिन्छन् । पहिले नैकाप डुप्पा भनेर चिनिने तीनथाना गा.वि.सलाई जातजाति र भौगोलिक हिसाबले पनि चिनिन्थ्यो जस्तो महतगाउँ, थापागाउँ, कार्कीगाउँ, गठेगाउँ यसरी यस ठाउँमा बस्ने जातिको थर अनुसार गाउँको नाम रहेको स्थानीय बासिन्दाको भनाई छ ।[२३] अरु ठाउँमा जस्तै तुसाल, डुप्पा, काप्रोकोबोट, लाहुरे गौडा, खड्कुलेको पुल, गिन्राउकालो, फरेसपाखा घट्टेपाखा, भैसी काट्ने चौर, भुसेडिल, साउनेपानी, गलफुगली, गहिरीगाउँ, चत्खुपाखाजस्ता नामहरु यस गा.वि.स. अन्तर्गत थिए तर अहिले ती नाम कमै मात्रमा प्रयोग

---

[२१] राजाराम सुवेदी,**g]kfnsf] tYo Oltxf;,** (काठमाडौं :साझा प्रकाशन, वि.स. २०६१), पृ. १७३ ।

[२२] पेशल दाहाल, **नेपालको मध्यकालिन इतिहास**, (विराटनगरः श्रीमती कमला दाहाल, वि. स. २०४३), पृ १३३ ।

गरेको पाइन्छ ।[२४] यसरी लुप्त हुन लागेको ती ठाउँहरु पहिल्याएर त्यसको ऐतिहासिकता खोजी पहिचान गराउने पनि आवश्यक छ ।

## २.३ तीनथाना गा.वि.स. मा बसोबास गर्ने जात जातिको सामान्य परिचय

नेपाललाई "चार वर्ण छत्तीस जातको फुलवारी" भने झैं हाल यो गा.वि.स. मा पनि विभिन्न जातजाति र धर्म मात्रै मानिसहरुको बसोबास रहेको पाइन्छ । यस ठाउँमा ब्राह्मण क्षेत्री, नेवार , मगर, पुरी, तामाङ्ग, लामा घले, सुनुवार सार्की, दमाई, ठाकुर, यादव आदि जात जातिको समेत बसोबास रहेको पाइन्छ । यस गा.वि.स. विभिन्न जाति भएजस्तै उनीहरुको पेशा पनि विविध रहेको छ । विशेष गरेर कृषि व्यापार नोकरी, डाक्टर, इन्जिीनियर , पाइलोट , सिकर्मी डकर्मी, सिलाई बुनाई, पत्रकार, चित्रकला, (मेकानिक्स) जस्ता विभिन्न पेशामा लागेका पाइन्छ ।

यो गा.वि.स. काठमाडौं र कीर्तिपुर महानगरपालिकासँग जोडिएकोले विस्तारै सहरोउन्मुख अवस्थातिर अगाडि बढीरहेको पाइन्छ । यहाँ विभिन्न जातजातिको वसोबास भएको हुनाले यहाँका बासिन्दाहरुको लगाई, खुवाई र रहन सहन पनि मिश्रित प्रकारकै देखिन्छ । यस गा.वि.समा एकल र संयुक्त दुवै किसिमका परिवारहरु बसोबास गरेको देखिन्छ । पुराना नेपाली शैलीका घरहरु एकदमै कम मात्रामा देखिन्छ । प्राय: घरहरु सिमेन्ट, कंक्रिटका व्लकहरुद्धारा बनेका छन् । यस गा.वि.स.को खेतीयोग्य जमीन पनि आवास निमार्ण गर्ने गर्दा कम हुदै गएको छ । पहिला हुने कोदो, फापर, मस्याङ् गहत, जस्ता बाली हाल उत्पादन भएको देखिदैन । हाल, यहाँ मुख्यबालीको रुपमा धान, मकै र गहुँ उत्पादन हुने गर्दछ । पहिला कालीमाटीलाई मलको रुपमा प्रयोग गरिन्थ्यो भने यो कार्य जोखिमपूर्ण भएकोले अहिले रासायनिक मलको प्रयोग गर्ने गरेको पाइन्छ । यहाँ धेरैजसो घरहरुमा ग्यासबाट भात पकाउने गर्दछन् । यो गा.वि.सको मानिसहरूमा स्वास्थ्यसम्बन्धी राम्रो जानकारी भएको दैनिक कियाकलापबाट प्रष्ट हुन्छ ।

---

[२३] स्थलगत भ्रमण ।

[२४] कार्की , **पूर्ववत**, (पादटिप्णी सं ५ ) पृ.११ ।

यस गा.वि.स. मा स्वास्थ्य चौकी  र निजि मेडिकलहरु रहेका छन् । तर डाक्टरहरु  भने भएको  पाइदैन । यहाँबाट उपचारको लागि जाने  ठूला अस्पतालमा टेकु अस्पताल र काठमाडौंको वीरअस्पताल हुन् ।

काठमाडौंबाट तीनथाना गा.वि.स. पुग्नका लागि ट्याक्सी, माइको बस टेम्पो तथा मिनिवस  आदि  पाइन्छ । टेम्पो माइक्रोबस र मिनिबस काठमाडौंदेखि थानकोट बाटोको रुटमा चलेका साधनहरु नै यहाँको सरल तथा सस्तो साधन हो । यस गाउँको आन्तरिक बाटोहरुमा पनि ठूला मोटरहरु पुग्न सक्दछन् ।

यस गा.वि.स.को सम्पूर्ण भागमा विजुली वत्ती पुगेको छ, । त्यसैले गर्दा विभिन्न उद्योग स्थापना भएको देखिन्छ । यहाँ खानेपानी र सञ्चारको पनि राम्रो व्यवस्था भएको पाइन्छ । यस गा.वि.स. मा वि.स २०१९ सालमा विष्णुदेवी प्राथमिक विद्यालय स्थापना भएको थियो भने २०५४ देखि यो विद्यालय माध्यामिक स्तरको कायम भएको छ । यस बाहेक अन्य निजी विद्यालयहरुको स्थापना  हुनुको साथै यस गा.वि.स. मा विभिन्न क्लव र गुठीहरु पनि स्थापना भएका छन् । त्यसैले शैक्षिक स्तरमा यो गा.वि.स. अगाडि देख्न सकिन्छ ।

कुनै पनि देशको विकासको लागि ज्यादै महत्वपूर्ण  पक्ष राजनीति हो । राजनैतिक पक्षले लिएको नितिले देशको आर्थिक, सामाजिक, शैक्षिक आदि कुरामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । देशको विकासमा सबैले उत्तिकै महत्त्वपुर्ण प्रभाव पारेको  हुन्छ ।

राजनैतिक रुपले  राणाकालमा नै पनि यस तीनथाना गा.वि.स.मा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक क. पुष्पलाल श्रेष्ठ को नेतृत्वमा २००३-४ सालतिर किसानहरुलाई संगठित तथा जागृत गर्न जमघट हुने गर्दथ्यो । यसबाट पञ्चायतकाल भन्दा अगाडि नै यस गा.वि.सका मानिसहरुमा राजनैतिक रुपले प्रभाव भएको प्रष्टै देखिन्छ ।

पञ्चायतकालमा यस व्यवस्थाको विरुद्धमा यहाँका बासिन्दाहरु पूर्णरुपमा अग्रसर भएका थिए । यसै क्रममा कतिपय गिरफ्तार समेत भएका थिए । २०४७ सालको प्रजातन्त्र स्थापना गर्न  यस  गा.वि.सका मानिसहरु निकै सक्रिय भएका थिए । त्यस्तै गरी जन आन्दोलन २०६३ मा पनि त्यतिकै जागरुक भएर लोकतन्त्र स्थापनामा जोड दिएका थिए । यसरी यस गा.वि.स.का मानिसहरु राजनैतिक

क्षेत्रमा समेत अग्रसर भएको देखिन्छ ।

यस गा.वि.स.का मानिसहरुको  मूख्य चाडपर्वहरुमा दशै, तिहार, माघे संक्रान्ति साउने संक्रान्ती, फागु पूर्णिमा, चैते दशैं, तीज, आदि हुन् । भन्ने जात्राहरुमा सातगाउँको जात्रा नै प्रमुख मानिन्छ ।

**उपसंहार**

अत: यो गा.वि. स. नेपालको मध्यमाञ्चल विकाश क्षेत्र अर्न्तगत पर्दछ । तीनथानाको नामाकरण नेपाल राज्य एकिकरण गर्ने क्रममा स्थापना भएको तीनवटा थानाको आधारमा राखिएको पाइन्छ । यस गा.वि. स. को शहरको रूपमा रहेको ढुङ्गा अड्डाको नामाकरणको वारेमा पनि आफ्नै किसिमको इतिहास रहेको छ । यस क्षेत्रमा पाइएको विभिन्न अभिलेखको आधारमा लिच्छविकालदेखि नै यस क्षेत्रमा बस्ती रहेको स्पष्ट हुन आउँछ ।

# तेस्रो - अध्याय

## सामाजिक तथा आर्थिक जन-जीवन

### ३.१. जातजातिहरु

तीनथाना गा.वि.स. विभिन्न जातजातिहरुको बसोबास क्षेत्रको रुपमा चिनिन्छ । यस गा.वि.स. जनसंख्याको आधारमा क्षेत्री, नेवार, ब्राम्ह्ण, मगर, घले पुरी, तामाङ्ग, सुनुवार, शाही, ठाकुर, यादव, सार्की, पोडे, दमाई जस्ता विविध जातिहरुको थलोको रुपमा लिन सकिन्छ । यस गा.वि.स. को २०५८ को जनगणनाको आधारमा जम्मा जनसंख्या ५,९९२ जसमा पुरुष संख्या २,८७२ रहेको छ । यहाँको घर धुरी संख्या १,३७५ रहेको छ । [२५] यसरी जनसंख्याको आधारमा यो गा.वि.स. पनि मध्यम किसिमको जनसख्या भएको क्षेत्रको रुपमा लिइन्छ । यस गा.वि.स.मा विभिन्न जातिहरु भए पनि बढी मात्रामा क्षेत्रीहरुको बसोवास रहेको पाइन्छ । अरु जातिहरुको संख्या निकै कम पाइन्छ ।

#### ३.१.१ क्षेत्री

तीनथाना गा.वि.स.मा जनसंख्या र बसोबासको दृष्टिकोणले प्रमुख जातिको रुपमा क्षेत्रीलाई लिइन्छ । क्षेत्रीहरुको संख्या तथ्याङ्क अनुसार जम्मा जनसंख्या २११३ रहेको छ । यिनीहरुको पारिवारिक परिवेश एकल र संयुक्त दुवै प्रकारको देखिन्छ । क्षेत्री अन्तर्गत खड्का, थापा, कार्की, राउत, के.सी , महत्जस्ता विविध थर भएका मानिसहरु बसोबास गर्दै आएका छन् । यिनीहरु पुरानो र आधुनिक शैलीका घरहरुमा बसोबास गर्दछन् ।

---

[२५] तथ्याङ्क विभाग, **पूर्ववत**, (पादटिप्पणी सं ६), पृ. ७० ।

**३.१.३.ब्राह्मण**

जनसंख्याको आधारमा ब्राह्मण जातिहरु तीनथाना गा.वि.स.को तेस्रो वर्गमा पर्दछ । ब्रामणहरुको तथ्याङ्क अनुसार ब्राह्मणहरुको जनसंख्या ९७७ रहेको छ । यहाँका ब्राह्मणहरु शिक्षित देखिन्छन् । केही ठूला ठूला पदमा कार्यरत देखिन्छन् भने केही आफ्नो पुर्ख्यौली पेशा (कर्मकाण्ड) गरेर जीविका चलाएको पाइन्छ । ब्राह्मणहरु पनि कृषि, नोकरी व्यापार र वैदेशिक रोजगारीमा लागेका यीनीहरुको आर्थिक स्थिती पनि मध्यमवर्गी नै देखिन्छ । ब्राह्मणहरुको पारिवारिक स्थिति पनि क्षेत्रीहरुको जस्तै एकल र संयुक्त दुवै अन्तर्गत रहेका छ । ब्राह्मणहरुअन्तर्गत लुइटेल, आचार्य,आदि थर रहेका छन् ।

**३.१.२ नेवार**

जनसंख्याको आधारमा नेवार जाति तीनथाना गा.वि.स.को दोस्रो वर्गमा पर्दछ । २०५८ का तथ्याङ्क अनुसार नेवारहरुको जनसंख्या १२२९ रहेका छ । यिनीहरुको बसोबासको क्षेत्र अरु जातिको भन्दा फरक देखिन्छ । गुचमुच्च परेका घरहरु र घर पनि अरु जातिको भन्दा भिन्न प्रकारको देखिन्छ । यिनीहरुको आर्थिकस्थिती मध्यमवर्गी अर्न्तगत रहेको पाइन्छ । नेवारहरु खेतीपाती, नोकरी व्यापारदेखि लिएर वैदेशिक रोजगारीमा पनि खटिएको देखिन्छ । नेवार समुदाय अर्न्तगतका थरहरु श्रेष्ठ, महर्जन,आदि रहेका छन् ।

यसरी तीन मूख्य जातिहरु रहेतापनि अरु जातिहरुको पनि आफ्नै जीवन शैली र संस्कृति रहेको देखिन्छ । यहाँका हरेक जातिले आफ्नै तरिकाले जीवन यापन गरेको पाइन्छ । एक जातिले अर्को जातिलाई थिचोमिचो गर्ने र हेप्ने प्रवृति यस गा.वि.स.मा देखिंदैन । यहाँका सबै जातजातिका मानिसहरु एक आपसमा मिलेर रहेका पाइन्छ ।

**३.२. शिक्षा र पेशा**

तीनथाना गा.वि.स. शैक्षिक दृष्टिकोणले अग्रस्थानमा राख्न सकिन्छ । यस गा.वि.स. मा जम्मा ४०६८ संख्या शिक्षित छन् भने जसमा पुरुष संख्या मध्ये २३५३ रहेको छ भने महिला संख्या १७१४ रहेको पाइन्छ । [२६] यस गा.वि.स.का

---

[२६] **ऐजन** पृ. २३७ ।

मानिसहरुमा शिक्षा सबैले पाउनु पर्छ भन्ने चेतना जागृत भएको पाइन्छ । यहाँ छोरा र छोरीलाई भेद नगरी दुवैलाई शिक्षा दिने कुरामा यहाँका हरेक ब्यक्ति र परिवारको धारणा रहेको पाइन्छ । यस गा.वि.स.मा सरकारी संस्थागत र निजी विभिन्न विद्यालयहरु रहेका छन् । यी विभिन्न विद्यालयहरुले स्तरीय शिक्षा प्रदान गरेको पाइन्छ । वि.सं २०१९ सालमा जनप्रगति पुस्तकालय स्थापना भई हालसम्म पनि संञ्चालन भइरहेबाट यस गा.वि.स. का मानिसहरु शिक्षाप्रति अग्रसर भएको कुरा प्रष्ट हुन्छ ।[२७]

यहाँका मानिसहरु प्रायः साक्षर नै देखिन्छन् । यस गा.वि.स. का कार्यालय सहायक उपेन्द्रकुमार थापाको अनुसार निरक्षर व्यक्तिहरुको लागि पनि प्रौढशिक्षा संचालन गरेको थाहा पाइन्छ । यस गा.वि.स. मा प्रमाणपत्र तह, स्नातक र स्नाकोत्तर गरेका व्यक्तिहरु र केही विद्यावारिधि गरेका विशिष्ट व्यक्तिहरु पनि रहेका छन् ।

यहाँका केही मानिसहरु इन्जिनियर, विमान चालक, डाक्टर अडिटर, पत्रकार, प्रहरी, सैनिक तथा अन्य पद ग्रहण गरेको कारण शिक्षा नै हो । यहाँका मानिसहरुमा राजनितिको प्रभाव २००७ साल देखि लिएर

---

[२७] कार्की , **पूर्ववत**, (पादटिप्णी सं ३ ) पृ.१४ ।

२०६३ सालको लोकतान्त्रिक आन्दोलन सम्म उत्तिकै अग्रसर रहेको पाइन्छ । तीनथाना गा.वि.स. का मानिसहरु मा बढी मात्रामा राजनैतिक प्रभाव पर्नुको मुख्य कारण पनि शिक्षा नै मान्न सकिन्छ ।

यस गा.वि.स. का मानिसहरुले विभिन्न पेसा अपनाएको देखिन्छ । जस्तै : कृषि, नोकरी, व्यापार, प्राविधिक, चित्रकारीता आदि । यस वाहेक यहाँका अधिकांश घरका युवाहरु बैदेशिक रोजगारीमा लागेको देखिन्छ । त्यसैले गर्दा यहाँका मानिसहरुको आर्थिक स्थिति झन राम्रो हुनगएको छ । त्यहाँका प्रायः मानिसहरुले केही न केही पेशा अपनाएको पाइन्छ । त्यसैले यस गा.वि.स. लाई पेशाको आधारमा पनि भग्र स्थानमा राख्न सकिन्छ । यहाँको बासिन्दाहरुको आर्थिक स्थिति मध्यमवर्गी नै रहेको छ ।

## ३.३ भाषा र धर्म

नेपालका अन्य ठाउँमा जस्तै यस तीनथाना गा.वि.स. मा पनि विविध जातिहरुको बसोबास भएको क्षेत्र भए तापनि यहाँ व्राह्मण र क्षेत्रीको जनसंख्या बढी भएकोले नेपाली भाषा बोल्नेहरुको बाहुल्यता रहेको छ । त्यसैले यहाँको दैनिक व्यवहारिक भाषा नेपाली नै रहेको छ । यहाँको जम्मा जनसंख्यामा ४५५३ संख्याले नेपाली भाषा बोल्ने गर्दछन् भने९३४ जनसंख्याले नेपालभाषा बोल्ने गरेको पाइन्छ । [२८]यहाँको नेवार जाति संख्याको आधारमा दोस्रो श्रेणीमा भएकोले नेपाल भाषा बोल्नेको संख्या पनि कम छैन । नेवारहरु धेरै जसो नेपाली भाषा नै बोल्ने गर्दछन् । यहाँ बोलिने नेपाल भाषा र काठमाडौंमा बोलिने नेपाल भाषामा उच्चारण शैलीमा फरक सुनिन्छ । यहाँ बोलिने नेपाल भाषा र कीर्तिपुर ठिमी र ललितपुरमा बोलिने नेपाल भाषासँग मिल्दो जुल्दो रहेको छ ।

यस गा.वि.स. का तामाङ र लामा जातिहरुले पनि आफ्नै मातृभाषा बोल्ने गर्दछन् तर धेरैजसो नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । यस बाहेक यहाँका अरू जातिहरुले पनि नेपाली भाषा नै बोल्ने गर्दछन् ।

यहाँका बासिन्दाहरु धार्मिक आस्था राख्दछन् । यहाँका मानिसहरु विहान सबेरै उठेर नुवाई धुवाई गरी घरको पुजा कोठामा भएका भगवानहरुको पुजा गरी आ-आफ्नो घर नजिक रहेका मन्दिर वा श्री विष्णुदेवी मन्दिर गई पुजा गर्नु

---

[२८] तथ्याङ्क विभाग, **पूर्ववत**, ( पादटिप्पणी सं. ६), पृ २२४ ।

नित्य धर्म ठान्दछन् । यहाँका मानिसहरु हिन्दु, बौद्धलगायत अन्य धर्म पनि मान्ने गर्दछन् । यस गा.वि.स. मा हिन्दु धर्ममान्नेहरुको संख्या बढी देखिन्छ । यस गा.वि.स. मा हिन्दु ५,६०९, बौद्ध २५२, इस्लाम ६९, क्रिश्चियन ५४, र अन्य धर्म मान्नेको संख्या ८ रहेको छ ।[२९]

यहाँका हिन्दु, बौद्ध तथा अन्य धर्म मान्ने धर्मालम्वीहरुमा धार्मिक सहिष्णुताको भावना विद्यमान भएकाले धर्मको नाममा झै झगडा कहिले पनि भएको पाइदैन ।

## ३.४ प्रचलित चाडपर्वहरु

नेपालमा समय अनुसार विभिन्न चाडपर्वहरु मनाउदै आएको कुरा सबैमा विदितै छ । त्यसै गरी यस तीनथाना गा.वि.स. मा पनि विभिन्न जातजाति र धर्म मान्ने मानिसहरुको बसोबास भएतापनि ती सबै जातिले राष्ट्रिय चाडको रुपमा दशै तिहारलाई नै मान्ने गरेका छन् । अरु चाडपर्वहरु जाति र धर्म अनुसार मनाउने गर्दछन् । यस गा.वि.स. मा व्राम्हण र क्षेत्रीको संख्या बढी भएकोले क्षेत्री ब्राम्हणले मनाउने चाडपर्वहरुमा दशै, तिहार, माघे संक्रान्ति, फागु पूर्णिमा चैते दशैं शिवरात्रि, साउने संक्रान्ति, जनैपूर्णिमा, तीज, मातातीर्थ औशी, गोकर्ण औशी जस्ता चाडपर्वहरु मनाउने गरेको पाइन्छ जुन नेपाली समाजमा मनाउने गरेका चाडपर्वहरु नै हुन् ।

यहाँ मनाइने चाडपर्व मध्ये सातगाउँले जात्रालाई महत्त्वपूर्ण चाडको रुपमा यहाँका बासिन्दाहरुले मनाउने गर्दछन्, जुन दशै तिहार जतिकै गरी भव्यताका साथ मनाउने गरेको पाइन्छ । यहाँको विष्णुदेवी स्थानीय जात्रामा व्राम्ह्मण, क्षेत्री, तामाङ, सार्की, दमाई, घले, ठाकुर, आदि जातिहरुले मन्दिर गएर सामान्यपुजा गर्ने र घरमा मिठो परिकार वनाएर खाने गर्दछन् भने विशेष गरी नेवार जातिहरुले भव्यताका साथ यो जात्रा मनाउने गरेको देखिन्छ । दशै तिहारभन्दा पनि बढी उल्लासका साथ विष्णुदेवी जात्रा मनाउने गर्दछन् । यो जात्रा १ हप्ताको हुन्छ । मंसीर महिनाको शुक्लपक्ष औशीको दिन देखि शुरु हुन्छ । यस समयमा नेवारी समाजमा विभिन्न भोज गरेर नयाँ नयाँ कपडा लगाउने र

---

[२९] **ऐजन**, पृ २८३ ।

आफन्तहरुलाई बोलाएर खुवाउने र  रमाइलो गर्ने चलन रहेको छ । यो जात्राले आफ्नै किसिमको विशेषता बोकेको छ ।

यसरी तीनथाना गा.वि.स. का मानिसहरुले विभिन्न चाडपर्व र जात्रा मनाउने गरेको पाइन्छ ।

**उपसंहार**

यस तीनथाना गा.वि.समा विभिन्न जातजातिको बसोबास रहदै आएको छ । जनसंख्याको आधारमा ब्राम्हण र क्षेत्रीको संख्या उच्च रहेको देखिन्छ । त्यसैले यहाँको चलनचल्तीको भाषा नेपाली भाषा रहेको छ । यहाँको वासिन्दाहरु प्रायः शिक्षित नै देखिन्छ । त्यसैले यहाँका मानिसहरू विभिन्न पदमा कार्यरत रहेका छन् । यस गा.वि.स को मानिसहरूको प्रमुख चाडको रूपमा दशैं, तिहार र सातगाउँ जात्रालाई लिन सकिन्छ ।

# चौथो -अध्याय

## शाक्त धर्मको प्राचीनता र श्री विष्णुदेवी मन्दिर

### ४.१ शाक्त धर्मको प्राचीनता

शक्तिसंग सम्वन्धित् धर्म मान्नेलाई शाक्त भनिन्छ। शक्ति शव्दको अर्थ सामर्थयुक्त हुनु हो। जुन सम्प्रदायमा देवी वा मातृशक्तिको उपासना गरिन्छ उनलाई नै सर्वयोग्य, शक्ति, कार्य उत्पादन, चेतना, भोक, तिर्खा निन्द्रा माया आदि रुपमा मानिन्छ भने त्यो नै शाक्त सम्प्रदाय हो।[३०] मातृशक्ति को उपासनाको परम्परा ज्यादै प्राचीन मानिन्छ। पूर्व र मध्य युरोपमा पाइएका पूर्व पाषणकालका अवशेषहरुबाट मातृशक्तिको उपासना भएको थाहा पाइन्छ। यी नारी आकृतिहरु शारिरिक वनोट र शैली हेर्दा प्रजनन देवीको रुपमा अंकित गरेको देखिन्छ र विश्वमा पाषणयुगमा मातृशक्तिको उपासना प्रचलनमा रहेको थियो भन्ने पुरातात्विक मत रहेको छ। नयाँ पाषणयुगमा पनि मातृशक्तिको उतिकै महत्त्व रहेर यसले धार्मिक रुपमा ग्रहण गर्दै गयो। मातृशक्ति को उल्लेखनीय मूर्तिहरु एवं आकृतिहरु इरान, इराक, भू-मध्य सागरीय क्षेत्र पश्चिम एसिया, र भारतमा पनि फेला परेका छन्। यस्तै मोहन्जोदडो र हरप्पाबाट प्राप्त भएको माटाका शिलछापमा अंकित नारी चित्र र मूर्तिहरुले मातृशक्तिको उपासनाको उदारहण पेश गर्दछ।[३१] यर्जुवेद र अर्थवेदका सुक्तहरुमा शक्तिको वर्णन गरिएकोछ र सतपथ व्राम्हणमा, 'श्री' को विवरण

---

[३०] हनुमान प्रसाद पोद्दार ,**कल्याण शक्ति अङ्क,** (गोरखपुरः गीताप्रेस, इ.सं १९९१), पृ. २५।

[३१] गणेश प्रसाद क्षेत्री, सोमप्रसाद खतिवडा, **हिन्दुसमाज र धम{,** (विराटनगर :शिव प्रकाशन, वि.सं २०५४),पृ ९३।

पाइन्छ तर यी विवरणहरुले शक्ति उपासनाको स्पष्टता भने पाइदैन । आर. जी भण्डारकारले देवीबोधक यी शव्दहरुलाई "व्युत्पन्न शब्दहरु" मात्रै मान्दै यस्ता शव्दहरुवाट कुनै पनि शक्ति सम्पन्न स्वतन्त्र देवीको अस्तित्त्वको ज्ञान हुदैन भनेर लेख्नु भएको छ [३२]तर जयशंखर मिश्रले भने वैष्णव र शैवधर्म बाहेक अरु कुनै धर्मको चरम उत्कर्ष भयो भने त्यो शाक्त धर्म मात्र हो भन्दै पार्वती, हेमवती, रुद्रायणी र भवानी जस्ता नामहरु वौदिक साहित्यले वर्णन गरेको र ऋग्वेदको दशौ मण्डलको एउटा सुक्तमा शक्तिको उपासना मात्र गरिएको वर्णन गरिएको छ । [३३] ऋग्वेदको दशौं मण्डलको यस सुक्तलाई शक्तिको "तान्त्रिकदेवी शुक्त" भनिन्छ र यो शुक्तदेवी 'वाक' सँग सम्वन्धित छ । यसमा वाग्देवीले म नै ब्राह्मका विरोधीहरुलाई समाप्त गर्न रुद्रको धनुषमा ताँदो चढाउनु म नै सेनाहरुलाई मैदानमा उभ्याउछु म नै आकाश र पृथ्वीमा व्याप्त हुन्छु भनेकी छिन् । [३४]यसरी विभिन्न वेदहरुमा शाक्त धर्म र शक्तिको बारेमा चर्चा परिचर्चा भएवाट देवीको महत्त्व वैदिककालदेखि भएको पाइन्छ । यस्तै गरी महाभारत कालमा पनि शक्ति स्वतन्त्र देवीका रुपमा प्रतिष्ठित भैसकेको थाहा पाइन्छ । [३५]महाभारतको भिष्मपर्वमा युद्धमा विजय पाउनको लागि दुर्गाको आरधना गरेको र युधिष्ठरले पनि देवीको स्तुती गरेवाट प्रष्ट हन्छ कि महाभारत कालमा शाक्त धर्मको महिमा महत्त्वपूर्ण स्थानमा रहेको थाहा पाउन सकिन्छ । काली, तारा र देवी उपनिषदमा पनि शक्तिबारे धेरै कथाहरु पाइन्छ । देवी उपनिषदको कथा अनुसार देवताले उनको परिचय माग्दा शक्तिले म ब्रह्मको रुप हुँ मबाटै प्रकृति र पुरुषका रुपमा विश्वको उत्पति हुन्छ भन्ने जवाफ दिएकी थिइन । यस प्रकार शक्तिको चर्चा विभिन्न उपनिषदहरुमा पाइन्छ ।

---

[३२] **ऐजन ।**

[३३] **ऐजन ।**

[३४] वीणा प्राड्याल, **नेपाली मूर्तिकला र चित्रकला,** (कीर्तिपूरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि. वि.सं. २०५७), पृ. १४ ।

[३५] प्रेमकुमार खत्री, **नेपालको धार्मिकमत र सामाजिक संरचना , -**काठमाडौं : एम .के. पब्लिसर्श एण्ड डिट्रिव्यूटर्स, वि.सं.२०५६), पृ ५४ ।

विष्णु पुराण र वायु पुराणमा महाकाली, भद्रकालीको रुपमा वर्णन गरिएको छ । यस्तै मार्कण्डेयपुराणमा महिषासुर मर्दिनी, देवी, ब्रम्हा, विष्णु, महेश्वर र अन्य देवताको प्रचण्ड तेजले वनेको वर्णन पाइन्छ । वौद्ध धर्ममा वज्रयान सम्प्रदायको विकास भएपछी शाक्त धर्मको प्रभाव पाउन थालिएको थियो । वज्रयान सम्प्रदायमा तन्त्रको प्रभाव परेकोले देवीलाई पनि तान्त्रिक रुपमा पनि पुजिने भएकोले यस शाक्तधर्मले लोकप्रियता पाएको थियो । यसरी शाक्तधर्म वैदिक समय महाकाव्यकाल र विभिन्न पौराणिक शास्त्र उपनिषदमा देवीको बारेमा वर्णन र महिमा गरेकाले शाक्त धर्मको प्राचीनतालाई अग्रस्थानमा राख्न सकिन्छ ।

## ४.१.क. नेपालमा शाक्त धर्म

नेपालको इतिहासमा विभिन्न कालमा फरक फरक धर्म प्रचलित भएको सबैलाई विदितै छ । प्रागः ऐतिहासिक कालदेखि नै नेपालमा मातृदेवीको महिमा र पूजा अर्चना चलेको कुरा विभिन्न धर्मग्रन्थ, पौराणिक साहित्य र अभिलेख लगायत विविध लिखित प्रमाणहरुमा नेपालमा देवी पूजा गर्ने सन्र्दभमा वर्णन गरेको पाइन्छ । इ.सं प्रथम र दोस्रो शताब्दीमा वनेका सप्तमातृकाका मूर्तिहरुबाट प्राचिन कालदेखिनै नेपालमा शक्ति पूजाको प्रारम्भ भएको प्रष्ट हुन्छ । शिवकी अर्धाङ्गिनी सतीको सम्वन्ध शक्ति र शक्तिपीठसँग रहेको छ ।

भागवत पुराणमा वर्णन भए अनुसार सती दक्षप्रजापतिकी छोरी थिइन । उनको विवाह शिवसंग भएको थियो । एक दिन दक्ष प्रजापतिले वृहसपतिसभा नामक यज्ञ गरे । उनले आफ्नी छोरी सतीलाई निम्ते दिएका थिएनन् तर पनि सती निम्तो नआए पनि आफ्ना बाबुको घर पुगिन । दक्षप्रजापतिले शिवलाई अपहेलना गरी जथाभावी भनेर ठूलो अपमान गरे । सतीले आफ्नो पतिको अपमान गरेको देखेर यज्ञकुण्डमा हाम्फाली प्राणत्याग गरिन । शिवले यज्ञ ध्वंस गराए र दक्षप्रजापतीलाई कठोर दण्ड दिए । शिवले आफ्नी पत्नीको मृत शरीर काँधमा वोकेर जहाँतही भौतारी हिडे । विश्व ब्रमाण्ड डोलायमान हुनलाग्यो । देवताहरुले विष्णु भगवान कहाँ पुगी शिवको दुःख हरण गर्न प्रार्थना गरे त्यसपछि विष्णुले आफ्नो चक्रद्धारा सतीको शरीरलाई टुका टुका पारिदिए र ती टुकाहरु ठाउँ ठाउँमा खस्यो यसरी जुन ठाउँमा सतीको शरीरको भाग खस्यो ।

त्यही त्यही ठाउँहरुमा शक्तिपीठ रहन गयो । [३६]यस्ता शक्ति पीठहरु मा विभिन्न नाम दिई पुजा उपासना गर्ने विभिन्न ठाउँमा प्राप्त स्त्री मूर्ति र मुखौटोबाट शाक्त धर्मको प्राचीनता थाहा पाउन सकिन्छ । नेपालको तराई क्षेत्रको वञ्जराहीको पुरातात्विक उत्खनन्मा प्राप्त माटाको स्त्री मुखौटो प्राप्त भएको थियो जुन हात द्धारा नै निर्मित थियो जसलाई पुरातत्वविदहरुले देवीको मुखौटो मानेर यसको समय इ.पू तेस्रो शताब्दीतिरको मानेका छन् । [३७] यसबाट प्रष्ट हुन्छ कि नेपाललमा इ.पू तेस्रो शताव्दीमा भू-देवीको रुपमा शक्तिको पुजा भएको स्पष्ट हुन्छ ।

यस्तै गरी काठमाडौं, कपिलवस्तु र नेपालका अन्यठाउँमा प्राप्त स्त्री मूर्तिले नेपालमा शक्ति पूजाको प्रारम्भ प्राचीन समयदेखि नै भएको प्रमाण प्रष्ट हुन्छ ।

नेपालमा शाक्त धर्मको प्राचीनता हेर्दा देवी भागवत महापुराणमा वर्णन भए अनुसार नेपालमा गुह्यकलको महास्थान प्रतिष्ठित छ । यस्तै वायुपुराणमा पनि नेपाल मा शाक्त सम्प्रदायको अस्तित्व रहेको छ । [३८]नेपाल शक्तिपीठ मध्ये एक महान शक्तिपिठ क्षेत्र हो तथा सबै क्षेत्रमध्ये यो उतम क्षेत्र हो । सबै पीठहरु मध्ये सतीदेवीको गुह्यपतन भएको स्थान गुह्ययश्वरी एक शक्ति पीठ हो यो सर्व सिद्धि पाउने भगवतीको प्राचीन एवं गुप्त स्थान हो । यो स्थान व्रह्मदेवको सृष्टिकालिन प्रथम स्थान भएको र पछी सतीदेवीको गुह्ययपतन भएको कारणले अन्य शक्तिपीठ भन्दा महत्त्वपूर्ण क्षेत्र मानिन्छ ।[३९] यसबाट नेपाल शाक्त धर्मको र शक्तिपीठहरु भएको स्थानले महत्त्वपूर्ण क्षेत्र मानिन्छ ।

लिच्छविकालमा पनि शाक्त सम्प्रदायको लोकप्रिय अवस्था रहेको देखिन्छ । यस कुरालाई प्रष्ट पार्न लिच्छवि शासक मानदेवकोपालामा सं ४२५ (इ.सं. ५०३) मा गृहपतीको पत्नी विजयस्वामिनीले पलाञ्चोमा भगवती विजेश्वरीको

---

[३६] लैनसिंह वाग्देल, **नेपालको प्राचीन मूर्तिकलाको इतिहास,** (काठमाडौं :नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, ,वि.सं.२०३९), पृ: ३५, ३६ ।

[३७] क्षेत्री, खतिवडा, **पूर्ववत्** , (पादटिप्पणी सं. ३१), पृ. १०७ ।

[३८] जगदीश चन्द्र रेग्मी , **नेपालको धार्मिक इतिहा;,** (काठमाडौं : रत्नपुस्तक भण्डार,वि.सं. २०३९), पृ. १६९ ।

[३९] कल्पना न्यौपाने, **भक्तपुरको तुलजा भवानीको ऐतिहासिक सांस्कृतिक महत्व**, अप्रकाशित स्नात्तकोतर शोधपत्र (कीर्तिपुर :त्रि.वि., संस्कृति विभाग वि.सं. २०६३), पृ १४ -१५ ।

मूर्ति स्थापना गरेकी थिइन् । [४०] यसबाट लिच्छविकालमा शाक्त सम्प्रदाय रहेको प्रमाण दिएको छ । यो नै लिच्छविकालको सर्वप्रथम प्राप्त शाक्तधर्मको महत्त्वपूर्ण प्रमाण हो । त्यस्तै गरी अर्को महत्त्वपूर्ण प्रमाणको रुपमा अंशुवर्माको हाँडीगाउँको अभिलेखमा 'षष्ठीदेवीको मन्दिर' '(षष्ठीदेवकुल)' को लागि केही पैसा दिएको वर्णन गरिएबाट यी देवी सामान्य जनतामा लोकप्रिय रहिआएको देखिएकोले यी देवीलाई अंशुवर्माले आर्थिक दानदिएको प्रष्ट हुन्छ।[४१] लिच्छविकालमा बनेको पलाञ्चोक भगवतीको नामबाट प्रख्यात विजेयश्वरीदेवीको नामजस्तै केही मूर्तिहरु जस्तो शोभा भगवतीको

---

[४०] रेग्मी, **पूर्ववत** ,( पादपिट टिप्पणी सं ३८), पृ. १६७ ।

[४१] धनवज्र वज्राचार्य, **लिच्छिविकालका अभिलेख**,( कीर्तिपुर ,नेपाल एसइीाली अनुसन्धना केन्द्, त्रि.वि. वि.स. २०३० ),पृ. ३७ ।

मूर्ति, चाँगुको छिन्नमस्ताको मूर्ति, राष्ट्रिय संग्रहलयमा रहेका मूर्तिहरुलाई लिच्छविकालीन मूर्तिहरुको समुहभित्र राख्न सकिन्छ ।[४२]यसरी हेर्दा लिच्छविकालमा शाक्त सम्प्रदायको वाहुल्यता रहेको स्पष्ट हुन्छ । यसबाहेक लिच्छविकालीन शक्तिसम्वन्धी मूर्तिहरु नेपालमा विभिन्न ठाउँमा देख्न सक्दछौ । त्यसले लिच्छविकालीदेखि नै नेपालमा शाक्त धर्मले जरो गाडिसकेको थाहा हुन्छ । त्यसै कारण शाक्त सम्प्रदायलाई हिन्दुधर्मको प्राचीन सम्प्रदाय पनि भन्ने गरिन्छ।

नेपालमा शाक्त सम्प्रदायको प्रवेश समय र विकासको क्रमसँगै यस धर्मले पनि आफ्नो शक्ति देखाउँदै आएको प्रमाण पाइन्छ । मध्यकालदेखि शाक्त सम्प्रदायले राम्रो स्थान पाएको देखिन्छन् । नेपाल सम्वत ३४६ को देवपाटनको अभिलेखमा महागौरीको मूर्तिको स्थापना गरिएको कुरा लेखिएको छ ।[४३]यस अभिलेखबाट इ.साको तेह्रौ सतमाब्दीतिर शाक्त सम्प्रदायको महत्व वढी भएको थाहा पाउन सकिन्छ । त्यस्तै मल्लकालका प्रतापी राजा स्थिति मल्ल मानेश्वरीको परमं भक्तभएकोले उनले श्री मानेश्वरीवरलव्ध प्रसाद भनी उपाधी लिएको कुरा पाटन कुम्भेश्वरको अभिलेखमा वर्णन गरिएको छ । [४४]

यसबाट मल्लकालका राजा शाक्तधर्म प्रति आस्था रहेको स्पष्ट हुन्छ । वंशावली अनुसार सिम्रोनगढबाट भागी काठमाडौं उपत्यकातिर प्रवेश गर्न लाग्दा तुलजा भवानी ल्याएर भक्तपुरमा प्रतिष्ठापित गरेको वर्णन पाइन्छ ।[४५]तर यथार्थमा हरिसिँहदेवको बाटैमा दोलखाको देउपाटनमा निधन भएपछि उनका रानी र छोरा भक्तपुर दरवारमा शरण लिदा सम्भवत तलेजु भगवतीको मूर्ति ल्याएर प्रतिष्ठापित गराएका थिए । यसपछि तलेजु भवानी मल्ल शासकहरुकी इष्टदेवी भइन । मल्लराज्य पन्ध्रौ शताव्दीमा तीन टुकामा बाँडिएपछि पनि तलेजुलाई तीनै राज्यमा प्रतिष्ठित गरियो ।[४६] यसबाट के प्रष्ट हुन्छ भने भाई भाईमा बेमेल भई राज्य टुका टुका गरेपनि आफ्नी इष्टदेवी तलेजु भवानीलाई

---

[४२] डिल्लीराज शर्मा, **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला** , (काठमाडौं : ने. ए. अ. केन्द्र त्रि.वि., वि.सं. २०५८), पृ. ४४ ।

[४३] **ऐजन** ।

[४४] **ऐजन** ।

[४५] खतिवडा, क्षेत्री, **पूर्ववत** ,(पादपिठ टिप्पणी सं ३७), पृ. ६८, ।

पनि सधै ल्याई आ-आफ्नो राज्यमा प्रतिष्ठित गर्नले मल्ल राजाहरु शाक्तधर्मका अनुयायी थिए भन्ने कुरामा विवाद नहोला भन्न सकिन्छ । मध्यकालमा शक्तिधर्मको चरम उत्कर्ष भएको पाइन्छ । यही कालमा सप्तमातृका अष्टमातृका, नवदुर्गा, दशमहाविद्या काली चामुण्डा, तुलजाभवानी लगायत वज्रयान बौद्ध सम्प्रदायसँग सम्वन्धित विभिन्न तारा भैरव र योगीनी, वज्रवाराही, अजिमा, मूर्ति मन्दिर पीठ थानको लोकप्रियता भएको र यीनीहरुको पूजा उपासनाको व्यापक चलन रहेको थियो । पूर्वमध्यकालका राजा ज्योतिमल्ल पशुपतिका परम् भक्त थिए तापनि उनले शाक्त धर्मलाई त्यतिकै महत्त्व दिएर उनले श्री मानमानेश्वरी लब्धप्रशादित भन्ने उपाधि ग्रहण गरेका थिए भने अलि पछिका राजा यक्षमल्लले पनि श्री मनमानेश्वरी देवी वरलब्ध नामक उपाधी ग्रहण गरेका थिए । यी दुई राजाले लिएको उपाधिले त्यसताका मानेश्वरीदेवीलाई पुजा उपासना गर्ने प्रचलन रहेको देखिन्छ । मल्लकालको पुरै लौकिक जिवनलाई तन्त्रप्रधान शाक्त धर्म र संस्कृतिले प्रभावित पार्‍यो । पुरुषदेवता शक्तिका सहायकका रुपमा मात्र देखिन थाले भने इष्टदेवतका रुपमा राजकीय महत्त्व पाउँदै अनेक नाम र स्वरुपमा मातृदेवीको महत्त्व बढ्यो । जस्तै मानेश्वरी तलेजु, झंकेश्वरी आदि । मानेश्वरी भगवती जस्तै तत्कालीन समयमा झंकेश्वरी भगवती पनि एक शाक्त धर्मअन्तर्गतकी प्रख्यात भगवती थिइन र मध्यकालको शुरुवातको यो मूर्ति नेपाली कलामा निकै उत्कृष्ट मानिएको छ । नेपाल संवत ५२७ (इ.सं १४०६) तिरका फर्पिङ्ग भेगका स्थानीय शासक जयजेत्रसिंहले "श्री श्री झंकेश्वरीवरलव्धप्रसाद" भन्ने उपाधि लिएका थिए ।[४७] यसरी उनले उपाधि ग्रहण गरी आफूलाई शक्तिका उपासक भएको प्रमाणित गरेका थिए । मध्य कालमा आएर विभिन्न देवीको महत्त्व वढ्नुको साथै विभिन्न शक्तिपीठहरुमा पुजा उपासना भएको प्रष्ट हुन्छ यसै कममा तीनथाना स्थित श्री विष्णुदेवीमा रहेको कलात्मक शिलामा रहेको अष्टमातृका सः साना मूर्तिहरु देखिन्छ , यसको समय ने. स ७९७ (इ.सं १६७६ ) अंकित गरेको छ ।[४८] यो शक्तिपीठ पनि मल्ल कालमा आएर चर्चामा आएको क्षेत्र हो भन्न

---

[४६] पुरुषोतमलोचन श्रेष्ठ, **प्राचीन नेपाल,** (काठमाडौं : पुरातत्व विभाग वि.स. २०६१), पृ. ११ ।

[४७] रेग्मी, **पूर्ववत,** (पादटिप्पणी सं. ३८), पृ, १६७ ।

[४८] कार्की, **पूर्ववत्,** (पादटिप्पणी सं ३), पृ. १२ ।

सकिन्छ । यसरी नेपालमा शाक्त सम्प्रदायको महत्त्व मध्यकालमा आएर अग्रस्थानमा रहेको यथेष्ठ प्रमाण पाइन्छ ।

शाहकालमा आएर पनि शाक्तधर्मको प्रभाव रहेको पाइन्छ । देवी पूजाको प्रचलन पृथ्वीनारयण शाह भन्दा अगाडि छरिएर रहेका सबै स-साना राज्यहरुमा रहेको थियो । पृथ्वीनारायण शाहले पनि विभिन्न देवीको उपासना गरेको पाइन्छ । यस बाहेक अन्य शाहकालिन राजाहरु पनि देवी उपासक नै थिए । आधुनिक कालमा पनि शाक्त धर्मको त्यतिकै महत्त्व रहदैआएको छ । त्यसैले हरेक शक्तिपीठहरुमा पूजा उपासना गर्नेहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ ।

## ४.२. श्री विष्णुदेवी मन्दिरको उद्धभव

शाक्तधर्मको विकासको क्रममा देवी शक्तिको विधिन्न रुपहरुको उत्पति सम्वन्धी धारणा पनि विकास भएको पाइन्छ । देवीले महिषासुर मधुकैटभ चामुण्डा शुम्भनिशुम्भ, रक्तविज आदि जस्ता भयंकर आसुरी शक्तिको विनास गर्दा देवीको सहयोगबाट देवीकै शरिरबाट प्रकट भएको देवीका विभिन्न रुपहरु ब्रम्ह्वा, विष्णु, महेश्वर, रुद्र र इन्द्र जस्ता देवीहरुको शक्तिको रुपमा रहेका देवीहरुलाई पछिल्ला पौराणिक साहित्यहरुले मातृकाहरुको पूजा परम्परालाई अति प्राचीन भएको कुरा डा. जगदिसचन्द्र रेग्मीले उल्लेख गरेको छन् ।[४९] नेपाल र भारतमा मातृकाहरुलाई सप्तमातृका वा अष्टमातृकाका रुपमा वेग्लावेग्लै वा सामुहिक तवरले पूजाआरधना गर्ने परम्परा रहेको छ । देवीकै शरीरबाट उत्पति भएका अरु मातृकाहरुमा ब्राहमी, इन्द्रायणी, महेश्वर चामुण्डा र महालक्ष्मीलाई लिइन्छ । अष्टमातृकाहरुको मूर्तिलाई उनीहरुले प्रयोग गरेको वाहन र उनीहरुको हातमा रहेका आयुधबाट छुट्याउन सकिन्छ । जस्तै वैष्णवीलाई गरुणवाहन युक्त चारहात भएको हातमा शंख, चक, गधा र कमल लिएको देखिन्छ । नेपालमा पनि मातृकाहरुको पूजाको परिपाटी प्राचीनकालदेखि नै चलेको पाइन्छ । शक्तिपीठ र शक्तिपूजा नेपालको प्राचीन संस्कृति हो । नेपालको प्राचीन मूर्तिको कममा पाटनको हौगलवहालको मातृका मूर्ति, बंगलामूर्तिका मातृका, कीर्तिपूर गणेश मन्दिरका मातृका, च्यासलहिटिको गजलक्ष्मीको मूर्तिहरुलाई प्राचीन स्त्री मूर्तिको

---

[४९] जगदीश चन्द्र रेग्मी , **लिच्छवि संस्कृती** , (काठमाडौं : रत्नपुस्तक भण्डार, वि.सं.२०३६), पृ ५७८ ।

महत्त्वपूर्ण उदाहरुणको रुपमा लिन सकिन्छ ।[५०] यसबाट लिच्छविकालभन्दा अगाडि विभिन्न ठाउँमा नारी मूर्ति बनेको कुरा प्रष्ट हुन्छ र लिच्छविकालमा पनि विभिन्न ठाउँमा अन्य मातृकाहरुको स्थापना भएकोले लिच्छविकालमा शाक्तधर्म निकै व्यापक भएको थियो भने मल्लकालमा आएर झन वढी महत्त्व हुन गयो जसले गर्दा र दशमहाविद्याको पनि पुजा आराधना हुन थालेको र मल्ल राजाहरुले लिएको विभिन्न उपाधिबाट मल्लकालमा मातृकागणको पूजा लोकप्रियता अझ बढी भएको थाहा पाउन सकिन्छ । यसरी प्राचीनकालमा विभिन्न ठाउँमा शक्तिपीठ रहनुको अर्को कारण शहरको रक्षा र सिमा निर्धारण गर्नको लागि स्थापित गरिएका हुन्थे यसै आधारमा विष्णुदेवी पनि स्थापना भएको हुनु पर्छ । कान्तिपुरमा मात्र चोभार नख्खु, सतुगंल र तीनथानामा विष्णुदेवीको स्थापना भएको पाइन्छ । यी पनि शहरको रक्षाको निमित्त नै स्थापना भएको हुनु पर्दछ।[५१]

तीनथाना गा.वि.स. वडा नं १ मा अवस्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको उत्पतिको बारेमा विभिन्न भनाई रहेको छ । अष्टमातृकासहित विष्णुदेवी शक्तिपीठ नेपालका प्राचीन लिच्छविकालीन क्षेत्र मानिन्छ । यस क्षेत्रमा सतीदेवीको नङ भई पवित्रता गासिएको प्रमाण स्कन्धपुराण, स्वास्थानी कथा एवं पशुपति महात्मेमा वर्णन गरिएको छ यो मन्दिर कसले स्थापना गरेको हो भन्ने प्रमाण अधापि अज्ञात छ । यो मन्दिर समय समयमा थप निमार्ण भई हालको रुपमा रहेको छ । [५२] यसरी सतीदेवीको शरिरको टुका जहाँ जहाँ खस्यो त्यो क्षेत्र शक्ति पीठ रहन गयो भने प्रमाण यस विष्णुदेवीको शक्तिपीठले दिएको पाइन्छ । यहाँ सतीदेवीको नङ पतन भएको यो क्षेत्र प्राचीनकालदेखि नै प्रशिद्ध भएको पाइन्छ । यस विष्णुदेवी कसैले पनि स्थापना गरेको होइन । देवी स्वउत्पती भएकी देवी हुन भन्ने भनाई यहाँका स्थानीय बासिन्दाको रहेको छ । [५३]

---

[५०] पौड्याल,**पूर्ववत**, (पादटिप्पणी सं.३४), पृ. १५-१७ ।

[५१] हरिमान सिंह भण्डारी, **विष्णुदेवी क्षेत्रमा रहेका देवदेवता एव. संरचना र अभिलेख,** (काठमाडौः विष्णुदेवी संरक्षण तथा सुधार समाज वि.सं. २०६४) पृ. ६२ ।

[५२] **ऐजन** ।

[५३] रामशरण खड्का, **जगतजननी विष्णुदेवीको संक्षेप परिचय,** (काठमाडौं विष्णुदेवी संरक्षण तथा सुधार समाज, वि.सं. २०६४) पृ : ६२, ।

विभिन्नपुराण,र शास्त्रहरुमा उल्लेख भएकी यी देवीमाता न कुनै मानिसले स्थापना गरेका हुन्, नत साधुसन्तले पूजा गरी पुजिन आएकी देवी नै हुन् । परापूर्वकालदेखी नै ज्वाजल्यमान भएर तेजस्विनी विष्णुदेवी स्वउत्पती भएकी देवी हुन । यस वाहेक कसैले पनि अन्य तर्क प्रमाण हुलिया दिन सकेका छैनन् ।[५४] त्यसैले यी देवी स्वउत्पति भएकी शक्ति हुन भन्न सकिन्छ । यस मन्दिर भित्र श्री विष्णु देवीको कुनै प्रकारको मूर्ति देखिदैन । यो मन्दिरको मुख्य

[५४] **ऐजन** ।

शिला नै श्री विष्णु देवीको हुन् । यो नै स्वउत्पती शिला हो भन्ने तर्फ दिई पूजा उपासना हुने गर्दछ । विष्णुदेवीको दायाँ वाँया विभिन्न देव देवीको शिलाहरु रहेका छन् । जुन भैरव, गणेश, सुर्य....जस्ता विविध रहेका देखिन्छ । यो मन्दिर कसले र कहिले स्थापना भयो भने स्पष्टमा प्रमाण नभएता पनि विष्णुदेवीको धातुको मुकुट रहने स्थान पछाडि पट्टीको भ्याल जस्तो कलात्मक अष्टमातृका शिला सतुंगलका एक व्यक्तिले राखेको जसमा व्यक्तिको नाम उल्लेख छैन तर ने. सं ७९७ (इ.सं १६७६) उल्लेख भएको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने १७ औं शताव्दीतिर सतुंगलका एक व्यक्तिले विष्णुदेवीमा कलात्मक अष्ठमातृकासहितको शिला राखेर यस मन्दिरका शोभा बढाएका थिए । [५५] यस आधारमा विष्णुदेवी मन्दिर प्राचीनकालमा नै स्वउत्पती भएको मानिन्छ । विष्णुको शक्तिनै विष्णुदेवी हुन् । त्यसैले विष्णुदेवीलाई तान्त्रिक देवीको रुपमा लिने गरिन्छ । शक्तिलाई विभिन्न तान्त्रिक देवीको रुपमा पूजा गर्ने प्रचलन वज्रयान धर्मको प्रभाव पनि मानिन्छ । यसमा रोचक पक्ष के छ भने शिव र पार्वतीसंग सम्वद्ध भएको पौराणिक कथन भए पनि यहाँका पीठलाई विष्णुसँग सम्वन्धित विष्णुदेवी भएबाट यो अझै रहस्यको गर्भमा छ भन्न सकिन्छ ।

## ४.३. श्री विष्णुदेवी मन्दिरसंग सम्वन्धित चाडपर्व र जात्राहरु

हिन्दु धर्ममा विभिन्न ठाउँमा फरक फरक देवदेवीका मन्दिर मूर्ति रहेका छन् । यिनीहरुको आ-आफ्नै जात्रा र चाडपर्वले मन्दिरको महत्त्व बढाएको हुन्छ। यस्तै गरी तीनथाना स्थित श्री विष्णुदेवी मन्दिरको पनि आफ्नो वेग्लै पहिचान दिने खालको जात्रा र चाडपर्व रहेको छ जसले गर्दा श्री विष्णुदेवी मन्दिरको अस्तित्त्व समाजमा रहन गएको छ । श्री विष्णुदेवी मन्दिरसंग सम्वन्धित् मुख्य चाडपर्व र जात्रा निम्न प्रकार छ ।

### चाडपर्व

श्री विष्णुदेवी मन्दिरसंग सम्वन्धित् चाडपर्वहरुमा प्रमुख रुपमा हिन्दुहरुको महान चाड दशैलाई नै मानिन्छ । दशै चाडको अर्को नाम दुर्गा पूजा वा शक्ति पूजा हो । यो चाड कहिले देखि प्रारम्भ देखि भयो भन्ने कुरामा यकिन गर्न नसकिएता पनि लिच्छविकालको जयदेवको च्यासलटोलको अभिलेखमा दशमी गोष्ठीको उल्लेख भएको छ । दशमीगोष्ठीको उल्लेख भएको आधारमा यो

---

[५५] कार्की ,**पूर्ववत**, (पादटिप्पणी सं ३ ),पृ. १२ ।

अभिलेखको समयदेखि नै दुर्गा पूजा वा शक्तिपीठको पूजादशै चाडमा गरिने कुरा धनबज्र ब्रज्राचार्यले उल्लेख गर्नुभएको छ ।[५६] दशैमा नेपालका हिन्दु धर्मालम्वीहरुले देवताले राक्षसमाथि विजय प्राप्त गरेको खुशियालीमा मातृकाहरुको विशेष पुजा आराधना गर्ने गर्दछन् ।[५७] यसै अवसरमा विष्णुदेवी पनि अष्ठमातृका गणकी वैष्णवी देवी भएको कारणले प्राचीनकालदेखि नै दशैमा विशेष पूजा र उपासना हुदै आइ नै रहेको छ । यस श्री विष्णुदेवी शक्तिपीठमा दशैमा विशेष पुजा हुने गर्दछ । घटस्थापनादेखि दशमीको दिन सम्म यहाँ विभिन्न ठाउँबाट श्रदालु भक्तजनहरुको ठूलो भिड लाग्ने गर्दछ । घटस्थापनादेखि दशमीको दिनसम्म यहाँको पवित्र दिनमा नवग्रह वगाएमा ग्रह दशा पनि बगेर जान्छ भन्ने भनाइले गर्दा यहाँका स्थानीय बासिन्दाहरुले नवग्रह बगाउने गरेको पाइन्छ । विष्णुदेवीमा अरु शक्तिपीठमा जस्तै घटस्थापनादेखि नै पशुको वली दिने गरेको पाइन्छ । विशेषरुपमा फूलपाती, अष्ठमी र नवमीको दिनमा यहाँ असंख्य मात्रामा वली दिने गरेको पाइन्छ । त्यसैले यी तीन दिनमा राती १,२ वजे देखि नै वली दिने मानिसहरुको भिड लाग्ने गरेका पाइन्छ । यहाँ पशुवली मात्र नभएर ,कुखुरा, हाँस र हाँसका फूलहरु समेतका वलीको रुपमा श्री विष्णुदेवी शक्तिपीठलाई चढाउने गरेको थाहा पाउन सकिन्छ । यस श्री विष्णुदेवीमा सातगाउँका

---

[५६] वज्राचार्य ,**पूर्ववत**, (पादटिप्पणी सं ४१), पृ. ५४० ।

[५७] खतिवडा क्षेत्री, **पूर्ववत,** (पादटिप्पणी सं ३१), पृ १९४ ।

मानिसहरुले आफ्नो गक्ष अनुसारको वली चढाउने गरेको देखिन्छ र यहाँका स्थानीय बासिन्दाहरुले पनि विष्णुदेवीलाई विशेष पूजा गर्ने परम्परा रहेको छ । यस विष्णुदेवीको पुजारी पोडेहरुले नवमीको दिनमा यहाँ १८० वटा हाँसको फूल बलीको रुपमा चढाइने प्रचलन अहिलेसम्म पनि रहेको छ । यहाँ नवमीको दिनमा अरु पीठमा जस्तै कालरात्री पूजा हुने गर्दछ । जुन मुल पुजारीले गर्ने गरेको पाइन्छ । दशमीको दिनमा यहाँका स्थानीय बासिन्दाहरुले जमरा चढाउने गर्दछन् यो दिन पनि यस मन्दिरमा भिड हुने गर्दछन् । पूर्णीमाको दिन सम्म श्री विष्णुदेवीको मुकुट र गरगहना यही मन्दिरमा नै लगाएर राखिन्छ । पूर्णीमाको पछिल्लो दिनमा सबै गरगहना मुकुट र घण्टी पोडे पुजारीले लगेपछि दशैं सकिएको भने वुझिन्छ । यसरी यस शक्तिपीठमा दशैमा विशेष पूजा अर्चना हुने हुनाले विष्णुदेवीको विशेष चाडको रुपमा दशैलाई लिएको हो ।

### ४.४ श्री विष्णुदेवी मन्दिरको कला वास्तुकला

नेपाली वास्तुकलाको आफ्नै इतिहास र मौलिकता रहेको छ । इतिहासको प्रारम्भिककाल देखि नै नेपाली वस्तुकलाको उदाहरण रहेको पाइन्छ । यस्ता उदाहरणहरुले नेपाली कलालाई जीवित राख्न मद्दत गरेको छ । लिच्छवि वास्तुकलाको नमुना भेटिएको छैन तर विदेशी यात्रीहरुको वर्णन अनुसार लिच्छविकालमा वास्तुकला चरम उत्कर्षमा पुगेको थाहा पाइन्छ । वास्तुकला अन्तर्गत मन्दिर विहार दरबार स्तुप तथा किल्ला आदि पर्दछन् ।

मन्दिरलाई प्राचीन संस्कृति ग्रन्थहरुमा देवायन भनिएको छ जसको अर्थ देवता रहने घर भन्ने हुन्छ ।[५८] विभिन्न देवी देवताको प्रतिमा निर्माण गर्नुभन्दा पहिले मन्दिर निर्माण गर्ने परम्परा रहेको छ । यसरी मन्दिर भन्नाले कुनै पनि स्थानमा पूजा गर्ने उद्देश्यले शिला वा मूर्ति राखेर सुरक्षित ठाउँ वनाइन्छ भने

---

[५८] शर्मा, **पूर्ववत**, (पादटिप्पणी सं ४२), पृ. ७९ ।

त्यस्तो ठाउँलाई मन्दिर भनिन्छ । जहाँ अलौकिक शक्ति रहेको हुन्छ । त्यसैले मानिसहरुले मन्दिरलाई धार्मिक स्थलका रुपमा मान्दै आइरहेका छन् । यस्ता मन्दिरहरुमा विभिन्न नाम दिएर पूजाआजा प्राचीनकालदेखि नै गदै आएको प्रमाण प्राप्त विभिन्न अभिलेख र भग्नावशेषबाट थाहा पाउन सकिन्छ ।

भारतवर्षमा मन्दिर वास्तुकलाको शुरुवात वैद्धिक मण्डवबाट शुरु भएको भएतापनि इशापूर्व कालमा स्थायी मन्दिरहरु वनेको देखिदैन इशापुर्व तेस्रो शताब्दीतिर सम्राट असोकले स्तुप वास्तुकला शुरुवात गरेपछि पत्थर काटेर निर्मित स्थलपछि मन्दिर वास्तुकलाको शुरुवात भयो ।[५९]

भारतवर्षमा इसाको चौथो शताब्दी तिर स्थाई मन्दिरहरु वनेको मानिएको छ तर शुरुका मन्दिरहरुमा देवता राख्ने गर्भगृह र छेउमा पुजाआजा र दर्शन गर्ने मण्डव मात्र वनेको हुन्थे , पछि गएर मन्दिर वास्तुकलामा विभिन्न अलंकरणहरुको विकास हुन गएको हो ।[६०] यसरी भारतवर्षमा वास्तुकलाको शुरुवात अशोकको पालापछि मात्र भएको थाहा पाउन सकिन्छ । हामीसँग प्राप्त मल्लकालिन शाहकालिन वास्तुकलाको आधारमा पनि नेपालको वास्तुकलाको बारे प्रष्ट थाहा पाउन सकिन्छ । यी समयका मन्दिर वास्तुकला पनि उत्कृष्ठ श्रेणीमा राख्न सकिन्छ । यस तीनथाना गा.वि.स स्थिान श्री विष्णुदेवीको वस्तुकला यस प्रकार रहेको छ । यस मन्दिरको प्राचीन स्वरुप थाहा पाउन सकिएन हाल यो मन्दिरको प्राचीनस्वरुपमा पूर्णरुपमा परिवर्तन भएको छ तर यहाँ भएका सबै देवी देवताहरु यथास्थानमा राखिएको छ । विष्णुदेवी पछाडि रहेको संम्वत ७९७ (इ.स. १६७६) अष्ठमातृका सहितका शिला त्यसको दायाँ वायाँको स्त्री र पुरुषको मूर्ति रहेको छ । तिनीहरु सबैलाई जहाँको त्यही राखी मन्दिर मात्र समय समयमा थप जिर्णोद्धार भई हालको रुपमा देख्न सकिन्छ ।

यस श्री विष्णुदेवि मन्दिर मण्डवाआकारको रहेको छ । यहाँ कुनै पनि प्रकारको जग नराखीकन चारैतिर फलामको रेलिङ्ग राखिएको छ । वरिपरि ठाउँ ठाउँमा छ वटा खम्वा राखिएको छ । जसले रेलिङ्गलाई थाम्ने काम गर्दछ । हरेक खम्वामा हरियो रङ लगाई प्रत्येक खम्वामा सेरामिक टायल राखि देवी्देवताको

---

[५९] पेशल दाहाल, सोमप्रसाद खतिवडा ,**नेपालको कला वास्तुकला** ,(काठमाडौं : एम.के.पब्लिशर्स .एण्ड डिष्टीव्यूटर्स , वि.सं. , २०५६ ), पृ. ११२ ।

[६०] **ऐजन** ।

फोटो राखिएको छ। मन्दिर भित्र प्रबेश गर्नको लागि फलामको ढोका (च्यानलगेट) राखिएको छ । ढोकाको ठीक माथि तोरण राखिएको छ । तोरणको तल्लो भागमा फूलबुट्टाहरु कुँदिएको छ । फूलबुट्टामाथि विच भागमा श्री विष्णुदेवी रहेकी छिन । उनको हातमा खड्ग, तरवार, त्रिशुल र चक्र समातेको देखिन्छ । देवीको दायाँ वायाँ गणेश र कुमार रहेको छन् । गणेश र कुमारको माथि सर्पको चिन्ह राखिएको छ । तोरणको माथिल्लो भागमा छेपु रहेको छ । यसको आँखा ठूलो र मुखमा दुइ तिरबाट सर्प निल्न लागेको जस्तो देखाएको छ । मन्दिरको दायाँ वायाँ प्राचीन खण्डित सिंह र सिंहीनी राखिएको छ , भने पछि पछि वनाएको ठूला ठूला सिह र सिहिनी ढोकाभित्र दायाँ बायाँ राखिएको छ ।

मन्दिरभित्र श्री विष्णुदेवीलाई मूख्य स्थानमा राखिएर वरिपरी विभिन्न देवदेवीको शिला र मूर्ति रहेको छ । श्री विष्णुदेवीको ठीक पछाडि ने.स. ७९७ अंकित अष्टमातृका फलक र त्यसको दायाँ वायाँ स्त्री र पुरुष मूर्ति रहेको छ । श्री विष्णुदेवीको शिलाको अगाडि एउटा सानो पानीको कुण्ड रहेको छ । जसलाई नाग कुण्ड मानेर पूजा गर्ने प्रचलन रहेको छ । यहाँ भित्र मार्बल विछ्याएको देखिन्छ । मन्दिरको वरिपरि रातो र पहेंलो कपडाको झल्लरी राखिएको छ । यसको ठिकमाथि चारैतिर सादा सेतो रङ लगाएको १६ वटा टुडालहरु रहेका छन् । ति प्रत्येक टुँडालमा ऐना पुरै राखिएको छ । ती टुँडालहरुको वीच वीचमा आँखिझ्याल जस्तो प्वाल परेको चारकुने आकारको सिमेन्टको जाली राखिएको छ । यहाँ प्रत्येक जालीमा बिच भागमा फूलबुट्टा राखिएको छ । यस श्री विष्णुदेवीको छाना सिमेन्टको ढलाई गरी नेपाली शैलीको आकारमा एक पूर्णकलशमा पानी चढाइरहेको वा कलशलाई नागहरुले जिब्रो निकालेर हेरिरहेको भान हुने खालको नागहरु स्थापित गरेको देखिन्छ । मन्दिरको वरिपरी १२६ वटा वत्ती बाल्ने पालाहरु रहेका छ । यसरी यो मन्दिरको वास्तुकला रहेको छ ।

मन्दिरको ठीक अगाडि एउटा करिब १ मि ३१ से.मी.को माथि पद्म् पीठमाथि तीन पुरुष मूर्ति श्री विष्णुदेवी तर्फ वटा नमस्कार मुद्रामा रहेको देखिन्छ । यो वि.स. १९२० मा स्थापना गरिएको थियो तर कसले कुन प्रयोजनका लागि राखिएको भन्ने कुरा प्रष्ट गरेका पाइदैन । यसो हेर्दा तीनै पुरुष मूर्ति घुडा टेकेर

देवीस्तुती गरेको हुनसक्छ । यहाँ ७ वटा बत्ती पाल्ने पाला सहित २ वटा फलामको वीचमा घण्टी झुण्ड्याइएको छ । श्री विष्णुदेवीको प्राङगड वरिपरी पुरै नै सिमेन्ट र टायल विछ्याइएकोले यस मन्दिरमा थप आकर्षण रहेको देखिन्छ ।

**४.५ श्री विष्णुदेवी मन्दिरमा मनाईने जात्रा**

काठमाडौं उपत्यका नेवारहरुको बसोबास भएको क्षेत्र भएकोले यहाँका आदि वासी ‘नेवार’ समुदायमा विशेषगरी सिठिले (नखं) चाडपर्व र जात्रा शुरु भएको जनाउने भए तापनि म्हपूजा (नेपाल सम्बत) प्रारम्भपछि मात्रै खास जात्राको क्रम शुरु हुने गरेको पाइन्छ । धानवाली भित्र्याई खेतिपातीको काम समाप्त भएको खुसियालीमा विभिन्न देवीदेवताको जात्रा, पूजाआजा गर्ने चलन रहेको पाइन्छ । यसैको आधारमा काठमाडौंको पश्चिमी भेगमा पनि विभिन्न जात्रा हुने गरेको पाइन्छ । जसमध्ये सातगाउँको जात्रा सबभन्दा लोकप्रिय पौराणिक महत्त्व रहेको जात्राको रुपमा लिइन्छ । सातगाउँको जात्रालाई नेवारी भाषामा बखुंमल भनिन्छ । यो जात्रा मंसीर महिनाको दशमी तिथीमा काठमाडैंको तिनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्ति पीठमा सम्पन्न हुने गर्दछ ।

परापूर्वकालमा यस शक्तिपीठमा तपस्वीहरु आई पूजा उपासना गरी हवन गर्न लागिरहेको अवस्थामा विष्णुमती किनारमा अवस्थित कङ्केश्वरी इन्द्रायणी मन्दिर को (लुतिमरु अजिमा) यज्ञकुण्डमा, परेवा, सर्प भँगेरा, माछा फटेङ्गा, आहुति गर्दा सो यज्ञकुण्डबाट उडी आएको एक अलौकिक बखुं (परेवा) तीनथानाको देवी शक्तिपीठको हवन कुण्डमा वस्ने बित्तिकै दीप प्रज्वलित भएको बखुं (परेवा) अलप भएको भन्ने किम्बदन्ती रहेको छ । यस प्रकार बखँमलः ( ज्वाला) ले हवन सिद्धि भएको कुरा सातगाउँमा फैलियो र शक्तिपीठको रुपमा पुजिई सातगाउँका मानिसहरुले सातगाउँको जात्रा (बखुँमल) चलाउने गरेको भन्ने जनश्रुति रहेको पाइन्छ । प्रचलित

किम्वदन्ती अनुसार श्री विष्णुदेवीका चार सन्तान थिए । श्री विष्णुदेवीले आफ्नो सन्तानलाई भेट्नको लागि मंसिर महिनाको दशमी तिथिमा मलाई भेट्न आउ भनी वोलाइन सबैले सँगै जाने कुरा मिलाए तर सतुंगलकी कान्छी छोरी आमाले किन वोलाएको होला भनेर नजिकको पनि भएर कान्छी छोरी अरु दाजु दिदि भन्दा अगाडि नै पुगेर आमाको काखमा बसिन । यो देखेर दाजुहरुले केही भनेन्

तर मच्छेगाउँकी जेठीछोरी वहिनीले धोका दिएको देखेर रिसाएर तेरो मुख पनि हेर्दिन भनेर पश्चिम फर्कीएर बसेकी हुनाले अहिले सम्म पनि मच्छेगाउँको खट पश्चिमतिर फर्काएर राख्ने चलन रहेको छ। सतुंगलको खट चाँहि मन्दिरभित्र नै राख्ने र विशेष पुजा आजा गर्ने चलन रहेको छ। यसै आधारमा हरेक आमाले कान्छी छोरीलाई वढी माया गरेको भन्ने भनाई पनि सातगाउँको समाजमा प्रचलित रहेको छ।

सातगाउँको जात्रामा मच्छेगाउँ, वोसीगाउँ मातातीर्थ सतुगंल नगाउँ पाँगा र कीर्तिपुर आदि गाउँ पर्दछन्। पाँगा कीर्तिपुर नगाउँको जात्रा भने आ-आफ्नै गाउँको पीठहमा मनाउने गरेको पाइन्छ । ती तीन गाउँका जात्रा सातगाउँको जात्रा भनी कहलिए तापनि छुट्टाछुट्टै रुपमा आ-आफ्नै गाउँमा जात्रा मनाईने गरेको पाइन्छ । यी जात्राहरुको पनि आ-आफ्नै विशेषता रहेका छन् ।हाल मच्छेगउँ , बोसीगाउँ सतुङ्गल ,मातातिर्थ (ल्होखा) नयाँनैकाप र तीनथाना गाउँको जात्रालाई सातगाउँको रुपमा लिइन्छ। किनकी यी गाउँको जात्रा श्री विष्णुदेवी पीठमा सम्पन्न हुने गर्दछ।

श्री विष्णुदेवीका चार सन्तानहरुमा मच्छेगाउँकी ठूली छोरी (खट), बोसीगाउँका जेठा छोरा भैरवनाथ (भेलु ध :)मातातीर्थको माहिला छोरा भैरवनाथ र सतुङ्गलका कान्छीछोरी (खट),लाई नवमीको रातमा धिमे, धाः काँः नाय खिँ दाफाः आदि बाजागाजा सहित भक्तजनहरुहको लावालस्करले दीपावली चिरागका साथ चारैतिरबाट श्री विष्णुदेवी को पीठमा ल्याउँछन् र अपरान्हतिर सिन्दुर जात्रा गरी भित्र्याएर पुजाआजा गरी वलि दिएर सातगाउँको जात्रा सम्पन्न गर्दछन्। यी सातगाउँमा मनाइने जात्रापरम्परा निम्न प्रकारछन् ।

**१.सतुंगल जात्राको परम्परा**

विष्णुदेवी तहविल गुठीले करिब १५ रोपनि जग्गाको आयस्ताले जात्रा सञ्चालन तथा व्यवस्थापन गर्दछ। यहाँको सतुंगलको विष्णुदेवी मन्दिर काठको गजुर परालको छाना र २ तल्ले रहेकोमा केही दशक पहिले मात्र तीन तल्ला गरी पितलको गजुर र छाना बनाएको हो। गुठी अन्तर्गत भंसा, पाहु , तः ननी र कुलाँ गरी चार तह रहेका छन् । प्रत्येक तहले बालचतुर्दशीको दिन १/१ मुरी धानबाट विष्णुदेवी मन्दिरमा जाँड पकाई जात्राको तयारी गर्दछन्।

पहिला ठेचो ललितपुरका ज्यापुलाई मन्दिरको पुजारी बनाएको थियो पूजारीलाई ३ रोपनि जग्गाबाट ५ मुरी धान र फूल चढाउन १ टुक्रा बारी व्यवस्था भएकोमा उसले जग्गा रैकरमा परिणत गरेकोले २ मुरी मात्र दिने व्यवस्था रहेको छ । यसबाट पुजारीले नित्य पूजा, रेखदेख गर्नुपर्ने, अष्टमी र नवमीको लागि बलि सहित पूजाको व्यवस्था बालचतुदर्शीको दिन बेलुकी रोटी दान गर्नुपर्ने, मलःजाको व्यवस्था पहरेदारलाई खानपान गराउनु पर्ने आदि रहेको छ। साईत कुन दिन पर्छ भनी कीर्तिपुरका जोसी कहाँ सोध्न जाने चलन रहेका छ । पुजारीद्वारा पकाइएको जाँडको घ्याम्पो सप्तमीको रातमा श्री विष्णुदेवी मन्दिरका लगिन्छ। पहिला सिठी (नख) पछि गाउँमा पाएको पाँडो तेतीस पैसा तिरी विष्णुदेवीलाई भोग दिन कर लाग्दथ्यो । एकसाल कसाई द्वारेको घरमा पाएको पाँडो नएिकोले द्वारेको सन्तान नासिएको भन्ने भनाई रहको छ । [६१]सरकारको तर्फबाट गाईजात्रा दशै र सातगाउँको जात्राको लागि १,१५५ मात्र दिने गरेको छ । यो समय अनुसार पर्याप्त नभएको स्थानीय बासिन्दाको भनाई रहेको छ । [६२]सप्तमीको रातमा भैरवनाथलाई बाजागाजा वजाई थकाली तथा भक्तजनहरुसहित श्रेष्ठ थकालीले पूजा सामग्री तयार गरी श्री विष्णुदेवी शक्तिपीठमा चोखो राँगो थकाली पूजारीद्धारा वली दिइन्छ । यसै चोखो राँगोको मासु प्रसाद वनाई बाँडिन्छ जसमा मरमसला राखिदैन । गुठीद्धारा नवमीको दिन भंसाटोलमा विष्णुदेवीको मूर्तिलाई विराजमान गराई सफा गरी बस्त्र गहना लगाई दिएर थकालीकोमा रहेका खड्ग, तरवार, बोसनका, पहरेदारले बोकी खटलाई पहरा दिई बाजागाजा सहित भक्तजनहरुको साथ चिराग बाली खट नचलाई सबै भन्दा पहिला श्री विष्णुदेवीको चरणमा राखिन्छ। सबै भन्दा अगाडि पुग्ने र सबैभन्दा ढिला मन्दिरबाट विदाई लिने चलन रहेको छ। श्री विष्णुदेवीसंग विदा लिई प्रदक्षिणा गरेर अपरान्हतिर गाउँ फर्किदा बीचमा मन्दिरको गजुर हराएको भन्ने कथन अनुसार सो स्थानमा एकछिन रोकिई गजुर खोज्ने काम हुन्छ र गाउँ नपुग्दै खट जरुचाका मण्डलमा रोकिन्छ। यसैवेला पहरेदारले ल्याएको सामाग्रीले पूजा गर्दछन्। यी कार्यहरु सम्पन्न गर्नको लागि पहरेदारले दुई मुरी धान पाउछन्। भक्तजन सबैले भोजन गरी आएपछि कीर्तिपुरको उमा महेश्वर मन्दिरबाट इसारा पाउने वितिकै खटलाई बोकी पूजाआजाका साथ गाउँ पूऱ्याई गणेश मन्दिरनिर सरकारी पूजाका साथ सिन्दूर जात्रा गरी भंसाटोलमा खट लगिन्छ र जात्राको समाप्ति हुन्छ। भोलिपल्ट मूर्तिहरुलाई ढक्कीमा राखी मन्दिरमा

---

[६१] सन्तलाल प्रधान, वर्ष ८९, सतुंगल, ।

[६२] न्हुछे वहादुर श्रेष्ठ , वर्ष ७५, सतुंगल, ।

पुऱ्याइन्छ । तीनदिनपछि खाली खट बोकेर (कोही नउठ्दै) मन्दिरमा लगिने प्रचलन रहे तापनि केही दशकदेखि खाली खट बाजागाजाका साथ मध्यान्हसम्म जात्रा गरी मन्दिर पुऱ्याई मलःजा खुवाई जात्रा विधिवत्रुपमा सम्पन्न हुन्छ । जात्रा सम्पन्न भएको चारदिन सम्म कुनै पनि बाजागाजाको आवाज सतुंगल गाउँमा आउन नहुने भन्ने कथन रहेका छ । यो सातगाउँका जात्रा भरी (१ हप्ता) कसैको मृत्यु भएमा पनि जुठो नलाग्ने प्रचलन रहेको छ । यसरी सतुंगलको जात्रा परम्परा रहेको पाइन्छ ।

**ल्होखा) मातातीर्थमा जात्रा परम्परा**

मातातिर्थमा रहेको भैरव श्री विष्णुदेवीको कान्छो छोरा हुन । यस भैरव जात्राको ब्यवस्थापनकोलागि करिब १८ रोपनि जग्गाको व्यवस्था गरिएको छ । जग्गाबाट १८ मुरी ६ पाथी धानका साथै निगालो, दाउरा छ्वाली आदि समेत दस्तुर लिन गरेकोमा हाल १२ मुरी धानमात्र दिने गरेका छन् । गुठीका जग्गा रैकर हुदै गएकोले आयस्तामा कमी हुँदै गएको हो । जम्मा भएको धरौटी रकमले मात्र जात्रा चलाएको देखिन्छ । सरकारबाट ७ मुरी चिउरा सीवाबजी प्राप्त हुने र जात्रा सम्पन्न गरी ३ सुकादाम फिर्ता पठाउने प्रचलन गरेको छ । पूजारीले मन्दिरको नित्य पूजा गरे बापत २ पाथी धान पाउने व्यवस्था छ । जात्राको साइत सुतंगलका श्रेष्ठ थकालीसँग सोध्न जानुपर्ने-प्रचलन रहेको छ । चुतुर्दशीको दिन २ पाथीको जाँड बनाउने भात (लुकुँचा) पकाउनु पर्ने हुन्छ । जात्रामा लगिने भैरवनाथको मूख्य घ्याम्पाको व्यवस्था श्रेष्ठ थकालीले गर्दछ । सप्तमीको मध्यरातमा श्री विष्णुदेवी शक्तिपीठमा चोखो राँगोको पूजाआजा सहित बलि लाने क्रममा ध्याम्पा पनि नोलमा बोकी लगिन्छ । यसमा जाँड पकाउनको लागि २५ पाथी धानको व्यवस्था गरिएको हुन्छ । यी घ्याम्पाहरुमा जाँड पकाउने काम ज्यापु थकालीले गर्दछ ।

सप्तमीको मध्यरातमा जात्राको दिन भैरवनाथलाई बाटोमा कुनै अवरोध नहोस भनी ज्यारफाँटमा गणेशलाई बलिसहित पुजा गरेपछि माताविष्णुदेवी मन्दिरमा पनि बलि सहित पूजा गरिन्छ । बाजागाजा सहित भैरवनाथलाई श्री विष्णुदेवी शक्तिपीठको दक्षिण परिसरको चौर मण्डलामा विराजमान गराइन्छ । पूजा सकिसकेपछी प्रसाद खाने बेलामा थकालीले

मुसिः को प्रसाद ग्रहण गर्दछन् । पूजारीले थालीमा ल्याएको मलः जा बिधिपूर्वक चढाई थाली अर्को व्यक्तिलाई दिई पालो गरिन्छ । ज्यापु थकालीले पकाएको जाँड चढाइन्छ बलिको प्रसाद श्रेष्ठ थकालीले तीन भाग पाउँछन् र १ भागको थलथले मासु बनाउने गर्दछन् । भैरवनाथको गरगहना पूजारीको घरमा नै राखिन्छ । नवमीको दिन मूर्तिलाई बाजागाजा र भक्तजनहरु सहित ढक्कीमा राखी मन्दिरमा राखी गर-गहना र वस्त्र पहिऱ्याई ध्याम्पामा मूर्ति प्रतिस्थापन गरी थकालीले रातीको पूजा गरी श्रेष्ठ थकालीबाट चिराग बाली, पुतुवार थकालीबाट मलः जा बोकी सुरक्षाको लागि भैरवनाथसँग जानुपर्ने चलन थियो तर अहिले यस्तो चलन रहेको पाइदैन ।

दशमी जात्राको दिनमा श्री विष्णुदेवीलाई मलः जा खुवाउने बेलामा तखाः चढाईन्छ । सतुंगलको राँगोलाई पूजा गरेपछि मात्र बलि चढाई पूजाको समाप्त भएपछि प्रसादग्रहण गरी तेलले चुठ्दछन् । ल्वहाँकोट र सतुंगलका थकाली वीच फेरी प्रसाद आदान-प्रदान गरिन्छ । यसलाई मीत लगाएको पनि भनिन्छ । सतुंगलको पूजारीले प्रसाद ग्रहण गरेर विदा दिएपछि मात्र भैरवनाथलाई श्री विष्णुदेवीको पदक्षिणा गराएर बाजागाजा सहित ब्रतालुहरुले चाखो कपडाले स्वागत गरी गाउँ फकाइन्छ । गाउँ फर्कने क्रममा ज्यारफाँटमा पुगेपछि जाँड प्रसादको रुपमा चढाइन्छ र टोलटोलमा बलिसहितको पूजा लिई अन्तमा मण्डलामा रोकिन्छ । त्यसपछि मूर्ति निकाली पूजारीको घरमा राखिन्छ र द्वादशीको दिनमा पूजारी थकालीको घरमा भित्र्याइन्छ । जात्राको दिनमा प्राप्त हुने प्रसाद भेटी पूजारी र गुठीलाई दिने परम्परा रहेको छ । यसरी मातातीर्थको सातगाउँको जात्रा समाप्त हुन्छ ।

**मच्छेगाउँ/टौखेलमा जात्राको परम्परा**

रानीवनको काठ ल्याई ७४ वर्ष अगाडि झिगंटीले छाना लगाएको मन्दिरमा दुई तल्ला र पुरानो तेलिया टायलको छाना रहेको विष्णुदेवीको मन्दिरको जात्रा सञ्चालन र व्यवस्थाको लागि मालि ज्यापु, गोपाली र श्रेष्ठ गरी ४ तहको गुठीको व्यवस्था गरिएको छ । ती गुठीहरमा ठूलो गुठी  माली गुठी रहेको छ । श्रेष्ठ गुठीमा ६ थरी हुन्छन । श्रेष्ठ गुठीले खटनपटन र व्यवस्थापनको कार्य गर्दछ भने जात्राको सम्पूर्ण कार्यहरु देशार गुठीले गर्दछ । देशार गुठीको थकालीले मन्दिरको हेरविचार तथा नित्यपूजा गर्ने गर्दछ मन्दिरभित्र बालाचतुर्दशकिो दिनमा

३ पाथीको र ४ दिनपछि अर्का ३ पाथीको जाँड पकाइन्छ जुन जाँड जात्राको दिनमा  रथ बोक्ने र वाजा बजाउनेलाई प्रसादको रुपमा दिइन्छ । गाईजात्रा, सातगाउँको जात्रा र दशैलाई गरी जम्मा रु. २,३००। सरकारीकोषबाट दिने गरेको छ । जुन समय अनुसार कमी भएको थकालीको भनाई रहेको छ ।

सप्तमीको दिनमा गाउँको सात ठाउँमा प्रसाद चढाई गणेशलाई ४ वटै गुठीले पूजा गरी ४ वटा थुगाको बलि दिइने परम्परा थियो तर अहिले एउटा मात्र राँगोको बली दिने गरिन्छ । यो बली देशार गुठीले मात्र गर्ने गरेको देखिन्छ। अष्ठमीको राती श्री विष्णुदेवी पीठमा हवन गर्नलाई ५ रोपनि जग्गाको व्यवस्था गरिएको छ । हवनमा ४ वटा वलिसहित पूजाआजा गर्न ललितपुरको आचाजुद्वारा गरिने प्रचलन रहेको थियो तर अहिले सतुंगलको राजोपाध्यायद्वारा यो कार्य गरिएको पाइन्छ । श्रेष्ठ गुठीले २० मुरी धानबाट ४ वटा बलि दिने देशार गुठीले २४ पाथी धानबाट मलः जा, 'पूजा प्रसाद सामाग्री मरमसला, खट बाँध्ने, र बोक्ने व्यक्तिहरुलाई तेल धस्न २ माना तेल दिनुपर्ने हवन गर्न लाँदा तेल २ माना चिराग ४ वटा दिनुपर्ने र बाटो बनाउने र देवता बोक्नेलाई १० पाथी धान समेत दिने चलन रहेको छ । साथै मण्डलामा  सप्तमीदेखि दशमीसम्म राख्ने र झिक्ने सबै गर्नु पर्दछ ।

नवमीको मध्यरातमा गाउँको चारै दिशाको कुनाकुनामा पूजा गरी बाँधछाँद गरिन्छ । यसले जात्राको दिनमा रथलाई विध्न नहुने र गाउँको सुरक्षा हुन्छ भन्ने भनाई रहेको छ । यसपछि पूजारीले मूर्ति मन्दिरबाट बाजागाजासहित ल्याई पूजारीको जिम्वामा रहेको गरगहना, वस्त्र पहिऱ्याई सिगांरपटार गरेर खटमा विराजमान गराई खटको दाहिने नोलमा देशार गुठी र देब्रे नोलमा बाजा खलः ले बोकी टोलटोलमा बाजागाजा सहित घुमाई थकालीद्वारा खड्ग बोकी अघि अघि लागि श्री विष्णुदेवीको मन्दिरमा पुऱ्याइन्छ । यहाँका मानिसहरुको भनाई अनुसार जेठी दिदी भएकीले भाईहरु बहिनीलाई बोलाई आमाको दर्शन गर्न जाने सल्लाह गरी बिस्तारै श्री विष्णुदेवी स्थापना आउँदा सतुंगलकी कान्छी बहिनी पहिले आई आमाको काखमा बसेको देखेर रिसाई पीठ्यूँ फर्काएर पश्चिमतिर फर्की बस्छिन् भन्ने भनाई रहेको छ । श्री विष्णुदेवीले ठूली छोरीलाई सात्वना स्वरुप गणमा पर्साएको बोकाको बली चढाउने प्रचलन अहिलेसम्म पनि

रहेको छ ।

नवमीको रातमा श्री विष्णुदेवी स्थानलाई बलीको लागि बोका र पूजा सामानको खर्पन बोक्ने व्यक्तिलाई २ रोपनि बारीबाट आएको १ मुरी मकै दिने चलन रहेको थियो तर हाल यो व्यवस्था रहेको पाइदैन । यसै गरी टौखेलको समुहले खटलाई छाता ओढाउने गर्दछ । पहिले २० रुपैया धरौटी राखी धाईगुठीले यो कार्य गर्नुका साथै बली पनि दिने गर्दथ्यो । जात्राको साइतको लागि ठूलो गुठीले कीर्तिपुरको गोपाली थकाली कहाँ पुग्ने र उनीहरु ललितपुरका जोशीहरु कहाँ पुग्ने चलन रहेको छ । गुठीको लागि बस्ने छाप्रो बनाउन र रेखदेख गर्नको लागि १२ पाथी मकैको व्यवस्था गरिएको छ ।

चोकमा (लाछि) द्वारे पूजा गरी सिन्दूर जात्रा सम्पन्न गर्दछन् । खटको बलिका साथ पूजाआजा गरी मलः जाको प्रसाद गणमा चढाई त्यहाँ हुने व्यक्तिहरुले पनि खाने गर्दछन् र श्री विष्णुदेवी मन्दिरको प्रदक्षिणा गरी गाउँ फर्किने क्रममा काँगियो हराएको स्थानमा खोज्ने काम गरिन्छ । त्यसपछि मात्र सतुंगलको खट बोक्ने र नचाउँन अनुमती पाइन्छ । खट बोकी टौखेल हुदै गहना हराएको स्थान पुगी खाज्ने काम गरेर गाउँमा पुर्‍याईन्छ । त्यसपछि पूजाआजाका साथ २४ पोका सिन्दुर र चोखो राँगोसहित छ थरी नायःहरु वसी चोकमा द्वारे पुजा गरी सिन्दुर जात्रा सम्पन्न हुन्छ । यस खटको मूर्ति मन्दिरमा विराजमान गराई यसको ४ दिन पछि खट भित्र्याई जात्रा सम्पन्न हुने गर्दछ ।

एकादशीको मध्यरातमा श्री विष्णुदेवी स्थानमा बलिसहित क्षमापूजा हुन्छ । पूजा सम्पन्न गरी फर्कदा टौखेलतिर चौरमा फेरी पूजा गरी प्रसाद ग्रहण गरेर आएको बाटोतिर नफर्की गाउँतिर लाग्दछन् । सो पूजा गर्ने कार्य कसैले पनि भेट्न र हेर्न नहुने भन्ने कुरा अहिलेसम्म पनि रहेको पाइन्छ ।

**बोसिगाउंFमा जात्राको परम्परा**

प्राचीन समयमा मातातीर्थमा ठूलो आगोलागीको कारण १६ वटा बन्चरो र १ नोल खेतदिई बोसिँगाउँमा बस्ती सरेको र यस बापत ७५ जना ज्यामी बोसिँगाउँले ले मातातीर्थमा बुझाउनुपर्ने भन्ने कथन रहेको यस गाउँमा बालचतुर्दशीका दिनदेखि जात्राको तयारी शुरु हुन्छ । पुतुवार थकालीले मन्दिरमा जात्रा गरिने भैरवनाथ (भेलू) को दुईवटा तामाका घ्याम्पाहरुमा चामलको पीठो

पकाउने काम गर्ने गर्दछ । जात्रागुठीको नाउँमा रहेको १३ रोपनि जग्गाबाट साढेदुई रोपनि जग्गा, २ मुरी धान, २ कल्ली छ्वाली र पराल, एक भारी दाउराको दरले प्रत्येक साल बुझी लिई जात्रा सञ्चालन गर्दै आएको पाइन्छ ।

सप्तमीको मध्यरातमा श्री विष्णुदेवी शक्तिपीठमा बलि, पूजाआजा र बाजागाजासहित भक्तजनहरुद्वारा भैरवनाथ ल्याई पीठको दक्षिणतर्फको परिसरमा राखिन्छ । श्री विष्णुदेवीको रातीको पूजामा बोसिगाउँको बलि पनि दिइन्छ । अष्टमीको दिन बलिको प्रसादद्वारा कालो छोयलाका साथ थलथले मासु समेत बनाइन्छ । पूजाआजा गरी छोयला, चिउरा, मासु, गेडागुडीसहितको प्रसाद खुवाउने गरिन्छ  यस्तो भोजलाई छोयला भु: भनिन्छ । यसै दिन गाउँका सबै मण्डला र डबलीहरुमा ध्वजाहरु डोरी लगाई टागिन्छ । रातमा ज्यारफाँटमा बलि सहितको गणेशको पूजा गरिन्छ । यसबाट नवमीको रातमा लगिने भैरवनाथलाई कुनै अवरोध हुदैन भन्ने भनाइ रहेको छ ।

करिब पचास वर्षअगाडि थानकोटको काठ दाउरा ल्याई भैरवनाथको मन्दिर स्थापना गरिएको थियो । भैरवनाथको सबै सम्पती भंसागुठीको थकालीको जिम्मामा रहेको छ । नवमीको रात मूर्तिलाई डवलीमा राखी गहना वस्त्र पहिर्‍याई सिंगारपटार गरेर पूजाआजा गरिन्छ । भैरवनाथको लागि घ्याम्पामा पकाएको जाँड प्रसादको रुपमा बाँडिन्छ र टोलटोलमा भैरवनाथलाई घुमाई ब्रतालु भक्तजनहरुका साथ श्री विष्णुदेवी शक्तिपीठमा पुर्‍याइन्छ । खल:ले ल्याएको दाउरा बालिन्छ । ब्रतालुहरु श्री विष्णुदेवीको दर्शन गरी पूजाआजा गर्दछन् र अन्य भक्तजनहरु आ–आफ्नै घर फर्कन्छन् । पछि बाजागाजासहित भक्तजनहरुको ठूलो भेला हुन्छ । यस बीचमा विभिन्न पूजाआजासहित श्री विष्णुदेवी स्थानमा गणहरुलाई मल:जा चढाइन्छ  र भंसा गुठीका थकालीले सबैभन्दा पहिला पूजा आजा गरी सिन्दुर जात्रा गर्ने चलन रहेको छ । यसै पूजालाई सिंदुर जात्रा ( सिन्ह्या:) पनि भनिन्छ । पछि कीर्तिपुरका पूजारी र थकाली गरी प्रसाद ग्रहण गर्ने गरिन्छ । जात्राको दिनमा श्री विष्णुदेवीसँग विदा भई मन्दिर प्रदक्षिणा गरेर साँझतिर घर फर्कदा ब्रतालुहरुले चोखो कपडा बिछ्याई स्वागत गर्दछन् । गाउँ नजिक मण्डलामा भैरवनाथलाई रोकी सुर्यलाई तीनपटक प्रसाद चढाई अर्को मण्डलामा रोकी पहिलो पूजा लिइदै क्रमश डवलीमा विराजमान गराइन्छ ।

त्यसपछि ब्रतालुहरुबाट आफ्नो क्षमता अनुसार भैरवनाथलाई बस्त्र, नगद गरगहना चढाई आफन्तहरुलाई भोजन गराइन्छ । जात्राको दिनमा भैरवनाथको रेखदेख पुतुवार थकालीले गर्दछन् । भैरवनाथलाई तीनदिनसम्म डबलीमा विराजमान गराई मन्दिरमा भित्र्याउने बेलामा भंसागुठीमा थकालीले बलि पूजाका साथ जात्रा सम्पन्न गर्ने गरेको पाइन्छ । यसरी सातगाउँमध्ये एक महत्वपूर्ण गाउँ बोसिगाउँको जात्रा सम्पन्न भएको देखिन्छ ।

## टुसाल तीनथानको जात्रा परम्परा

यस टुसाल तीनथानाको जात्रा २०४१ देखि मात्र संञ्चालन हुदै आएको हो । यस जात्रामा नैकाप नयाँ भञ्ज्याङ्ग गाउँमा कालिकादेवीलाई खटमा विराजमान गराई श्री विष्णुदेवी मन्दिरमा वाजागाजासहित ल्याई जात्रा मनाउने गरेको देखिन्छ । नवमीको राती कालिकादेवीको खट सबैभन्दा पछि ल्याउने र सबैभन्दा अघि उठाई लैजाने चलन रहेको छ । भैरवनाथको खटहरु श्री विष्णुदेवी मन्दिरमा नआउदै ब्रतालुहरु रातभर जाग्राम बसी बत्ती बाली देवीको आराधना गरेर बस्ने गर्दछन् । यसै बेला टुसालका मानिसहरुले बाँसुरी बजाउदै श्री विष्णुदेवीको प्राङ्गणमा देवीस्तुतिकासाथ गीत गाउँने गर्दछन् । त्यसपछी भैरवनाथ र खटहरु आएपछि बाँसुरी बजाई रथलाई नचाउँदछन् र कालिकादेवीको मन्दिरमा लागेर राख्दछन् यसरी टुसालको जात्रा परम्परा सम्पन्न गरेको पाइन्छ ।

## सातगाउँको जात्राको महत्व

हरेक जात्राको आ-आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । यस सातगाउँको जात्रा पनि आफ्नै महत्त्व रहेको छ । बाली भित्र्याई खेतीपातीको काम समाप्त भएपछि देवीदेवताको पूजा आराधना र जात्रा गर्ने कममा यस श्री विष्णुदेवी शक्तिपीठमा ऐतिहासिक महत्त्व बोकेको सातगाउँ जात्रा हरेक बर्ष मंसिर महिनामा भव्यतापुर्वक सम्पन्न गर्दै आइरहेको छ । नवमीको मध्यरातमा श्री विष्णुदेवीमन्दिरमा पाँगाको प्रत्येक घरधुरीबाट १/१ वटा फुल र कीर्तिपुरबाट यज्ञकुण्डमा हवनको लागि दाउरा त्याउने परम्परा रहेको छ । कीर्तिपुरको जात्राको सुरुको होम होमादी बल्खुको मुख्यक्षेत्र विष्णुदेवी स्थानमा गरिन्छ । यसबाट श्री विष्णुदेवी क्षेत्र पवित्र स्थान भएको प्रष्ट हुन्छ । जात्रामा भैरवनाथको रथ तथा खटहरु बाजागाजाका साथ ल्याई सातै गाउँहरुका हजारौ

भक्तजन र दर्शनार्थीहरले ठूलो मेला भर्दछन् । यस जात्राको लागि गुठीहरुको व्यवस्था वाजागाजा गाउँटोल सरसफाई र सिगांरपटार गरेको देखिन्छ । यस्ता जात्राहरुको प्रचलनले गाउँ बिचको राम्रो सम्वन्ध हुने र धार्मिक सहिष्णुता बढ्नुको साथै ऐतिहासिक सांस्कृतिक संरक्षण पनि हुने गर्दछ । यस जात्राको प्रसाद मलःजा खानाले पेटसम्वन्धी रोग निको हुने र यज्ञकुण्डको खरानी घरमा राख्नाले ग्रहदशाबाट बचिन्छ भन्ने यहाँको जनविश्वास रहेको छ ।

यस्ता जात्राहरुको व्यवस्था राम्रो वनाएर अगाडि वढाउनु हामी सबैको कर्तव्य रहेको छ । यस विष्णुदेवी नामका गुठीका जग्गाहरु व्यक्तिगत रुपमा ल्याएर वेचविखन पनि भएका छन् यसलाई रोकी जात्रालाई निरन्तरता दिनु आजको आवश्यकता रहेको छ । सरकारी दस्तुर पनि निकै नै कम भएकोले यसलाई समय सापेक्ष वनाउनु पर्ने भएकोले यसतर्फ ध्यान दिनु आवश्यक रहेका छ । यस्तै गरी गुठीको जग्गाहरु मासिदै जाने हो भने सातगाउँको जात्रा नाम मात्र सहने छ भन्ने भनाई यहाँका बासिन्दाहरुको रहेको छ ।

**४.६ श्री विष्णुदेवी मन्दिरको धार्मिक महत्वः**

प्राचीन समयदेखि नै देवीशक्तिको उपासना गरिएको पाइन्छ । लिच्छविकाल भन्दा पनि मल्लकालमा आएर देवीशक्तिको विभिन्न रुप मान्दै आएको कुरा विभिन्न ग्रन्थ र अभिलेखबाट थाहा पाउन सकिन्छ । यसै सन्दर्भमा तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवि मन्दिर पनि धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । यस पवित्रस्थलमा देशका विभिन्न ठाउँहरुबाट भक्तजनहरुको भिड लाग्ने गरेको पाइन्छ । नेपालीहरुको माहान चाड दशैमा अरु शक्तिपीठमा सरह यहाँ पनि हजारौं जनावरको बली दिने र भक्तजनहरुको भिड देख्नाले यो मन्दिर धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यस क्षेत्र वरिपरीका मानिसहरुले आफ्नो घरमा कुनै शुभ काम वा पूजा पाठ गर्न लागेमा पहिला श्री विष्णुदेवीको मन्दिरमा भाग ल्याएर मात्र गर्ने गरेको पाइन्छ । विवाह, ब्रतवन्ध सकिएपछि पनि यहाँ बरवधु र वटुकलाई यस मन्दिरमा ल्याई दर्शन गराउने चलन रहेको छ । यस श्री विष्णुदेवी मन्दिर धार्मिक दृष्टिकोणले अगाडि बढ्नुको अर्को कारण यहाँका प्राचीन सप्टमातृका हुन । यस क्षेत्रको इच्छुमती र इन्द्रमतीको दोभान भई उत्तरदया घामले गर्दा पनि टाढा टाढाका मानिसहरु पनि यहाँ आई स्नान गरेमा पवित्र हुन्छ भन्ने धारणाले गर्दा पनि

यो मन्दिरको महत्त्व झन बढ्न गएको हो ।

यस क्षेत्रलाई पवित्रस्थल महसुस गरी प्राचीनकालदेखि नै मानव अन्त्येष्टि मसान घाटको केन्द्रका रुपमा प्रयोग गर्दै आएकोले यस मन्दिरको धार्मिक महत्त्व रहेको कुरा स्पष्ट हुन जान्छ ।

विष्णुदेवी मन्दिरलाई एउटै बल्खुखोलाले तीनतिरबाट विचमा मन्दिर रहेको कारणले पनि यस मन्दिरको धामिक महत्त्व बढ्न गएको हो । पश्चिम मोहडा भएका देवी कमै हुन्छन । काठमाडौको भद्रकाली, गोर्खाका गोरखकाली र तीनथानको श्री विष्णुदेवी पश्चिमी मोहडा भएका देवी मूर्तिहरु हुन । पश्चिमी मोहडा भएका देवी प्राय सबैको लागि फाप (शु:भ) मानिन्छ ।[६३] त्यसैले श्री विष्णुदेवीले सातगाउँको विशेष प्रकारले रक्षा गरेकी देवीको रुपमा यस भेगमा महत्वपूर्ण देवीको रुपमा लिइन्छ शाक्तधर्मअन्तर्गत २४ पीठ रहेको छ , ती २४ पीठलाई चित चक्र, वाक चक्र र काय चक्र गरी ३ भागमा बाँडिएको छ । विष्णुदेवी अर्थात वैष्णवी वाक चक्रको चौथो पीठ र बल्खुखोला तिर्थ स्थलको रुपमा रहेको यस मन्दिरको महत्त्वपूर्ण धार्मिक महत्त्व रहेको छ ।[६४]

परापूर्वकालमा यस क्षेत्रका खत्री थरका एकजना व्यक्ति हरेक दिन उज्यालो नहुदै श्री विष्णुदेवीको मन्दिर जाने गदर्थे । एक दिन उक्त व्यक्तिले विष्णुदेवी मन्दिरमा ठूलो भोज भइरहेको देखे । रुखको हाँगामा बसेको एक जनाले तिमी पनि एक भाग लिउँ भने तर उसले लिएनन् । हरेकदिन जस्तै श्री विष्णु देवीको दर्शन गरी घर फर्कदा बाटोमा मूलाको चाना सुकाएको जस्तो देखे । कसले यहाँ यति राम्रो मूलाको चाना राखेछ भनेर माथि माथिको अलिकति सुकेको मूलाको चाना मात्र दौराको फेरोमा राखेर लगे र घरमा राखेपछि उक्त चाना सुनको ईटा नै ईट्टामा परिवर्तन भएको थियो त्यस पछि उक्त व्यक्ति गाउँको धनी व्यक्त भए । उनको मृत्यु पछि उनका छोराहरुले विष्णुदेवीको उपासना गर्न छाडेकोले उनीहरुको घरमा चोरी लागि धेरै सम्पती लगेका थिए । त्यसपछि उनका सन्तानले यो तथ्य सम्झेर श्री विष्णुदेवीको उपासना गर्न थालेपछि फेरी सम्पन्न भएको भन्ने भनाई रहेको छ । अहिले पनि श्री विष्णुदेवीकै कारणले उनीहरु धनी मानी परिवारमा नै गनिएका

[६३] खड्का, **पूर्ववत,** (पादटिप्पणी सं ५३), पृ ६२ ।

[६४] राउत **पूर्ववत्,** (पादटिप्पणी नं.१६), पृ ८ ।

छन् ।[६५] यस कारणले  पनि यस भेगका मनिसहरु श्री विष्णुदेवी मन्दिरप्रति धार्मिक आस्था राख्ने गरेको पाइन्छ । नयाँ नैकाप गा.वि.स.का मानिसहरुको इष्टदेवता नै विष्णुदेवी भएकोले यहाँ कार्की परिवारहरुमा श्री विष्णुदेवी मन्दिरसँग बेग्लै किसिमको धार्मिक सम्बन्ध रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरु श्री विष्णुदेवीलाई साक्षातदेवीको रुपमा पूजा उपासना गरेर यस विष्णुदेवी मन्दिरको धार्मिक महत्त्वमा बढवा दिएका छन् । त्यसैले यस मन्दिर परिसरमा धान्यचल महायज्ञ भव्यतापूर्ण संचालन भएको थियो । यसबाट प्राप्त रकमले विष्णुदेवी सामुदायीक भवन निर्माण भएको हो । यहाँ हरेक दिन विहान भजन कीर्तन र समय समयमा सत्सग, हवन र यज्ञ हुने हुनाले यो मन्दिर धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण रहन गएको हो । यसरी विभिन्न आधारले श्री विष्णुदेवी मन्दिरको धार्मिक महत्त्व  रहन गएको छ ।

### ४.७. श्री विष्णुदेवी मन्दिरमा गरिने पूजा विधि

मूर्ति पुजाको परम्परा इ.पू प्रथम शताब्दीदेखि नै भएको पाइन्छ । किराँतकाल, गोपालकाल र लिच्छविकालमा बनेका मूर्तिका वनावोट र शैलीका आधारमा त्यतिवेलाका कलाकारहरु मूर्ति बनाउन सक्षम थिए भन्न सकिन्छ । मूर्ति बनाउनुको मूख्य उद्देश्य पनि मूर्ति पूजा भएकोले मूर्ति पूजाको प्रचलन प्राचीनकालदेखि नै भएको थाहा पाउन सकिन्छ । यी मूर्तिहरुको पूजा गर्ने विधि पनि परम्परादेखि नै रहदै आएको पाइन्छ । यसै परिपेक्षमा तीनथानास्थित श्री विष्णुदेवी मन्दिरमा पनि गरिने पूजा विधि सामान्य प्रकारको देखिन्छ । यहाँ कुनै प्रकारको मूर्ति  नभई यहाँ स्वउत्पती भएको शिलालाई विष्णुदेवी मानेर पूजा उपासना हुदै आइरहेको छ ।

देवी देवताको निर्गुण निराकार र सुगुण साकार दुईवटा रुप मानिन्छ । यसमध्ये विशेष गरी शाक्त मतहरुमा देवीको निगुण निराकार रुपको उपासना गरिन्छ। यही परम्परा अनुसार  यहाँका शक्ति पीठहरुमा पनि देवीको साकार मूर्ति स्थापना नगरी केवल शीलारूप मात्र गरिएको छ । यस्ता शक्ति पीठहरुको अतिरिक्त यहाँ शाक्तधर्म सम्बन्धी मूर्ति पनि रहेको पाइन्छ ।[६६] यसैलाई आधारमानी यस श्री विष्णुदेवी शक्तिपीठमा पनि देवीको निगुग निराकार मान्दै मूख्य शीलालाई विष्णुदेवी मानेर पूजा उपासन गर्ने परम्परा रहदै आएको पाइन्छ ।

---

[६५] स्थलगत भ्रमण

परापूर्वकालदेखि नै यस मन्दिरको पूजारी कीर्तिपुर नं.पा. वडा नं. १७ का पोडेहरु रहेका छन् यी पोडे जाति विष्णुदेवीको पूजारी (देवपाला) हुनुको कारण, प्राचीन समयमा पोडेजाति र देवी एकै परिवारका थिएकी भन्ने अनुमान गर्न सकिन्छ । यी पोडेहरुको श्री विष्णुदेवी पूजा गुठी रहेको छ । उक्त गुठीमा जम्मा ६४ जना पोडेहरु रहेका छन् र उनीहरुको रहेक १, १ महिनामा गुठीमा एउटै घरका २- दाजुभाई छन भने पनि उनीहरुको लगातर २- महिनासम्म पनि पूजारी हुने गर्दछन् । जुन व्यक्तिको पूजारी बन्ने पालो हुन्छ उसको पालो भरी श्री विष्णुदेवीको गरगहना मुकुट घण्टा, चम्मर भैरवको मुकुट जस्ता विष्णुदेवीका सामग्री सम्बन्धित व्यक्तिकै जिम्मामा रहेको हुन्छ । उसले ती सामग्रीलाई आफ्नो घरमा सुरक्षित राख्ने गर्दछ । प्रत्येक सनिवार र पूर्णिमाको दिनमा मात्र ति सामाग्री मन्दिरमा ल्याउने गर्दछन् । अरु दिन घरमा नै सामान्य पूजा गरी राख्ने गर्दछन् । दशैमा घटस्थापनाको दिन देखि कोजाग्रत पूर्णिमामा सम्म र सातगाउँको जात्राको जात्रा भरी यही श्री विष्णुदेवीको गरगहना र अन्य सम्पूर्ण सामग्री मन्दिरमा नै राख्ने प्रचलन रहेको छ ।

श्री विष्णुदेवीको मुकुट र अन्य समानलाई पोडेहरुले घरमा पानीले स्नान गराएर घरमा नै पूजा गरी खर्पनमा राखी मन्दिरमा ल्याएर श्री विष्णुदेवीलाई पुजाआजा गरी गरगहना र मुकुट लगाई आकर्षक बनाएर राखेपछी भक्तजनहरु आई पूजा गर्ने गर्दछन् । जुन व्यक्ति १ महिना पूजारी हुन्छ उक्त महिना भरी चढाएको सामान सबै पूजारीकै हुने गर्दछ ।

शनिवार र पूर्णिमाको दिनमा लिएर आउने ती सामानहरु करिब १२- बजे तिर खर्पनमा राखेर आफ्नै घर जाने गर्दछन् । पहिला पहिला मन्दिरको नित्यपूजा गर्न पनि पोडेहरु नै आएर गर्थे तर हाल आएर भने श्री विष्णुदेवीको मन्दिरको परिसरमा रहेको भवनमा बस्ने लालबहादुर शाक्यले ३० वर्ष आगाडी देखि नै यस मन्दिरको नित्य पूजा गदै आएको कुरा बताउँछन् ।[६७] उनी विहान सबेरै उठेर मन्दिरको ढोकाको ताल्चा खोलेर मन्दिर भित्रका विष्णुदेवी लगायत अन्य देव देवीलाई राम्ररी सफा गरी, अवीर, केशरी, अक्षता जौ, तील फूल प्रसादले पूजा गरी धुपवत्ती बालेर घण्टा बजाएपछि अरु भक्तजनहरुले पूजा गर्ने गर्दछन् । बेलुकाको

---

[६६] सुनिता श्रेष्ठ, **"टेकु पचली भैरव क्षेत्रको साँस्कृतिक अध्ययन"**, (अप्रकाशित) स्नातकोत्तरतह शोधपत्र (कीर्तिपुरःनेपाली इतिहास तथा पुरातत्व केन्द्रीय विभाग त्रि.वि., वि.सं.२०४९), पृ. ४९

[६७] लाल बं: साक्य, वर्ष ९०, श्री बिष्णुदेवी परिसर ।

साँझ वत्ती पनि शाक्यले नै गर्दै आइरहेका छन् । शनीबार, पूर्णिमा, विशेष चाड, जात्रा बाहेकअन्य दिनमा यिनै व्यक्ति पूजारीको रुपमा रहदै आइरहेका छन् । यस मन्दिरको पूजा विधि सामान्य प्रकारकै देखिन्छ ।[६८] तर जात्रा र चाडपर्वमा भने अलि फरक पाइन्छ ।

श्री विष्णुदेवी पूजा गुठीको मूलीको नाम शिवलाल पोडे हो । उनकै नेतृत्वमा विष्णुदेवको पूजालगायत, पूजारीको चयन र सम्पूर्ण रेखदेख पनि मूलीले नै गर्ने परम्परा रहदै आएको छ । यसरी श्री विष्णुदेवीको पूजा गर्ने परम्परा रहदै आएको छ ।

---

[६८] शिवलाल पोडे,वर्ष ७७ कीर्तिपुर, वडा नं. १७, ।

**उपसंहार**

तीनथाना स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको धार्मिक तथा सांस्कृतिक पृष्ठभूमि अत्यन्तै प्राचीन रहेको पाइन्छ । यस क्षेत्रका विभिन्न जातिको इष्टदेवी नै विष्णुदेवी भएकोले यस शक्तिपीठको महिना अत्यन्तै महत्व रहेको स्पष्ट छ । यस श्री विष्णुदेवी शक्तिपीठको अमूर्त सांस्कृतिक खण्डलाई प्रतिनिधित्व गर्ने एउटा गहकिलो पक्ष यहाँको सातगाँउ जात्रा हो । यो जात्रा यस क्षेत्रका सातै गाउँमा भव्यतापूर्वक मनाउने गरेका देखिन्छ । यो मन्दिर मण्डवाआकारमा निर्माण भएको छ भने यहाँ गरिने नियमित पूजा सामान्य प्रकारकै रहेको छ ।

# पाँचौ - अध्याय

## श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा रहेका प्राचीन मूर्ति र जात्राहरु

श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा प्राचीनकालमा निर्माण भएका विभिन्न मूर्तिहरु पाइएकोले यस क्षेत्रलाई प्राचीन क्षेत्रको रुपमा चिनिदै आएको छ । इसाको दोस्रो शताव्दीदेखि सात्रौ शताव्दी सम्मका विभिन्न मूर्तिहरु पाइएकोले यस क्षेत्रलाई अति महत्वपूर्ण पुरातात्विक स्थलको रुपमा हेर्न सकिन्छ । यहाँ रहेका अन्य कतिपय मूर्ति चोरी भइसकेका छन् भने केही बाँकी रहेका छन् हाल प्राप्त केही प्राचीन मूर्तिहरु निम्न प्रकट रहेको छ ।

### ५.१ मातृककाहरु

नेपालमा मातृका उपासनाको कम प्राचीन समय देखि भएको कुरा हामी त्यति वेला गरिने देवी र मातृपूजाको आधारमा नै मातृका पूजा गरिने प्रचलन रहेको प्रमाण पाउँदछौ । नेपालमा प्राप्त प्राचीन मूर्तिहरुमा देवीहरुको मूर्ति नै वढी मात्रामा रहेको पाइन्छ । यसले गर्दा नेपालमा प्राचीन समयदेखिनै शाक्त सम्प्रदायका वाहुल्यता भएको प्रष्ट हुन्छ । कला शैलीको आधारमा कुन मूर्ति कुन समयमो हो भनेर छुट्याउन सकिन्छ । कला शैलीको आधारमा नेपालको तराई क्षेत्रमा पर्ने वञ्जराहीको पुरातात्विक उत्खननमा माटोको एउटा स्त्री मुखौटो प्राप्त भएको थियो जसलाई पुरातत्वविदहरुले भूदेवीको मूर्ति मान्दै यसको समय इ. पू तेस्रो शताब्दीतिरको मानेका छन् ।[६९] त्यस्तै गरी कपिलवस्तुको उत्खननमा माटोको स्त्री मूर्तिहरु र मूर्तिका टुक्रा फेला परेका छन् । जसलाई वावुकृष्ण रिजालले पूर्व मौर्यकालिन लक्ष्मी वा देवीका मूर्तिहरु मानेका छन् ।[७०] यसै मूर्तिलाई लैनसिह वांग्देलले इ.पू. प्रथम शताव्दी तिरको मानेका छन् ।[७१] यस आधारमा नेपालको तराई क्षेत्रमा पनि विभिन्न मातृकाहरु रहेको प्रष्ट हुन आउँछ । यसवाहेक काठमाडौ उपत्यका भित्र पनि विभिन्न ठाउँमा मातृका मूर्ति

---

[६९] एस. पि. देव , **आर्कोलोजिकल इनभेष्टीगेशन इन नेपाल तराई डेभलपभेन्ट अफ आर्कोलोजी**,( काठ्माडौः यच. एम. जि.इ.सं १९६४), पृ ९ं६ ।

[७०] बाबुकष्ण रिजाल, **आर्कोलोजिकल रिमेन्स अफ कपिलवस्तु लुम्वीनी एण्ड देवदह**, (काठमाड्ौः एजुकेशन इन्टरप्राइजेज लि., इ.सं १९७९) पृ. ४४-४५ ।

[७१] वाग्ङ्देल, **पूर्ववत** (पादटिप्पणी सं ३६), पृ. २७ ।

रहेको कुरा विद्वानहरुको रहेको छ । लैनसिहं वाङ्देलले पाटन च्यासलहिटीको गजलक्ष्मीको मूर्तिलाई इ.सं पहिलो शताव्दीको मानेका छन् ।[७२] यसबाट काठमाडौ उपत्यकामा मातृका गणको प्राचीनता ई. पू पहिलो शताव्दीदेखि नै रहेको प्रष्ट हुन जान्छ । लिच्छविकालदेखि नेपालमा मातृका उपासना भएको प्रमाण मानदेव प्रथमको चाँगु अभिलेखमा “मातृका” शव्द उल्लेख भए तापनि वसुमती , लक्ष्मी आदी देवीको वर्णन गरिएको छ ।[७३] यसबाट लिच्छविकालदेखि नै मातृका पूजाको प्रचलन भएको थाहा पाउन सकिन्छ । यसरी लिच्छविकालदेखि नै निकै चर्चामा आएको मातृका पुजा मल्लकालमा आएर अझ विकसित भई मल्लकालिन राजाहरुले लिएका उपाधी र आफ्नो इष्टदेवी नै मातृका वनाएको कारणबाट मातृका उपासनाको विकास तीव्र गतिमा भएको थाहा पाउन सकिन्छ । यस्तै गरी शाहकाल र आधुनिककालमा पनि नेपामा मातृका पुजा उपासनाका उतिकै महत्त्व रहदैआएको देखिन्छ । शुरुमा मातृका भनेर पूजिने देवीलाई सप्तमातृका, अष्ठमातृका,नवदुर्गा र दशमहाविधा गरी विभिन्न गणमा छुट्याउन थालियो । दानववध गर्न देवीले थप शक्तिको रुपमा सप्तमातृकाको सृष्टि गरेको कथा देवी माहात्मयको आठौ अध्यायमा र मार्कण्डेय पुराणको अन्ठाउन्न अध्यायमा वर्णन गरिएको पाइन्छ ।

एकै मातृदेवीका अनेक संख्या निश्चित समुहहरु वैदिककालमा नै देखापर्न थालिसकेको भए पनि सात संख्याको एक समुह सप्तमातृकाले महाभारत, पुराणकालदेखि स्पष्ट रुपमा निकै लोकप्रियतापाउदै आएको देखिन्छ ।[७४] यसबाहेक हौगलवहालका मातृका, हाँडीगाउँ कोलटोलका मातृका, वंगलामुखीका मातृका, चाँगु छिन्नमस्तको मातृका, बल्खुका सप्तमातृका, कीर्तिपुर गणेश मन्दिरका सप्तमातृका, जयवागीश्वरीका मातृका मूर्तिहरु प्राप्त भएबाट उपत्यकामा मातृका गणको पूजाको आराधना व्यापक रुपमा भएको अनुमान गर्न सकिन्छ ।[७५] प्राचीन समयमा शहरहरु निर्माण गर्दा शहरको वरिपरि देवदेवी स्थापना गर्ने सीमा छुट्याउने कार्य हुने गर्दथ्यो । नेपालमा ३ तहको मातृकाको आवरण रहेको

---

[७२] **ऐजन** पृ २५ ।

[७३] हरिराम जोशी, **हिन्दूदेवी देवता** (काठमाडौः श्री ५ को सरकार सञ्चार मन्त्रालय, वि. सं. २०४०), पृ. २१ ।

[ठद्ध] पुरुषोतमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण,** (भक्तपुरः बविता क्षेष्ठ, वि.स.. २०६०), पृ ५ ।

[ठछ] पौड्याल **पूर्ववत** (पादटिप्पणी सं ३४) पृ. १३८ ।

पाइन्छ । सम्भवत प्रथम आवरणले शहरको बसोबासको क्षेत्र, दोस्रो आवरणले कृषि क्षेत्र र तेस्रो आवरणले सीमा क्षेत्र वा जंगल निर्धारण गरेको हुनुपर्छ । यी मध्ये दोस्रो आवरण अन्तर्गत चौथो मातृका यस तीनथाना गा.वि. स स्थित बल्खु खोलाको मातृका रहेको छ ।[७६] यस तीनथानास्थित श्री विष्णुदेवी शक्तिपठि क्षेत्रमा मातृकाहरु सप्तमातृकाअन्तर्गत रहेका कौमारी, वैष्णवी र वाराही रहेका छन् । यी तीनै मूर्तिहरु वुट्टाहरु नभएका , सरल आसनमा वसेका देखिन्छ । यस मूर्तिमा प्राचीनकालमा पाइने मूर्तिको विशेषता छर्लङ्ग हुन्छन् । शैलीको आधारमा यी मूर्तिहरुलाई इसाको दोस्रो शताब्दीको अन्त र तेस्रो शताव्दीको प्रारम्भीककालका मान्न सकिन्छ ।[७७] यस तीनथानास्थित श्री विष्णुदेवी परिसरमा प्राप्त मातृकाहरु होचो पर्खालको लम्वाई १ मिटर ३८से.मि चौडाई १ मी १३ से.मि उचाई रहेको छ । यही सानो गाह्रो जस्तो आकारको पर्खालमा कौमारी , वैष्णवी र वाराहीको मूर्ति रहेको देखिन्छ । अहिले यी मूर्तिहरु झट्ट हेर्दा नचिनिने अवस्थामा रहेको छ । राम्ररी हेरेको खण्डमा यी मूर्तिहरु यसप्रकार छ ।

### ५.१.१ कौमारी

यस विष्णुदेवी शक्तिपीठक्षेत्रमा रहेको करिव दोस्रो शताब्दीको अन्त र तेस्रो शताब्दीको शुरुको मानिएको यो सप्तमाातृका गणको देवीको रुपमा चिनिदै आएको छ । यहाँको कौमारी ललितासनमा बसेकी छिन् । दायाँ खुटा तलतिर झारेको र बाँयाखुट्टा आसनमा नै अडिएको छ । मुख पुरै खिइएकोले अनुहारको कुनै पनि भाग छुटिदैन । माथिल्लो भाग फुटेको छ तर वायाँ हातमा शक्ति लिएको देखिन्छ । दायाँ हात खोपिल्टो पारी वरदमुद्रा छ । घाँटीमा एकोहोरो हार कानमा ठूला ठूला कुण्डल लगाएको देखिन्छ । टाउको पछाडि सरलप्रभा मण्डल जस्तो आकृति देखिन्छ । खुट्टामा ठूला ठूला कल्ली लगाएको देखिन्छ । यस मूर्तिको कम्मर माथिको भाग छोटो र स्तनहरु पनि साना साना देखिन्छन् । दायाँ तिघ्रा कसिएको मोटो र ठूलो देखिन्छ । यस मूर्तिलाई लैनसिह वाङ्देलले हौगलवाहालको मातृकासंग दाँजेर हौगलवहालको मातृका जस्तै गरी हत्केला खोपिल्टो पारी वरदमुद्रामा देखिन्छ र कम्मर माथिको भाग छोटो र स्तन सानो

[ठट] राउत , **पूर्ववत**, (पादटिप्पणी सं १६) पृ. ८ ।
[७७] वाङ्देल **पूर्ववत** (पादटिप्पणी सं ३६), पृ ५१ ।

भएको भन्नु भएको छ । [७८]यसरी यो मूर्ति हौगलबाहलको मातृकासँग केही कुरा मेल खाएकोले यो मूर्ति निकै प्राचीन र परिमार्जित भएको प्रष्ट हुन्छ ।

## ५,१. २. वैष्णवी

यस श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा रहेको करिब दोस्रो शताब्दीको अन्त तेस्रो शताब्दी शुरुको मानिएको वैष्णवी, मूर्ति हो । यो सप्तमातृका अन्तर्गत चौथो मातृका वैष्णवी हुन विष्णुको शक्तिलाई वैष्णवी भनिन्छ । वैष्णवीलाई तान्त्रिकदेवीको रुपमा एक्लै पनि प्रस्तुत गरिएको देखिन्छ । [७९] तर यहाँ सप्तमातृकागणमा देखिन्छ । जुन सप्तमातृकाअन्तर्गत रहने गरेको पाइन्छ ।

यो वैष्णवीको दोस्रो मूर्ति हो । यो मूर्ति सुखासनमा बसेको छ । अरु दुईवटा मूर्तिको तुलनामा यो मूर्ति अलि दुव्लो पातलो र अग्लो देखिन्छ । यस मूर्तिका चार वटा हात छन् । पछाडिका हातले विष्णुको चिन्ह चक्र लिएजस्तो देखिन्छ । र अगाडिको हात चाहि वरदमुद्रामा देखिन्छ । यो मूर्ति अरु दुई मूर्तिको तुलनामा वढी खिइएकोले यसमा कुनै पनि कुरा प्रष्ट देखिदैन । यस आधारमा दायाँ हातमा लिएको चिज के हो भन्ने अवस्था छैन । गहनाहरु पनि केही देखिदैन । तर खुट्टामा लगाएको माटो मोटा कल्ली धेरै नै खिइएको देखिन्छ । यसरी हेर्दा यो मूर्ति धेरै नै खिइएको देखिन्छ । पातलो दुब्लो र अग्लो भएको जस्तो देखिन्छ । यसो हुनुको प्रमुख कारण उचित संरक्षण नहुनु नै हो भन्न सकिन्छ ।

## ५.१.३ वाराही

विष्णुदेवी शक्तिपीठ क्षेत्रमा रहेको अति प्राचीन दोस्रो, तेस्रो शताब्दी तिरको सप्तमातृका मध्य पाँचौं मातृकाको रुपमा उपासना हुदै आएको छ । वराहको शक्तिलाई वाराही भनिन्छ । यो मूर्ति पनि कौमारीजस्तै गरी ललिताशनमा वसेको देखिन्छ । यस मूर्तिको मुख पुरै खिइएकोले केही कुरा प्रष्ट देख्न सकिदैन तर टाउँको फर्केको र कपालको चुल्ठाहरु पनि वायाँ काँधमा नै लत्रेको देखिन्छ । यसको टाउँको पछाडि सरलप्रभामण्डल देखिन्छ । जीउ मोटो र कुम स्पष्टसँग देखिन्छ । दुईवटा हात मध्ये दायाँ हात फुटेको छ र बायाँ हातमा माछा लिएको जस्तो देखिन्छ । माछा वाराही वा मातृकाको चिन्ह भएकोले माछा

---

[७८] वाङ्दल **पूर्ववत**, (पाद टिप्पणी सं ७७), पृ. ५० ।

[७९] थापा, **पूर्ववत्**, (पाद टिप्प्णी सं . ८), पृ. ६८ ।

समातेको हो भन्न सकिन्छ । भुँडी अलि वाहिर निस्केको देखिन्छ पेटमा तीन तहगरी पट्याइएको पटुका वाँधिएको

देखिन्छ । खुट्टामा मोटा मोटा कल्लीहरु लगाएको छ । यस वाराही मूर्तिको स्तन भने गोलो र पोटिलो देखिन्छ । मातृका मूर्तिहरुमा सबैभन्दा महत्त्वपूर्ण मूर्ति वाराहीको मानिन्छ । वाराहीको आजसम्मको प्राप्त मूर्तिहरुमा सबैभन्दा प्राचीन मूर्ति चाँगुस्थित छिन्नमस्ता मन्दिरभित्र रहेको छ । यो विष्णुदेवी परिसरको वाराही र चाँगु छिन्नमस्ताको वाराही मूर्तिको भूँडि वाहिर निस्केकोले उस्तै उस्तै देखिन्छ ।[८०] यस आधारमा चाँगुका सप्तमातृका र बल्खुका सप्तमातृका एकै समयको होकि भन्ने अनुमान गर्न सकिनछ । यसरी तीनथानास्थित शक्तिपीठमा सप्तमातृकाहरु रहेको पाइन्छ ।

## ५.२. पञ्चमुखी शिवलिËं

नेपालमा प्रचलित विभिन्न धर्महरुमध्ये शैव धर्म एक महत्त्वपूर्ण र लोकप्रिय धर्म हो । शैव धर्मअन्तर्गत मानव आकृती, पशु र नर र पशु मिश्रित विभिन्न रुपमा पूजा–आजा गर्ने प्रचलन रहँदै आएको छ । हिन्दू धर्मअन्तर्गत मानिने शैव धर्म संसारकै सबभन्दा पुरानो धर्मको रुपमा मानिएको छ । नेपालमा पनि शैव धर्मको प्राचीनकालदेखि नै आफ्नै किसिमको अस्तित्त्व रहँदै आएको छ । प्रथम शताव्दी इ:पू:को आन्ध्रको गुडीमल्लमा प्राप्त शिवलिङ्ग अत्यन्त महत्त्वपूर्ण मानिएको छ [८१] भने नेपालको सन्दर्भमा लाजिम्पाटको शिवलिङ्ग सर्व प्राचीन मानिन्छ जुन इ:स: ४६६ (सक स:३८८) मा नरवर्माद्धारा प्रतिष्ठापित गरिएको थियो ।[८२] यस बाहेक पनि विभिन्न समयमा वनेका शिवलिङ्गहरु नेपालमा प्रशस्त मात्रामा पाइन्छ । तीनथानास्थित श्री विष्णुदेवी क्षेत्रमा रहेको पञ्चमुखी शिवलिङ्ग पनि एक प्राचीन शिवलिङ्गको रुपमा विभिन्न विद्वानहरुले लिएका छन् । यस पञ्चमुखी शिवलिङ्गलाई पहिला पहिला गोलेकेश्वर महादेवको नामले पूजाआजा हुने गर्दथ्यो । हाल आएर यस क्षेत्रका मानिसहरुले इच्छावृषेश्वर माहादेवको नामले चिन्ने गर्दछन् । यहाँ आई पूजा उपासना गरेमा मनको इच्छा पूरा हुने हुनाले इच्छावृषेश्वर नाम राखिएको हो भन्ने यहाँको जनधारणा रहेको छ । यस पञ्चमुखी शिवलिङ्गको समय इ:पू: चौथो शताव्दीको मानेको छ ।[८३] प्राचीन

---

[डण] मोहन खनाल, **नेपाली कला,** (काठमाडौं: साझा प्रकाशन, वि.स. २०५२) पृ. १७२ ।

[डज्ञ] वज्रभूषण श्रीवास्तव, **प्राचीन भारतीय प्रतिमा विज्ञान एवं मूर्तिकला,** (भारत: वाराणासी विश्वविद्यालय, इ सं १९६०) पृ: ६१ ।

[डद्द] वाङदेल, **पूर्ववत्** (पादटिप्पणी सं ३६) पृ. ८९ ।

[८३] **ऐजन**, पृ. ९१ ।

समयमा नेपाल राज्यको सिमा छुट्याउन ६४ शिवलिङ्ग वा शिलास्तम्भ ठाउँ ठाउँमा स्थापना गरिएको थियो यसको पुरै परिक्रमा गरेमा उसको जीवन अर्थपूर्ण हुन्छ भनेर हरेक नागरिकलाई आफ्नो देशको सिमाको ज्ञान दिने उद्देश्यले यस्ता शिवलिङ्गहरु स्थापना गरेको थियो ।[८४] ६४ लिङ्ग परिक्रममा कुशेश्वर दुम्जाबाट शुरु भई घडीको सुईको दिशामा घुम्दै ६४ औं लिङ्ग रुद्रगारेश्वर पशुपतिमा अन्त हुन्छ । यसै क्रममा ४९ औं लिङ्ग यस विष्णुदेवी क्षेत्रको पञ्चमुखी शिवलिङ्ग वा गोलेकेश्वर माहादेव हुन भने ५० औं लिङ्ग मातातीर्थको चन्दनभराटेश्र महादेव मानिन्छ ।[८५] यसरी प्राचीनकालमा नेपाल अधिराज्यको सीमा छुट्याउन यस्ता शिवलिङ्ग स्थापना गरेवाट यतिबेला शैवधर्मको प्रभुत्व रहेको स्पष्ट हुन्छ । यस भेगको नजिक २ वटा प्राचीन शिवलिङ्ग र अन्य शैव धर्म अन्तर्गतका मूर्ति र मन्दिरहरु प्रशस्त मात्रामा भएकोले थानकोट बलम्बु, शैवमार्गीहरुको पुरानो वस्ती भएको प्रष्ट देखिन्छ ।

नेपालका प्राचीन शिवलिङ्ग मध्ये तीनथाना गा.वि.स. स्थित गोलेकेश्वर ( इच्छावृषेश्वर) शिवलिङ्ग एउटा प्राचीन शिवलिङ्गको रुपमा लिइन्छ । यसको वनौट शैली हेर्दा मथुरा म्यूजियममा रहेको कुषाणकालीन शिवलिङ्गसँग धेरै नै समानता रहेको वाङ्देलको धारणा रहेको छ ।[८६] यस आधारमा यस पञ्चमुखी शिवलिङ्ग निसन्देह प्राचीन मान्न सकिन्छ ।

इच्छावृषेश्वर माहादेव पञ्चमुखी शिवलिङ्गको चारैतिरको मुखको आकृति एकदमै खिइएकाले मुखको कुनै पनि भाग राम्ररी देखिदैन । चारैतिर मुखाकृति भएको शिवलिङ्गलाई निम्न नामले पुज्ने गरेको पाइन्छ । अद्योजात, वामदेव, अघोर, तत्पुरुष तथा ईशान गरी पञ्चमुखी लिङ्ग बनेको हुन्छ । चार दिशामा चारवटा मुख र बीचको मन्दिरको भाग आकाश वा इशान मानि पञ्चमुखी लिङ्ग नामले उपासना गर्ने गरेको पाइन्छ । विभिन्न ठाउँमा प्राप्त पञ्चमुखी शिवलिङ्गमध्ये यस शिवलिङ्ग पनि एक अति महत्वपूर्ण शिवलिङ्गको रुपमा मानिन्छ । यसको समयमा नै उचित संरक्षण नभएकोले यसको चारैतिरको मुखको भाग पुरै खिइएकोले केही पनि देख्न सकिदैन । चारैतिर शिवलिङ्गको मुखको आकार

---

[८४] राउत, **पूर्ववत्** (पादटिप्पणी सं १६) पृ ८ । .

[८५] **ऐजन** ।

[८६] वाङ्देल, **पूर्ववत्** (पादटिप्पणी सं ३६) पृ. ९१ ।

अलि वाहिर निस्केको देखिन्छ । पूर्व र पश्चिम दिशाको अनुहारको आकारमा अलि अलि छुटिन्छ । नाक, आँखा र मुखको भाग मात्र छुट्याउन सकिन्छ अरु भने ज्यादै नै खिइएकोले केही पनि देख्न सकिदैन । यस शिवलिङ्ग खस्रो प्रकारको ढुङ्गाबाट बनेको देखिन्छ यसको पुरै भाग खिइएर तह तह जस्तो परेको देखिन्छ । यस शिवलिङ्गको उचाई ४५ से.मि. रहेको छ भने चारैतिर मुखको पुरै गोलाई ८५ से.मि. रहेको छ । शिवलिङ्गको इशान दिशामा तामाको जलहरी रहेको छ । जलहर भन्दामाथि चदुवा राखिएको छ । यस शिवलिङ्ग जुन ठाउँमा भेटिएको हो त्यही जलहरी बनाएर राखिएको हो भन्ने भनाई यहाँका मानिसको रहेको छ । यस आधारमा यस तीनथाना गा.वि.स. को पञ्चमुखी शिवलिङ्ग प्राचीन समयदेखि नै यही रहेको प्रष्ट हुन्छ ।

यहाँको पूजारीका अनुसार यस पञ्चमुखी शिवलिङ्गको मन्दिर कीर्तिपुरका मानिसले बनाउन लगाएका थिए । यहाँ कुनै पनि प्रकारको अभिलेख नभएकोले कसले कुन मितिमा बनाए भन्ने कुरा प्रष्ट छैन यो मन्दिर गुम्वज शैलीमा निर्माण भएको छ । यस मन्दिरको चारैतिर ढोका रहेको छ तर दक्षिणपट्टीको ढोकाबाट मात्र भक्तजनहरु दर्शन गर्न आउने गर्दछन् । एक तहको पेटीमाथि यो मन्दिर निर्माण भएको छ । जुन चारपाटे आकारमा निर्माण भई छाना भने गुम्बज शैलीको रहेको छ । यहाँको पुरानो ढोका चोरी भएकोले नयाँ ढोका फलामको राखिएको छ । यस मन्दिरको वरिपरि वत्तीबाल्ने पालाहरु रहेको छ । आफूले इच्छाएको  कुरा पुरा भएपछि यस मन्दिरको वरिपरीका पालाहरुमा वत्ती वाल्ने चलन रहेको छ ।

यहाँको पूजारी पनि कीर्तिपुरको नै थिए तर अहिले उनीहरु नआउने गरेकोले विष्णुदेवी मन्दिरमा बस्ने पूजारीले गर्ने गरेका छन् । यहाँको नित्यपूजा यिनै पूजारीलै नै गर्दै आइरहेका छन् । प्राचीनकालदेखि नै रहेका वसाहाहरु भने यस मन्दिरको पश्चिम दिशामा (इच्छावृषेश्वर) मन्दिरतिर फर्काएर राखिएको छ । जुन सुरक्षित तरिकाले सिमेन्टको चारपाटे आकारको चक्का बनाएर राखिएको छ । यी वसाहाहरु पनि पञ्चमुखी शिवलिङ्गसँग निर्माण भएको हुनु पर्छ भन्ने जनधारणा रहेको छ ।

यस पञ्चमुखी शिवलिङ्ग मन्दिरमा श्रावण महिना, तिज र  माघ महिना

निकै भीड हुने गर्दछ । त्यसैले शैवमार्गीहरुका लागि यस मन्दिर महत्वपूर्ण तीर्थ स्थलको रुपमा रहेको छ ।

## ५.३. सरस्वती मूर्ति

देवी उपासनाको क्रममा देवी सरस्वतीको वेग्लै महत्त्व रहँदैआएको छ । देवी सरस्वतीलाई विद्याकी देवीको रुपमा हिन्दू धर्म अन्तर्गत धेरै सम्प्रदाय र धर्ममा पूजा उपासना गर्ने परम्परा प्राचीनकालदेखि नै चलिआएको थाहा पाउन सकिन्छ । नेपालमा सरस्वतीको पूजा गर्ने प्रचलन निकै नै रहेको छ तर यसको प्राचीन समयमा कस्तो स्थिति थियो भन्ने प्रमाण पाइएको छैन । देवी सरस्वतीबारे कुनै पनि अभिलेख र मूर्ति नपाइएकोले प्राचीन समयमा यस देवीको अस्तित्त्व बारे थाहा पाउन सकिएको छैन ।

वौद्ध धर्मावलम्वीहरुले सरस्वतीलाई मञ्जुश्रीको आत्मा मानी पूजाआरधना गर्ने गर्दछन् । साधारणतया सरस्वतीलाई पद्मपीठमाथि वीणा बजाइरहेको रुपमा प्रस्तुत गरिन्छ र यिनको बाहन राजहंस हो । शक्तिको मुख्य तीन रुप रहेको छ जस मध्ये सौम्य रुपअन्तर्गत सरस्वती र लक्ष्मीलाई मानेर पूजा गर्ने प्रचलन रहेको छ । वैद्धिक युगमा सरस्वतीलाई पवित्र नदीका रुपमा मानियो र यिनै नदीको किनारामा वैदिक संस्कृति विकास भएको थियो भन्ने विश्वास गरिन्छ ।[८७] यसरी वैदिक समयमा सरस्वतीलाई पवित्र नदीको रुपमा मान्दथे भने वौद्ध धर्ममा सरस्वतीलाई आर्यसरस्वती वज्रवीणा सरस्वती वज्रशारदा आदि नामाकरण गरेको पाइन्छ ।[८८] देवी सरस्वतीलाई विष्णुको पत्नीको रुपमा मानिएको छ । त्यसैले विष्णुको शक्तिको रुपमा युगल मूर्ति बनाउँदा सरस्वतीलाई समावेश गर्ने गरेको पाइन्छ ।

नेपालमा ऐतिहासिक प्रमाणको आधारमा सरस्वतीको सर्वप्राचीन मूर्ति ने.स. ४३४ (इ.सं. १३१४) को हो जुन पाटन ससुखेलको मन्दिरमा रहेको छ भने अर्को ने.स. ५६७ (इ.स. १४४७) यक्षमल्लको पालाको सरस्वतीको मूर्ति ससुखेल पाटनमा नै रहेको छ ।[८९] यसरी यस आधारमा नेपालमा सरस्वतीको पूजा गर्ने परम्परा इ.सं . १३१४ देखि बढी मात्रामा लोकप्रिय हुदै आएको थाहा पाउन सकिन्छ ।

---

[८७] जे.एन. वनर्जी, **डेभलपमेन्ट अफ हिन्दु आइकोनोग्राफी,** (न्यूदेल्हीः इ.सं. १९७४) पृ. ४९० ।
[८८] श्रीवास्तव, **पूर्ववत्** (पादटिप्पणी सं ८१) पृ. २१९ ।

रुपमण्डलमा सरस्वतीको २ वटा नामको चर्चा गरेको छ । जुन महाविधा र सरस्वती हुन् । सामान्यतया सरस्वतीलाई एकवक्ता चतुर्हस्त भनी वर्णन गरिएको छ ।[९०]

---

[डढ] रेग्मी, **पूर्ववत्**, (पादटिप्पणी सं. ३८), पृ ७६ ।

[ढण]रुक्मिणी प्रधान, काठमाडौं उपत्यकाका **सरस्वतीमूर्तिहरु र पूजा परम्परा** (कीर्तिपुरः नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि. सं. २०६१), पृ . २१ ।

यिनको शिरको मुकुट शोभायमान हुनुका साथै कानमा  कुण्डल र वरिपरी प्रभामण्डल हुनुपर्ने उल्लेख पाइन्छ। महाविद्याको आयुधहरुमा अक्षमाला अब्ज (वेलफल) वीणा र पुस्तक हुनुपर्ने वर्णन गरिएको पाइन्छ।[९१] यसरी देवी सरस्वतीलाई २ वटा नामले चिन्ने गरिएको छ। साधारणतया सरस्वतीको चारहात हुन्छन् जसमा आयुधहरुरहेको देखिन्छन्। आयुधहरुमा पुस्तक रुद्राक्ष मालाबाहेक अन्य हातमा आयुधहरु फरक फरक देखिन्छ।

नेपालमा सरस्वतीको मूर्ति आशन र स्थानक दुवै प्रकारको पाइएको छ।

यस तीनथानास्थित श्री विष्णुदेवी परिसरमा पनि एउटा स्थानक सरस्वतीको मूर्ति रहेका छ। जुन मूर्ति पंचमुखी शिवलिङ्गको मन्दिरभन्दा दक्षिण–पश्चिमतर्फ सरस्वतीको मन्दिर वनाई सरस्वतीको मूर्ति प्रतिष्ठापित गरिएको छ। जसमा इ.सं. १६०० मा बनाएको शिला अंकित गरिएको छ। यहाँको पुरानो मूर्ति इ.सं १६०० को मूर्ति प्रतिस्ठापीत गरिएको हो। पुरानो मूर्तिको शोषपाद मात्र बाँकी रहेको छ शेषपादमाथिको भागमात्र चोरी भएकाले तीनथाना गा.वि.स वडा नं १ वस्ने पूर्णबहादुर महर्जनले २०४१ साल मंसिर १२ गते नयाँ ढुगांका शेषपाद माथिको मूर्ति वनाई त्यही जोडेर स्थापना गरेका थिए।[९२] यहाँ इ.सं १६०० मा निर्माण भएको स्थानक मूर्ति रहेको थियो जसको २०३७ सालतिर चोरी भएको कारणले नयाँ सरस्वतीको मूर्ति प्रतिस्ठापित गरिएको हो। यसको वनोट शैली, ढुंङ्गाको प्रकार पनि शेषपादको र माथिको भाग निकै नै भिन्नता रहेको देखिन्छ। शेषपादको भाग खैरो रङ देखिन्छ भने माथिल्लो भागको रङ चिप्लो कालो देखिन्छ। यसो हेर्दा नछुट्टिने गरी जोडिएको छ तर देख्न सकिन्छ। पुरानो मूर्ति अलि सानो भएको अनुमान गर्न सकिन्छ किनभने पुरानो मूर्तिको भाग सानो र पातलो रहेको देखिन्छ। पुरानो

---

[९१] **ऐजन** पृ २१।

[९२] स्थलगत अवलोकन

मूर्तिको शेषपादमाथि नयाँ मूर्ति प्रतिष्ठापित गरिएको हो । यस शक्तिपीठ क्षेत्रको सरस्वती स्थानक देखिन्छ । यिनको हातमा विभिन्न आयुध रहेको छ । पुस्तक, वीणा, रुद्राक्ष र वेलफल  लिएको देखिन्छ । यस मूर्तिको गलामा हार, लामो माला,कानमा ठूला ठूला कुण्डल, हातमा वाला, छिनेको कम्मर, पृष्ठ स्तन, अनुहारमा सरलता र टाउँकोमा मुकुट लगाएको पटुका र धोतीको भाग  पनि राम्ररी पहिरिएर सजिएको देखिन्छ ।

यहाँ श्री पञ्चमीमा ठूलो मेला लाग्ने  गर्दछ  । यहाँको पुजारीहरु पनि कीर्तिपुरका पोडे जातिहरु नै रहेका छन् । तर उनीहरु  मेलामा मात्र आउने गर्दछन् ।  अन्य दिनमा यहीकै पूजारीले हेर्ने गर्ने गर्दछन् । यस सरस्वती मन्दिरको पूर्वपट्टि एउटा खाली शिला रहेको छ ।  जसमा आफूलाई गाह्रो लागेको विषयको नाम लेखेमा त्यो विषय पनि  सजिलो हुदै जाने भन्ने जनश्रुति रहेकोले यहाँ आएर विद्यार्थीहरुले गाह्रो विषयको नाम लेख्ने चलन अहिले पनि रहेको छ । यस्तै गरी यस सरस्वतीको पाउँको  ३ वा ७ दाना अक्षता खाएमा सरस्वतीले कण्ठमा वास वस्छिन् भन्ने भनाइले गर्दा यहाँ प्राय हरेक मानिस आएर अक्षता खाने गर्दछन् ।[९३] यो सरस्वती मन्दिरको वार्षिक गुठी पूजा  कीर्तिपुर राज्यबाट हुने गरेकाले यो मूर्ति इ सं १६०० मा कीर्तिपूर बाट स्थापीत भएको प्रमाणित हुन्छ । यस मन्दिरको पनि  पूजारी पोडे थरका मानिस रहदै आएका छन् ।

### ५,३ १. सरस्वती भोज (पूजा)

भोज भन्नाले फुर्सदको समयमा आफ्ना इष्टमित्र र साथी भाईहरुलाई वोलाई विभिन्न परिकार वनाई संयुक्त रुपमा खाने कार्यक्रमलाई भोज भन्ने गरिन्छ ।

वसन्त ऋतु शुरु भएको दिन वा श्रीपञ्चमीको दिन देखि यस श्री सरस्वती मन्दिरमा ठूलो भिड लाग्ने गर्दछ ।  यो दिनदेखि चैत्र महिना भित्रमा यहाँ विभिन्न ठाउँका मानिसहरु आई भोज खाने गर्दछन् ।  श्री पञ्चमीदेखि विद्याकी देवी सरस्वती यस मूर्तिमा प्रवेश गर्दछिन् भन्ने  भनाई यहाँ आउँने श्रदालूहरुको रहेका छ । त्यसैले परापुर्वकालदेखि नै  यहाँ यस १ महिना भित्रमा आफ्नो समय अनुकुल यस क्षेत्रका सात गाउँ बाहेक भक्तपुर, ललितपुर काठमाडौंका केही नेवार जातिहरु आई भोज गरी सरस्वती पुजा  गर्ने गर्दछन् । यसरी यहाँ आई

गरिने भोजलाई सरस्वती भोज पनि भन्ने चलन रहेको छ। खास गरी श्री पञ्चमीदेखि (पाँचरे) घोडेजात्राका दिन सम्म आफ्नो समय अनुकुल सातै गाउँबाट आफ्नो परम्परागत बाजाहरु ।(धाँः धिमे नामक बासुरी बाजा र अन्य वादनहरु आफ्नो गुठीहरु र बाजाघरबट आयोजना गरी सरस्वती मन्दिरमा आई पूजाआजा गरी मनोरञ्जनात्मक कार्यक्रम गरी आफन्त र साथी भाईहरुलाई बोलाएर खाने गर्दछन् । दिनभरि बिभिन्न कार्यक्रम गरी भोजखाई साँझमा सरस्वतीलाई बाजागाजा र आ-आफ्नो गाउँका मानिसहरु मिली नाचगान गर्दै तीन पल्ट परिक्रमा गरी घर फर्कने गर्दछन् । यो परम्परा सात गाँउको जात्राजस्तै प्राचीन हो भन्ने भनाई रहको छ । यस आधारमा पनि यो यस सरस्वती भोजले श्री विष्णुदेवी शक्तिपीठको महत्त्व दर्शाएको छ ।

## ५.४ उमामहेश्वर मूर्ति

शिवलाई पार्वती र परिवारका अन्य सदस्यसंग देखाइने मूर्तिलाई उमामहेश्वर मूर्ति भनिन्छ । यस प्रकारको मूर्तिमा शिवलाई सधै कैलाश पर्वतमा उमासँग एउटै वा आसन पृथक आसनमा बसेको देखाइन्छ । शिव र पार्वतीको श्रृंगारिक भाव दर्शाउन उमासँगै एउटै आसन वा पृथक आसनमा बसेको देखाइन्छ । शिव र पार्वतीको श्रृंगारिक भाव दर्शाउन उमामहेश्वरका केही फलकहरुमा शिवको काखमा पार्वतीलाई बसाएर शिवले अंगालो मारेर स्तन स्पर्श गरेको देखिन्छ । शिवले पार्वतीको काँधमा हात अड्याएको र पार्वतीले शिवको तिघ्रामा हात राखेको सुन्दर मूर्तिहरु पनि प्रशस्त मात्रामा काठमाडौं उपत्यकामा देख्न सकिन्छ । नेपालमा प्राचीनकालदेखि नै उमाहेश्वरका विभिन्न प्रकारका मूर्ति बनेको देखिन्छ । प्रथम खण्ड मूर्तिमा शिवलिङ्ग, शंख, चक्र, गङ्गा, दायाँ वायाँ सुर्य र चन्द्र परी, विघाधर, र रक्षक कुदिन्छ दोस्रो खण्डमा मूर्तिफलकको वीच भागमा शिव र पार्वतीको ढाड पछाडि बसेको नन्दीको गर्धन र जुरोसहितको टाउँको मात्र देखिन्छ । यसै खण्डमा शिव र पार्वतीको सेवक सेविका पनि देखिन्छ तेस्रो खण्डमा शिवपार्वती लगायत अन्य ३,५,६,९ गणहरु राख्ने चलन चलेको देखिन्छ ।[९४] यस आधारमा नेपालमा उमामहेश्वर मूर्तिफलकलाई वनावटको र गणहरुको आधारमा पनि समय निर्धारण गर्ने गरेको पाइन्छ । उमामहेश्वरको प्राचीन

---

[९३] स्थलगत भ्रमणमा देखिएको ।

[९४] पौड्याल, **पूर्ववत** (पादटिप्पणी सं ३४) पृ ८० ।

मूर्तिहरु शिव, पार्वती र नन्दी मात्र कुँदिएको छन् । उदाहरणको रुपमा पाटन सिकुवही उमामहेश्वर पाटन चामुण्डाका उमामहेश्वर, साँखु दुगहिटीको, उमामहेश्वर, चाँगुको उमामहेश्वर, पाटन कुम्भेश्वरको उमामहेश्वर, आदि पर्दछन् ।[९५] यी मूर्तिहरुलाई दोस्रो खण्डका उमामहेश्वरहरु मूर्ति अन्तर्गत राखिन्छन् । उमामहेश्वरको मूर्तिको कुरा गर्दा भारतमा वनाएको विभिन्न प्रकारका उमामहेश्वरका मूर्तिहरु नेपालमा भन्दा पछिका भएको र नेपालमा पाइने प्राचीन उमामहेश्वरका मूर्तिहरुलाई झण्डै इशाको दोस्रो शताब्दीसम्मको मानिएको छ ।[९६] यसबाट प्रष्ट हुन्छ कि नेपालका प्राचीन कलाकारलाई मन परेको कलाको विषयवस्तुमध्ये उमामहेश्वर मूर्तिफलकको पनि मुख्य स्थान रहेको थियो ।

उमामहेश्वर मूर्ति निमार्णसम्वन्धी विभिन्न प्रकारका विवरण र प्रतिमासास्त्रका ग्रन्थहरु दिइएको छ । जस अनुसार अंशुमदभेदागम मा शिवको देव्रेपट्टि ललितासन मुद्रामा बसेकी द्रिभुजी उमा हुने उनकै बायाँ हातमा नीलोत्पल फूल हुने देव्रे हातमा सिहकर्ण मुद्रामा रहने र सिधा बसेको हुने एवं देवीले मुकुट लगाएको हुनु पर्ने भन्ने चर्चा गरिएको छ ।[९७] यस प्रकारका मूर्ति नेपालमा निर्माण भएको पाइन्छ । पूर्णकारणागममा देवीको मूर्ति शिवको स्कन्दमा वनाउनु पर्ने विधान छ भने मत्स्यपूराणमा दुई वा चार वाहुका त्रिशुल र कमल लिने चर्चा पाइन्छ । उनकै बायाँपटि तिघ्रामा उमा रहने र उनले विभिन्न आभुषण लगाई शिवको मुहार हेरिरहेकी हुने विधान दिइएको छ ।[९८] नेपाली कला क्षेत्रमा प्राचीनकालदेखिनै विभिन्न धर्म अन्तर्गतका मूर्तिहरु वनेको पाइन्छ जसमध्ये शैव धर्मको विकासको कममा नेपाली कलाकारले सारै रुचाएर वनाएको मूर्ति मध्ये उमामहेश्वरको मूर्तिहरुको पर्दछ । काठमाडौं उपत्यकामा गल्ली ढुङ्गेधारा पाटीपौवा विभिन्न मन्दिरहरुमा जताततै उमामहेश्वर मूर्ति भेटिन्छन् जसमध्ये यस तीनथाना गा.वि.स. स्थित श्री विष्णुदेवी शक्ति क्षेत्रमा रहेको उमामहेश्वर मूर्तिलाई पनि, पुरातत्त्व विभागको अनुसन्धान अनुसार यहाँ रहेको उमा

---

[९५] **ऐजन**, पृ ५९-६० ।

[९६] वाङ्गदेल, **पूर्ववत**, (पादटिप्पणी सं ३६), पृ ९७ ।

[९७] क्षेत्री र खतिवडा, **पूर्ववत**, (पादटिप्पणी सं. ३१), पृ. ५९ ।

[९८] **ऐजन**, पृ ६० ।

महेश्वर मूर्तिलाई लिच्छविकालको भनि प्रमाणित गरेको थियो । [९९] यसको स्थलगत निरिक्षण श्यामसुन्दर राजवंशीले गरेका थिए । उक्त पत्र श्री विष्णुदेवी क्षेत्र संरक्षण तथा सुधार समाजको नाममा २०६०/१/२ मा पुरातत्त्व विभागले पठाएको थियो तर उक्त पत्र सम्वन्धित निकाएको हातमा नरहेको कुरा यसमा संलग्न व्यक्तिको रहेको छ । यस आधारमा प्रष्ट हुन्छ कि श्री विष्णुदेवी परिसरको पञ्चमुखी शिवलिङ्ग र सप्तमातृकाको प्राणगढमा रहेका यस उमाहेश्वर मूर्तिलाई लिच्छविकालको मानिन्छ ।

यो मूर्तिमा पनि नेपालमा बनेका दोस्रो खण्डका उमामहेश्वरमा हुने गरेको प्रतिमालक्षण कलाशैलीको छाप रहेको देखिन्छ । यस मूर्तिकलामा पनि अन्य गणहरुको समावेश भएको पाइदैन । यस तीनथाना गा.वि.स मा रहेको उमामहेश्वर मूर्तिको उचाई ३२ से.मी र चौडाई ३२ से.मी रहेको छ भने ७६ से.मी उचाई र ७७ से.मी चौडाई भएको सानो पर्खालमा यो मूर्ति राखिएको छ । यो मूर्ति पनि केही बर्ष अगाडि चोरी भएको थियो पछी खेतमा भेटिएपछि यहाँ यस अवस्थामा राखिएको हो ।

यस मूर्तिमा पार्वती शिवका काँखमा बसेकी छिन । पार्वतीको बायाँ हातमा आफ्नै घुँडामा अड्याएको देखिन्छ । मुखको पुरै भाग खिइएकोले केही देखिदैन । गलाको हार भने अली अली मात्र देख्न सकिन्छ । शिवले पार्वतीलाई काँखमा राखिचार हातमध्ये वायाँपट्टी एउटा आफ्नै घुँडामा राखेको र अर्को हातले त्रिशुल लिएको देखिन्छ भने दायाँपट्टी एउटा हात आफ्नै छातीमा राखेको र अर्को हातले रुद्राक्ष समातेको देख्न सकिन्छ । मुख पुरै खिइएकोले अनुहारको भाव वुझ्न सकिदैन, शिरमा मुकुट लगाएको छ । यस मूर्तिमा गणहरुको समावेश भएको छैन । पाटन सिकुवहीको मूर्ति जस्तै गरी शिवको पछाडि नन्दी कुँदिएको छ । शिवको गरगहना भने खिइएर केही चिनिदैन तर शिरको मुकुट भने प्रष्ट संग देख्न सकिन्छ ।

## ५.५ पार्वती

शैव धर्मअन्तर्गत रहेको देवदेवीको मूर्तिहरु नेपालमा प्रशस्त मात्रामा पाइन्छ । जस मध्ये महत्वपूर्ण मूर्तिहरुमा उमामहेश्वर र शिवलिङ्ग मानिन्छ । नेपालमा शिव पार्वतीको मूर्ति धेरै लोकप्रिय छन् यस्ता मूर्तिहरुमा शिव पार्वती स्थानक र आसन

---

[९९] पुरातत्व विभागको, (२०५९/१२/१८ को च. सं १७६० को पत्रअनुसार) ।

दुवै प्रकारका पाइएका छन् ।यसै गरी नेपालको मूर्ति धेरै लोकप्रिय छन् यस्ता मूर्तिहरुमा शिव पार्वती स्थानक र आसन दुवै प्रकारको पाईएका छन् । यसै गरी नेपालका कतिपय ठाउँमा शिव र पार्वती अलग अलग गरी बनाइएको मूर्ति पनि देख्न सकिन्छ । यसै परिप्रेक्षमा तीनथाना गा.वि.स स्थिन श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको पञ्चमुखी शिवलिङ्ग नजिकै उत्तर पश्चिम कुनामा रहेको एक नारी मूर्तिलाई पुरातत्त्व विभागले लिच्छविकालिन पार्वती मूर्ति हो भनेर किटान गरेको छ । [१००] तर समय भने तोकिएको छैन । सम्भवत यो स्त्रीमूर्ति पनि लगभग सप्तमातृका पञ्चमुखी शिवलिङ्ग जतिकै प्राचीन हुन सक्दछ । यस मूर्तिको वनावट शैली अति नै राम्रो देखिन्छ । यो स्त्री मूर्ति स्थानक मुद्रामा देखिन्छ । यो मूर्ति पनि यहाँको सरस्वती मूर्ति जस्तै अपाङ्ग अवस्थाम रहेको छ । यस मूर्तिको टाउँको काटिएको छ भने शरीर हृष्ट पुष्ट नै देखिन्छ । यस मूर्तिको अवस्था हेर्दा जो कोहीको मन विक्षिप्त भएर आउँछ । यस मूर्तिको घाँटी र टाउँकोको भाग केही बर्ष अगाडि चोरी भएको भने भनाई केही यहाँका स्थानीय बासिन्दाहरुको रहेको छ भने नयाँ नैकाप गा.वि.स वडा नं ५ का स्थानिय बासिन्दा जितवहादुर महर्जन (वर्ष ७०) को भनाई अनुसार यो मूर्तिको प्राचीनकालदेखिनै यस्तै अवस्थाको थियो । उहाँले यो चामुण्डाको मूर्ति हो भनेर ठहर गर्नुभएको छ । यस क्षेत्रलाई चामुण्डा चल नामले चिनिएको छ र मूर्ति चामुण्डाको हो कि भन्न सकिन्छ । जे होस यो मूर्ति प्राचीन स्त्री मूर्ति हो भने कुरामा कुनै शंका छैन ।

इन्द्रायणी जात्राको शुरुको होम होमादी बल्खुको श्री विष्णुदेवी शक्तिपीठमा गरिन्छ । यस स्थानका प्राचीन स्वरुप प्रमाणित गर्नको लागि लिच्छविकालिन सप्तमातृका, पञ्चमुखी शिवलिङ्ग र अन्य स्त्री मूर्तिबाट थाहा पाउन सकिन्छ ।[१०१] यस आधारमा यहाँ स्त्री मूर्ति भएका थाहा पाउन सकिन्छ । यस पार्वती मूर्तिको उचाई ४७ से.मि र चौडाई २८ से.मि रहेको छ । यो मूर्ति दोहोरो कमलाशनमाथि स्थानक अवस्थामा देखिन्छ । यस मूर्तिको दायाँ खुट्टा खण्डित अवस्थामा छ भने

---

[ज्ञण्ण] **ऐजन ।**

[ज्ञण्ज्ञ] शुक्रसागर श्रेष्ठ, **कीर्तिपुरको पुरातात्विक इतिहास,** (कीर्तिपुरः ने ए अ, केन्द्र, त्रि.वि., वि.सं २०५७), पृ ५५ ।

वायाँ खुट्टा ठिकै रहेको छ । तिघ्रा र पिडुल्लाको भाग निकै राम्रो देखिन्छ छिनेको कम्मर, पुष्ठ स्तन, गलामा हार , पारदर्शी कपडा, धोतिको मुजा, खुट्टासम्म लत्रेको देख्न सकिन्छ । वायाँ हातमा केही समातेको र दायाँ हात वरद मुद्रामा रहेको छ । यस मूर्तिलाई लिच्छविकालीन कलाका अविस्मरणीय नमुनाको रुपमा लिन सकिन्छ ।

**५.६ पापधर्मको द्वार**

हाम्रो समाज धार्मिक भावनाले प्रेरित समाज हो । अरुको भलो हुने काम गर्ने, नराम्रो काम नगर्ने सबैलाईं सामान व्यवहार गर्ने, जस्ता व्यक्तिलाई धार्मिक व्यक्ति भनेर चिनिन्छ । यस्तै गरी प्राचीनसमयमा मानिसहरुको व्यवहार थाहा पाउन विभिन्न माध्यमद्धारा जाँच गर्ने गरेको पाइन्छ । यसै क्रममा तीनथानास्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा एउटा पाप धर्मको द्वार रहेको छ । जुन १ मि ४२ से मी लम्वाई रहेको छ । यहाँ ढोका जस्तो २ वटा ठूला ढुंगा रहेको छ । ति २ ढुंगाको विचमा २४ से.मि खाली रहेको छ । त्यही उक्त खाली ठाउँबाट जो सजिलैसंग छिर्छ उ धर्मात्मा र जो छिर्न सक्दैन उ पापी व्यक्ति हो भनेर छुट्याउन सकिन्छ भन्ने जनधारणा रहेको छ । यहाँको स्थानिय बासिन्दाको भनाई अनुसार यदी पापी व्यक्ति छ भने उ एकदमै पातलो भएपनि छिर्न नसकेको देखेको र धर्मात्मा चाँही मोटो भएपनि छिरेको देखेका थिए ।

प्राचीन समयदेखि नै रही आएको यो द्वार प्राकृतिक रुपमा रहेका छ । यो ठूलो एउटै चट्टानबाट वनेको देखिन्छ । यहाँ कुनै पनि प्रकारको अभिलेख पाइदैन । यहाँको स्थानिय बुढापाकाको भनाई अनुसार परापूर्वकालदेखि नै रहेको कुरा बताएका छन् । अहिले पनि मानिसहरु यहाँ आई यस द्वारमा छिर्ने गरेको देखिन्छ । त्यसैले यो पाप धर्मको द्वार यस क्षेत्रकै महत्वपूर्ण प्राचीन अवशेषको रुपमा लिन सकिन्छ । यस्तो द्वार राख्नुको मुख्य उद्देश्य कसैले पनि नराम्रो काम नगरुन भन्ने उद्देश्यले प्राचीनकालका मानिसहरुले ठूलो ढुङ्गालाई विचमा काटेर वनाएको हुन सक्दछ । यसको आफ्नो किसिमको अस्तित्त्व रहेको छ । यस पाप धर्मको द्वार ढुङ्गा ठूलो चट्टान टुकिएर २ टुका भएको जस्तो विसाल विसाल ढुंगाको विचमा द्वार रहेको छ यस द्वार रहेको ठाउँमा बल्खुखोलादेखि नै एउटै चट्टान रहको छ । उक्त चट्टानको भिरमा यो द्वार

रहेका छ । जसमा तीन पल्ट सम्म सजिलैसँग छिरेर निस्केमा उ धर्मात्मा हुन्छ भन्ने धारणा रहेको देखिन्छ ।

## ५.७ उत्तरगया नदी

सभ्यताको थालनी मानिसहरुको विकासको शुरुवात नदीको किनाराबाट भएको हामीलाई थाहा नै छ । त्यस्तै गरी यस विष्णुदेवी शक्तिपीठ क्षेत्र वरिपरी पनि प्राचीनकालदेखि नै मानवस्ती भएको कुरा यहाँका प्राचीन अवशेषहरुबाट थाहा पाउन सकिन्छ । हाम्रो समाजमा नदीलाई विभिन्न रुपमा मान्दै आएको पाइन्छ । यसै आधारमा श्री विष्णुदेवी परीसरमा रहेको पवित्र नदीलाई नेपालका धामहरुमध्ये एक पवित्रधामको रुपमा लिएर यहाँ विभिन्न देवकार्य पितृकार्य गर्दै आएको देखिन्छ । यस नदीमा ठाडो खोला (इच्छुमती) बल्खुखोला (इन्द्रमती) को संगम रहको छ । जुन नदी मिसिएर उत्तरतर्फ वहने हुनाले यस नदीलाई उत्तरगया नदी भन्ने गरेको पाइन्छ । यो नदी टेकुदोभान नजिकै बागमतीमा मिसिने गर्दछ । यस नदीमा देवमती, भस्मावती, स्वर्णधारा, जस्ता नदीको संगम स्थल इन्द्रमती नदी भएकोले यस नदीले पौराणीक महत्त्व बोकेको छ । काठमाडौंको पश्चिमी भेगबाट बगेर श्री विष्णुदेवी मन्दिरलाई परिक्रमा गरेर इन्द्रदह मातातीर्थकुण्ड, मत्स्यनारायणकुण्ड, नवधाराजस्ता पवित्र जलले यो नदी बग्ने गरेका छ ।[१०२] जसले गर्दा यस नदीको धार्मिक गौरव बढाएको छ । यो नदी पवित्र नदी भएकोले नै यहाँ चिहान, अन्त्येष्टिघाट, ब्रम्हनाल रहेको पाइन्छ ।

यहाँका बुढापाकाका भनाई अनुसार यस नदीमा चम्पादेवी घोडा चढेर यहाँ स्नान गर्न आउने गर्दथिन भन्ने भनाई रहेको छ । विहानपख करिब ३-४ बजेतिर चम्पादेवी यहाँ आइ पञ्चमुखी शिवलिङ्गको उतरतर्फ दिशामा रहेको मौलोमा घोडा बाँधी यस उतर गया नदीमा स्नान गरी विष्णुदेवीको दर्शन गरी फर्कने गर्दथिन भन्ने भनाई रहेका छ । त्यसैले यस नदी पवित्र नदी हो भन्ने कुरा चम्पादेवीले स्नान गर्ने गरेका कुराबाट प्रष्ट थाहा पाउन सकिन्छ ।

यस नदीमा माघे संक्रान्ती, जनै पूर्णिमा, कुशे औंशी तथा नवरथामा यहाँ आई देवकार्य र पितृ कार्य समय अनुसार गर्ने गर्दछन् । यस नदीमा प्राचीन समयदेखि नै पैसा (टक) पाउने गरेकोले यहाँ पैसा खोज्ने मानिसहरु पनि

---

[१०२] गौरीप्रसाद दवाडी, **पश्चिमी सेरोफेरोमा रहेका अति प्राचिन स्थलहरु,** (काठमाडौं: विष्णुदेवी संरक्षण तथा सुधार समाज, वि.सं. २०६४), पृ. ८२ ।

अहिले पनि देखिन्छ । वि.सं २०३२ सालतिर यहाँ लिच्छविकाल र मल्ल कालका निकै मुद्राहरु फेला परेको थिए तर ति पैसा घर लानु हुँदैन भन्ने धारणा रहेको थियो । यसै वेलादेखि यस नदी पैसा पाइने नदीको रुपमा चिनिदै आएको छ । यहाँ पैसा खोज्न टाढा टाढाका मानिसहरु पनि आउने गर्दथे । अहिले पनि यस क्षेत्रमा पैसा पाइन्छ भन्ने भनाई रहेको छ । यस्ता विभिन्न कारणले यस बल्खुखोला पवित्र नदीको रुपमा लिन सकिन्छ । अहिले आएर यो नदीलाई बल्खु खोला नामले चिनिने गरिन्छ ।

## ५.८ नारद गुफा

प्राकृतिक स्थल जहाँ चट्टानलाई फुटाएर वा प्राकृतिक कारणले नै वनाएको चट्टानका ककारोलाई गुफा भनिन्छ जहाँ प्राचीन मानवहरुले बसोबास गरी आफ्नो जीवनयापन गरी आजको स्थितिमा हामी पुगेका छौं । यस्तो स्थानमा नारदले तपस्या गरेको थिए ।[१०३]

शिवपुराणको रुद्रसंहिता सृष्टि खण्डमा नारदलाई काम विषयबाट अहंकार उत्पन्न हुन गएको वर्णन गरेको छ । नारदममुनीले एकपल्ट हिमालयको दिब्य आश्रमबाट तपस्या गर्न आरम्भ गरेका थिए ।[१०४] यसरी हिमालयको दिब्य आश्रमबाट तपस्या शुरु भई विभिन्न ठाउँहुदै यस श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा आई यहाँको ढुङ्गाको गल्छीमा तपस्या गरेका थिए जुन गुफा नारदमुनि गुफाको नामले चिन्निन्छ । यो गुफा हेर्दा प्राकृतिक नै देखिन्छ । यस गुफामा नारदमुनिले तपस्या गरेका थिए भन्ने भनाई स्थानीय वुढापाकाहरुको रहेको छ । ढुंगाको ककारोमा रहेका यो गुफा जानको लागि विभिन्न कारणले गर्दा बाटो अप्ठ्यारो हुँदै गएको छ । पापधर्मको द्वार भन्ने ढुङ्गा नजिकै यो गुफा रहेकोले यही निर नारदमुनिको मूर्ति सहितको मन्दिर श्री विष्णुदेवी मन्दिर सुधार समितीले २०५७ सालमा स्थापना गरेको हो । ऋषीमूनि नारदको तपस्यास्थल यही हो भनेर भक्तजनहरुले पुजाआजा गर्न पनि जान सक्ने स्थितिमा छैन यसको अन्वेषण गरी प्रकाशनमा ल्याउनु नितान्त आवश्यक छ ।

यसरी श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रमा विभिन्न प्राचीन मूर्तिहरु र अन्य महत्त्व बोकेका स्थलहरु रहेको पाइन्छ ।

---

[ज्ञण्घ] रेवतरिमणान्द श्रेष्ठ , **भगवान शंकर,** (काठमाडौः रा.प्रं प्र. वि. सं. २०४५), पृ. ३८३ ।

[१०४] **ऐजन** ।

## उपसंहार

तीनथानास्थित शक्तिपीठमा रहेका कतिपय प्राचीन मूर्तिहरू चोरी भइसकेका छन् भने बाँकी रहेका प्राचीन मूर्तिहरु पनि अपाङ्ग अवस्थामा देखिन्छ । यस क्षेत्रमा रहेका प्राचीन मूर्तिहरु संरक्षण सम्वर्धनको अभावमा रहेका छन् । यि मूर्तिहरु इसाको दोस्रो शताब्दी देखि सत्रौ शताब्दीसम्मका पाइएका छन् । यस क्षेत्रमा बग्ने बल्खुखोला उत्तरगया धामले प्रशिद्ध रहेको छ । यही पवित्रधामले गर्दा यस शक्तिपीठमा अन्त्यष्टिघाट पनि रहेको छ । यस क्षेत्रको विभिन्न प्राकृतिक गुफा र चट्टानले गर्दा यहाँको महत्व अझ बढ्न गएको हो ।

# छैठौं- अध्याय

## उपसंहार तथा सुझाव

प्रस्तुत अध्ययन क्षेत्र तीनथाना गाँउ विकास समितिस्थिती श्री विष्णुदेवी शक्तिपीठ वागमती अञ्चल काठ्माडौं जिल्लामा पर्ने एउटा गाउँ हो । यो गाउँ शहीदगेटबाट करिब ५ कि.मी दक्षिण तर्फ ५ की.मी दक्षिण पश्चिमतर्फ कलङ्की चक्रपथ देखी ५०० मि दक्षिणतर्फ पर्दछ । यो गाउँको उत्तरी अक्षाँस २७$^{0}$ ४२. र उत्तरी देशान्तर ८५.२० रहेको छ भने पूर्वमा समुद्री सतहदेखि १,३५० मि ( ४४५०फिट) उचाइमा रहेको छ । यस तीनथाना गा.वि स.को चारैतर्फ सीमानामा पूर्वमा कीर्तिपुर नगरपालिकाको वडा न १७, पश्चिममा नयाँ नैकाप गा.वि.स उत्तरमा काठमाडौ महानगरपालिका वडा नं १४, दक्षिणमा कीर्तिपुर न.पा १९ र मच्छेगाउँ र सतुंगल गा.वि.स. सँग सीमा जोडिएको छ । काठमाडौं जिल्लामा रहेका अन्य गाउँहरुमध्ये तीनथाना गा.वि.स पनि सामाजिक, सांस्कृतिक, धार्मिक आदि क्षेत्र विशिष्ट रुपले चिनिदै आएको छ । यस क्षेत्रमा अति प्राचीनकालदेखि नै मानव वस्ती भएको तथ्य विभिन्न पुराण, वंशावली आदि, ग्रन्थ र स्थानीय जनश्रृतीको साथै यहाँ गरिने विभिन्न परम्परागत, चाडपर्व, र जात्रा आदिको आधारमा प्रष्ट हुन आउँछ । त्यस्तै पुरातात्विक वस्तुहरुको विश्लेषण गर्दा यहाँको सामाजिक विकासलाई प्राचीनकाल सम्म जोड्न सकिन्छ ।

नेपाललाई चारवर्ण छत्तिस जातको फूलवारी मानिन्छ । यस गा.वि.स मा पनि विभिन्न जातजातिको वसोवास भएको पाइन्छ । जस्तै ब्राह्मण, क्षेत्री, मगर, राई नेवार आदि । यहाँ जनसंख्याको हिसावमा क्षेत्रीहरुको बसोबास बढी रहेको छ । यस गा.वि.स का मानिसहरुमा धार्मिक सहिष्णुताको भावना रहेको पाइन्छ । यस तीनथानास्थित श्री विष्णुदेवी परिसरमा रहेका पुरातात्विक महत्त्व बोकेका विभिन्न मन्दिर ए.वं मूर्तिहरु को आधारमा यस ठाउँलाई कलाको अद्धित्तीय नमुनाको रुपमा लिन सकिन्छ । यि मूर्तिहरु इसाको दोस्रो शताव्दी देखि लिएर सोह्रौ सत्रौ शताव्दी सम्मको पनि पाइएको छ । यस क्षेत्रमा रहेका मूर्ति र

मन्दिरहरुलाई  धार्मिक दृष्टिकोणबाट मात्र महत्त्व  दिएको पाइन्छ तर यहाँका मानिसहरु कला सांस्कृतिक र पुरातात्विक महत्त्वबाट अनविज्ञ भएको नै देखिन्छ । यहाँको भौगोलिक वनौट, प्राकृतिक सौन्दर्यता उच्चतम सुन्दर पर्वतीय शृङखलाको वनोटको दृश्य, नदीको संगम, नदी सम्मुख भई अर्धचन्द्रकाररुपको परिक्रमा गरेका आदिले यो क्षेत्र महत्वपूर्ण रहको छ । यहाँ परम्परागत रुपमा गर्दै आएको अन्त्यष्टी घाटले गर्दा यो क्षेत्र पवित्र क्षेत्र थियो भन्ने देखिन्छ । यस वरिपरीका क्षेत्रमा मानव बस्ती थियो र ती मानववस्तीले  परिपूर्ण थिए भन्ने कुराको  अनुमान गर्न  सकिन्छ । यहाँको कतिपय महत्वपूर्ण पुरातात्विक र ऐतिहासिक बस्तुहरुको सुरक्षाको अभावले आज हामी भग्नावशेष मात्र देख्न सक्दछौं । यस्ता स्थलहरु कतिपय पूर्णरुपमा नासिएर नयाँ रुपका बने भने कतिपय  आर्थिक  अभावको कारणले जीर्णोद्वार पनि भएका छैन ।  यस तीनथानामा रहेका सप्तमातृका अन्तर्गत कौमारी, वैष्णवी र वाराही एउटा सानो पर्खालमा खोपा जस्तो वनाएर त्यतिकै राखिएको छ । यो हामी सवैको सम्पती हो भन्ने कुराको भावना कसैमा  पनि नदेखिएकोले दिन प्रतिदिन यसको स्वरुपमा ह्रास आई  खालि शिला मात्र रहने स्थितिमा छ । यस्तै अर्को महत्त्वपुर्ण अवशेषको रुपमा यहाँ रहेको पञ्चमुखी शिवलिङ्ग हो, जुन इसाको चौथो शताव्दीमा निमार्ण भएको थियो । यस शिवलिङ्गको पनि उचित संरक्षणको अभावले मूर्तिको कुनै पनि भाग  राम्ररी छुट्याउन सकिदैन । असुरक्षाको कारणले गर्दा यहाँको इ.सं १६०० मा निर्माण भएको सरस्वतीको पादपीठ माथिको भाग चोरी भएको थियो । यो मूर्ति पनि खुल्ला पर्खालमा राखिएको थियो । यहाँको अर्को महत्वपूर्ण  मूर्ति उमामहेश्वर र पार्वतीको मूर्ति हो जुन  प्राचीन मूर्ति हो भनेर किटान गरेपनि यसको कुनै प्रकारको संरक्षण भएको देखिदैन । यस्तै श्री विष्णुदेवी शक्तिपीठमा रहेको सिंह सिहीनी पनि टुका टुका  अवस्थामा छन् । यस मन्दिर क्षेत्रमा रहेका पाटीपौवाहरु पनि उचित रेखदेख र संरक्षणको अभावले गर्दा विनास हुन गएका छन् । हाल ती पाटीपौवाको बारेमा कथन मात्र सुनिन्छ । यस तीनथानाको विष्णुदेवी शक्तिपीठमा  मनाइने  सातगाउँको जात्राको लागि  छुट्याइएको गुठी जग्गाहरु निजीकरण गरी  बेचविखन भएका छन् । जसले गर्दा  विष्णुदेवी गुठीका जग्गाहरु कम हुँदै गएका छन् । यस्तो  कार्य बढ्दै जाने हो भने आगामी केही

वर्षमा यो जात्रा मनाउने परम्परा पनि हटेर जाने अवस्थामा रहेको छ ।

यस प्रकार यस अध्ययन क्षेत्रमा उपरोक्त पुरातात्विक स्थल, अवशेष र जात्राहरुको निकै महत्त्व रहेतापनि उचित हेरविचार र संरक्षणको अभावले गर्दा त्यतिकै रहेको छ । यसले गर्दा यहाँको पुरातात्विक महत्त्वका स्थल तथा अवशेषहरु प्राय: जीर्ण अवस्थामा रहेको छ ।

उपरोक्त तीनथाना गा.वि.स स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्र धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण स्थान भएकाले पुरातात्विक महत्त्वका अवशेषहरुलगायत यस स्थानको अध्ययनले नेपालको धार्मिक एवंम सांस्कृतिक इतिहासको अन्वेषणमा विशिष्ट महत्त्व राख्दछ । यो अध्ययन गरिएको पुरातात्विक महत्त्वका मूर्ति, नदी, गुफा, पापधर्मको द्वार र जात्रा आदिको संरक्षण र सम्वर्धनको सम्वन्धमा के भन्न सकिन्छ भने नेपाल सरकार र सम्वन्धित निकाय एवं संघ सस्थाहरुले महत्त्वपूर्ण ऐतिहासिक पुरातात्विक स्थलहरु र मूर्तिहरुलाई राष्ट्रिय सम्पदा घोषित गरी ती स्थानको वैज्ञानिक अन्वेषण तथा उत्खनन गरी प्राप्त भएका र रहिरहेका सांस्कृतिक सम्पतिहरुलाई बैज्ञानिक तरिकाले संरक्षण सम्वर्धन गर्नुको साथै चोरीहुनसक्ने स्थितिबाट तिनीहरुलाई जोगाएर राख्नु पर्ने टड्कारो आवश्यकता छ । साथै सातगाउँको जात्रा गुठीमा रहेको जग्गाहरुलाई नीजिकरण गर्न नदिई जात्रा परम्परालाई जोगाउनु पर्ने पनि अर्को महत्वपुर्ण कामको रुपमा लिनु पर्दछ । यहाँको पवित्र मानिने उत्तरगया धाम भनिने इन्द्रमती र इच्छुमती नदीको दोभानलाई फोहोर मैला हुनबाट बचाउन पनि नितान्त आवश्यक रहेको छ । साथै स्थानीय जनमानसमा माथि उल्लेखित पुरातात्विक महत्त्वका स्थलहरुको ऐतिहासिक एवंम पुरातात्विक महत्त्वको बारेमा जानकारी दिनु पनि अति नै आवश्यक रहेको छ । यहाँ रहेका कतिपय प्राचीन अवशेषहरु उचित संरक्षणको अभावमा आफ्नो मौलिक स्वरुप पनि गुमाइसकेका छन् । यसरी विनास भएर जाने हो भने, भोलिका दिनहरुमा धार्मिक दृष्टिले अन्धकारमय हुन जाने डरलाग्दो सम्भावना पनि रहेको छ । यसो हुनबाट रोक्न सम्वन्धित क्षेत्रको चासो अति आवश्यक रहेको छ । यस अध्ययनबाट तीनथाना गा.वि.स स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्र प्राचिनकाल देखि नै एउटा छुट्टै इतिहास र संस्कृति बोकेर आएको छ । यहाँ पाइएको विभिन्न कलाकृति, अवशेष र यहाँ मनाइएको

जात्राको प्राचीन परम्परा चलिआएको रीति र संस्कृत, धार्मिक अवस्थाको बारेमा परम्परागत अध्ययन गर्न सहयोग पुग्न जाने कुरालाई नकार्न सकिदैन ।

अन्त्यमा यस तीनथाना स्थित श्री विष्णुदेवी शक्तिपीठ क्षेत्रको सांस्कृतिक अध्ययन नामक शीर्षक रहेको शोधपत्रले नेपाली धर्म, सांस्कृतिक एवं कलाको बारेमा अध्ययन अनुसन्धानमा केही मात्रामा भए पनि सहयोग होस् भन्ने विश्वास लिइएको छु ।